










# प्रतापपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## नवलपरासी (बर्दघाट सुस्ता पश्चीम)

## लुम्बिनी प्रदेश, नेपाल

# पहिलो आवधिक विकास योजना

आर्थिक वर्ष (२०७८/७९–२०८२/८३)



## शुभकामना मन्तब्य

नेपाल सरकारले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य, अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष रहेका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौताको आधारमा आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्मको लागि राष्ट्रिय आकांक्षा "समृद्ध नेपाल, सुखी नेपाली" को अवधारणा अनुसार पन्ध्रौं पञ्चवर्षीय योजना तयार गरेको छ । लुम्बिनी प्रदेश सरकारले पनि प्रदेशको प्रथम पञ्चवर्षीय योजना प्रदेशका नागरिकका विकासको चाहना, निर्वाचित जनप्रतिनिधि, विज्ञ तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र प्रदेश सरकारले घोषणा गरेका नीति तथा कार्यक्रमहरूलाई आधार मानेर तयार गरेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्देशित गरेबमोजिम हरेक पालिकाहरुले पनि आवधिक योजना तर्जुमा गरी योजनाबद्ध विकासको मार्ग प्रशस्त गरेको छ ।

प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनीको आर्थिक सहयोग र Bright Future Consultancy को प्राविधिक सहयोगमा प्रतापपुर गाउँपालिकाले प्रथम आवधिक योजना (आ.व. २०७८/७९-२०८२/८३) तर्जुमा गरी प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनीमा पेश भएको छ । Covid-19 महामारीको असहज परिस्थितिमा पनि कार्य क्षेत्रमा खटेर कुशलता पूर्वक समयमा नै काम सम्पन्न गरेकोले सेवा प्रदायक संस्था लाई धन्यवाद दिन चाहन्छु। आउँदा दिनमा पनि यसैगरी जिम्मेवारी र दायित्व पुरा गर्ने थप प्रेरणा र उत्साह रहनेछ भन्ने विश्वास लिएको छु। "प्रतापपुरको चाहना, शान्त, समृद्ध र समतामुलक समाजको स्थापना" दीर्घकालीन सोच राखेको यस पाँच वर्षे आवधिक योजनाले लिएका लक्ष्य, उद्धेश्य तथा प्रतिफल पूरा गर्न सोहि अनुरुप वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्न गाउँपालिकालाई दिशा निर्देश गर्नेछ।

अन्त्यमा यस आवधिक योजना निर्माणका सन्दर्भमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने वा प्रदायक संस्था, त्यस संग सम्बन्धित विषय विज्ञहरु, गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सवै जनप्रतिनिधि तथा कर्मचारी साथीहरु, अन्य सरोकारवाला साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक आभार प्रकट गर्दछु । प्रकाशित टिप्पणी एवं राय सुझाव नै मार्गदर्शन एवं निरन्तरता दिने प्रमुख स्रोत हुनेछ र योजनाबद्ध विकास निर्माण कार्यमा प्रतापपुर गाउँपालिका अगाडी बढ्नेछ भन्ने विस्वास राख्दै प्रतापपुर गाँउपालिकाको प्रथम आवधिक योजना तयार गर्नुहुने सम्पुर्णमा स-धन्यवाद सहित शुभकामना व्यक्त गर्न चाहन्छु ।

मोति प्रसाद शर्मा
कार्यकारी निर्देशक
प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी

मोति प्रसाद शर्मा
(कार्यकारी निर्देशक

**प्रतापपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बेलाटारी**
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता-पश्चिम)

**मन्तव्य**

सबै तहका सरकारहरूका लागि योजनाबद्ध विकास अनिवार्य सर्त हो र नेपालमा योजनाबद्ध विकासको थालनी वि.सं. २०१३ सालदेखि भएको हो । विगतमा केन्द्रिय योजना मात्र बन्ने गरेकोमा संघीय शासन व्यवस्थाको सुरुवात पछि प्रदेश र स्थानीय सरकारहरूले पनि आवधिक योजना तर्जुमा गर्नु अपरिहार्य भएको छ ।त्यसै अनुरुप लुम्बिनी प्रदेश सरकारले पनि प्रथम आवधिक योजना सार्वजनिक गरिसकेको छ। दीर्घकालिन राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली" र लुम्बिनी प्रदेशको दीर्घकालिन सोच "समृद्ध प्रदेश: खुशी जनता" लाई समेत साकार बनाउन प्रतापपुर गाउँपालिकाले "**प्रतापपुरको चाहना, शान्त, समृद्ध र समतामूलक समाजको स्थापना**" दीर्घकालिन सोच राखी प्रथम आवधिक योंजना (आर्थिक वर्ष २०७८/०७९–२०८२/०८३) तर्जुमा गरि प्रकाशनमा ल्याएको छ । यस पाँच वर्षे आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्यहरू तथा प्रतिफल पुरा गर्न वार्षिक नीति तथा कार्यक्रम तय गर्न दिशानिर्देश गर्नेछ।

यस योजना तर्जुमा प्रक्रियामा निरन्तर सहभागी भई आफ्नो सुझाव तथा समय दिनुहुने गाउँपालिका सबै वडाअध्यक्षज्युहरु, विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत श्री भेषराज खनालज्यू, सूचना अधिकारी श्री चक्रपाणी भण्डारीज्यू, सबै वडा सचिवहरु एवम् अन्य कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दछु

आवधिक विकास योजना निर्माणमा गरेको सहयोग प्रति प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश र परामर्श संस्थाका टोली नेता श्री बसन्त राज गौतम लगायत विषय विज्ञज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै यस योजना तर्जुमा कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर-सरकारी संघ-संस्थाहरू, लगायत सबै सरोकारवालाहरूप्रति कृतज्ञ छौं

अन्त्यमा, नतिजामा आधारित यस योजना दस्तावेज मस्यौदालाई गाउँपालिकाले स्वीकार गरी कार्यान्वयनमा ल्याउने विश्वास व्यक्त गर्दछौं ।

अन्जु कुमारी चौधरी
कार्यबाहक अध्यक्ष
मितिः २०७८/०३/२०

**प्रतापपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बेलाटारी**
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता-पश्चिम)

**मन्तव्य**

स्थानीय सरकारको समस्त विकासको निमित्त रणनीतिक/आवधिक, एकीकृत एवं क्षेत्रगत तर्जुमा गरी कार्यान्वयन गर्न जरुरी थियो । यसै आवश्यकताको बोध गरी यस गाउँपालिकाको लागि नतिजामा आधारित यो प्रथम आवधिक विकास योजना तयार गरिएको छ। यसको प्रभावकारी कार्यान्वयन मार्फत यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा सुधार भई जनताको जीवनस्तरमा सुधार हुने अपेक्षा गरिएको छ। गाउँपालिकाको समग्र जनप्रतिनिधी, राजनीतिक दल, नीजि क्षेत्र गाउँपालिकाका समग्र सरोकारवालाको सहभागितामा आवधिक विकास योजना तयार गरिएको हो । हाम्रो सम्भावनाको आधारमा गाउँपालिकाको समृद्धि हासिल गर्न "**प्रतापपुरको चाहना, शान्त, समृद्ध र समतामूलक समाजको स्थापना**" दीर्घकालीन सोच निर्धारण गरिएको छ । यस योजनाको कार्यान्वयनबाट "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय सोच एवं "समृद्ध प्रदेश: खुशी जनता" बनाउने लुम्बिनी प्रदेशको सोचलाई टेवा पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, गाउँपालिकाको विकासको मार्गदशर्नको रुपमा तयार भएको यो आवधिक विकास योजना तयारी कार्यमा सहभागी भइ योगदान गर्नु हुने सम्पूर्ण जनप्रतिनिधिहरू तथा सरोकारवाला निकायहरू, गाउँपालिकाका कर्मचारीहरू र संघ संस्थाहरू तथा परामर्शदाताहरूको परिश्रम र योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

(भेषराज खनाल)
प्रमुख प्रशासकीय अधिकृत


प्रतापपुर गाउपालिकाको भू-उपयोग नक्शा
N
S
E
W
Legend
Bridge
Minor Road
Major Road
Stream
Ward Boundary
Canal
Pond
Settlement
Brick industrial
Agriculture
Forest
Gandak Canal
Triveni Road
Triveni Road
1
2
3
4
5
6
7
8
9
0
1,250
2,500
5,000
Meters
83 43'0"E
83 44'0"E
83 45'0"E
83 46'0"E
83 47'0"E
83 48'0"E
83 49'0"E
83 50'0"E
83 51'0"E
83 52'0"E
27 29'0"N
27 28'0"N
27 27'0"N
27 26'0"N
27 25'0"N
27 24'0"N
27 23'0"N

# विषयसूची

परिच्छेद एकः परिचय ....................................... १
१.१ पृष्ठभूमि ....................................... १
१.२ प्रतापपुर गाउँपालिकाको वस्तुस्थिति विवरण ....................................... २
१.३ गाउँपालिका समृद्धिको आधार ....................................... ४
१.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु ....................................... ७
१.५ योजना तर्जुमा विधि ....................................... ७
परिच्छेद दुईः विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण ....................................... ११
२.१ आर्थिक ....................................... ११
२.२ सामाजिक ....................................... १२
२.३ भौतिक पूर्वाधार ....................................... १३
२.४ बन, वातावरण तथा विपद् व्यवस्थापन ....................................... १४
२.५ संस्थागत विकास र सुशासन ....................................... १४
२.६ बजेट विश्लेषण ....................................... १५
परिच्छेद तीनः योजना खाका ....................................... १६
३.१ पृष्ठभूमि ....................................... १६
३.२ अवसर र चुनौती ....................................... १६
३.३ दिगो विकासका लक्ष्यहरु सँग आवधिक योजनाको तादम्यता ....................................... १८
३.४ राष्ट्रिय पन्ध्रौं योजनाको सोच ....................................... १८
३.५ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य ....................................... १९
३.६ गाउँपालिकाको दीर्घकालीन सोच ....................................... २०
३.७ गाउँपालिकाको लक्ष्य ....................................... २१
३.८ स्थानीय तहका विकासको उद्देश्यहरु ....................................... २१
३.९ परिमाणात्मक लक्ष्य ....................................... २१
३.१० प्रमुख रणनीति, कार्यनीति ....................................... २२

परिच्छेद चार : आर्थिक विकास ........ २४
४.१. कृषि विकास ........ २४
४.२. सिँचाइ विकास ........ २९
४.३. पशुपन्छी विकास ........ ३१
४.४. घरेलु तथा साना उद्योग ........ ३४
४.५. पर्यटन विकास ........ ३६
४.६. बैंकिङ सेवा बिस्तार तथा सहकारी विकास ........ ३९
४.७ उद्यमशिलता र रोजगारी प्रवर्द्धन ........ ४१
परिच्छेद पाँचः सामाजिक विकास ........ ४३
५.१ शिक्षा ........ ४३
५.२. स्वास्थ्य तथा पोषण ........ ४७
५.३. महिला तथा बालबालिका ........ ५१
५.४. जेष्ठ नागरिक ........ ५४
५.५ दलित, उत्पीडित, वर्ग उत्थान ........ ५६
५.६ आदिवासी जनजाति विकास ........ ५८
५.७.बाल अधिकार तथा बाल संरक्षण ........ ६०
५.८ युवा तथा खेलकुद ........ ६१
५.९ अपांगता भएका व्यक्ति विकास कार्यक्रम ........ ६४
५.१० खानेपानी तथा सरसफाई ........ ६६
५.११ सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन ........ ६९
परिच्छेद छः भौतिक पूर्वाधार विकास ........ ७२
६.१ सडक तथा यातायात क्षेत्र ........ ७२
६.२ सञ्चार तथा सुचना प्रविधि पूर्वाधार ........ ७४
६.३ विद्युत तथा उर्जा ........ ७७
६.४ भवन तथा बस्ती विकास ........ ७९
परिच्छेद सातः वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन ........ ८१

७.१ वन विकास तथा वातावरण संरक्षण ........ ८१
७.२ विपद् व्यवस्थापन ........ ८४
परिच्छेद आठः संस्थागत विकास तथा सुशासन ........ ८७
८.१ संस्थागत सुशासन तथा क्षमता विकास ........ ८७
८.२ सामुदायिक साझेदारी तथा गैरसरकारी संस्थाहरु ........ ९१
परिच्छेद नौः वित्तीय विश्लेषण ........ ९४
९.१ वजेट विश्लेषण र आवधिक योजना अवधिको लागि प्रक्षेपण ........ ९४
९.१.१ आय अनुमान ........ ९४
९.२ आवधिक योजनाको वार्षिक लक्ष्य र बजेट अनुमान ........ ९६
९.३ कुल पूँजीगत खर्च तथा श्रोत परिचालन ........ ११५
परिच्छेद दशः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ ११६
१०.१ कार्यान्वयन योजना ........ ११६
१०.२ अनुगमन तथा मूल्याङ्कन ........ ११८
१०.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ........ ११९
१०.४ मध्यावधि मूल्याङ्कन ........ १२०
१०.५ अन्तिम मूल्याङ्कन ........ १२०
अनुसूची- १ः वडाहरुको विभिन्न विवरण सहितको भौगोलिक नक्साहरु ........ १२१
अनुसूची- २ः आयोजना बैंक ........ १२९

# शब्द संक्षेप

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| एफ एम | Frequency Modulation |
| एस इ इ | Secondary Education Examination |
| गा.वि.स. | गाउँ विकास समिति |
| गा.पा. | गाउँपालिका |
| गैसस | गैर सरकारी संस्था |
| दिविल | दिगो विकास लक्ष्य |
| किमी | किलो मिटर |
| रा. ज. | राष्ट्रिय जनगणना |
| रु | रुपियाँ |
| सिसिटिभी | Close Circuit Television |
| DPR | Detail Project Report |
| SDG | Sustainable Development Goals |
| SIYB | Strat and Improve Your Business |
| SWOT | Strength Weakness Opportunity Threat |

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको सङ्घीय संविधान २०७२ अनुसार स्थानीय तहहरु निर्वाचित स्थानीय सरकारको रुपमा क्रियाशील भएका छन्। संविधान अनुरुप तिनवटै तहका सरकारहरु एकल अधिकारक्षेत्रको हकमा स्वायत्त रुपमा विधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन् भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनुपर्ने संवैधानिक व्यवस्था रहेको छ। स्थानीय तहको संविधान प्रदत्त अधिकार तथा साझा अधिकार क्षेत्रलाई व्यवस्थित गर्दै स्थानीय सरकार सञ्चालन व्यवस्थापन उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का प्रावधानहरुमा स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणाली थप स्पष्ट भएको छ ।आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गर्नुपर्ने प्रावधानहरु पनि यी ऐनहरुले निर्देशित गरेका छन् ।

योजनाबद्ध विकास गरी गाउँपालिका समृद्ध बनाउने लक्ष्यलाई प्रतापपुर गाउँपालिकाले स्थानीय नीतिहरुमा प्राथमिकता साथ उल्लेख गरेको छ। आर्थिक रणनीतिहरुको माध्यमले उच्चतम् आर्थिक वृद्धिदर हासिल गर्दै अन्तरस्थानीय तहस्तरको प्रतिस्पर्धामा अगाडि बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनीय बनाउनुपर्ने हुन्छ । योजनाबद्ध विकास र जनताको आवश्यकताको प्राथमिकीकरण गर्ने सन्दर्भमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको प्रतापपुर गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनीको सहयोग प्राप्त भएको हो ।

संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी सहभागितामूलक तथा समावेशी प्रक्रियाबाट विद्यमान सम्भावना, अवसर, समस्या र चुनौती विश्लेषण गरी दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विशेष क्षेत्रका उद्देश्य, रणनीति एवम् प्रमुख कार्यक्रमहरु र आवश्यक श्रोत प्रक्षेपणसहित प्रतापपुर गाउँपालिकाको प्रथम आवधिक योजना (२०७८/७९-२०८२/८३) तर्जुमा गरिएको छ । यो आवधिक योजना प्रतापपुर गाउँपालिकाको समग्र विकास योजनाको रणनीतिक मार्गचित्र हुनेछ । यस योजना दस्तावेजलाई गाउँपालिकाले मध्यकालीन खर्च संरचना तयार गर्न, वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न र प्राथमिकताका क्षेत्र निर्धारण गरी श्रोत विनियोजन गर्ने आधार दस्तावेजको रुपमा प्रयोग गर्नेछ ।

## १.२ प्रतापपुर गाउँपालिकाको वस्तुस्थिति विवरण

### १.२.१. भूगोल

#### नेपालको मानचित्रमा प्रतापपुर गाउँपालिका



लुम्बिनी प्रदेश अन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा अवस्थित ९ वटा वडा रहेको प्रतापपुर गाउँपालिका साबिकको जमुनिया (२-७,९ ), सोमनी (२,४-९ ), बदौली, ठुलो खैरेटेवा, गुठी सूर्यपुरा र प्रतापपुर गाउँ विकास समिति (गा.वि.स.) गरी ७ वटा साबिकका गाउँ विकास समिति मिलेर बनेको गाउँपालिका हो । प्रतापपुर गाउँपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार, ७१.१ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको वडा नं ७ सबै भन्दा ठुलो वडा हो जसको क्षेत्रफल ११.८७ वर्ग कि.मि. (१६.६९ प्रतिशत) छ भने सबै भन्दा सानो वडा नं ८ को क्षेत्रफल २.०६ वर्ग कि.मि. (२.९० प्रतिशत) रहेको छ ।

गाउँपालिका पुन:संरचित हुनु अघि केन्द्रीय अनुदानमा निर्भर सातवटा गाउँ विकास समितिहरुको आर्थिक अवस्था कमजोर रहेको र ती निकायहरु भौगोलिक रुपमा गाभिदा ठूलो क्षेत्रफल कायम हुनगएको छ । क्षेत्रफल ठूलो भएको कारण प्रतापपुर गाउँपालिकाको सेवा प्रवाह प्रति इकाइ लागतमा वृद्धि हुने देखिन्छ । पालिकाको वडागत क्षेत्रफल तालिका नं.- १ मा देखाइएको छ ।

**तालिका नं. – १**

**वडागत क्षेत्रफल**

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मि.) | वडाले ओगटेको भू-भाग (प्रतिशत) |
|---|---|---|
| १ | ७.१५ | १०.०५ |
| २ | ८.०६ | ११.३४ |
| ३ | ८.१६ | ११.४८ |
| ४ | ८.१६ | ११.४७ |
| ५ | ८.३१ | ११.६९ |
| ६ | ७.०२ | ९.८७ |
| ७ | ११.८७ | १६.६९ |
| ८ | २.०६ | २.९० |
| ९ | १०.३३ | १४.५२ |
| **जम्मा** | **७१.१** | **१००** |

(श्रोतः प्रतापपुर गाउँपालिकाको वस्तुस्थिति विवरण, २०७६)

यस गाउँपालिकाको उत्तरमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको बर्दघाट गाउँपालिका पर्दछ, भने दक्षिणमा भारतको महाराजगञ्ज जिल्ला रहेको छ। त्यसै गरी पूर्वमा सुस्ता

गाउँपालिका र पश्चिममा सरवल गाउँपालिका पर्दछ। यो गाउँपालिका सङ्घीय राजधानी शहर काठमाण्डौ देखि करिब २३० कि.मि. दक्षिणी पूर्वी दिशामा पूर्व पश्चिम महेन्द्र राजमार्गबाट दक्षिण दिशामा र प्रदेश राजधानी दाङको भालुवाङदेखि करिब १५० कि.मि. पूर्वमा पर्दछ। नेपालको भित्री तराईमा अवस्थित रहेकाले यो गाउँपालिकामा उष्ण-मनसुनी प्रकारको हावापानी पाइन्छ। यहाँ हिउँदमा तापक्रम करिब ५ डिग्री सेल्सियस र गर्मी महिनामा करिब ३८ डिग्री सम्म पुग्छ ।

### १.२.२ जनसंख्या

वि.सं. २०६८ सालको जनगणना अनुसार प्रतापपुर गाउँपालिकाको जनसंख्या ४५,२४१ थियो । २०७६ को घरधुरी सर्वेक्षण अनुसार प्रतापपुर गाउँपालिकाको जम्मा जनसंख्या ४६,६७० रहेको छ । २०६८ सालमा जनघनत्व ६३६.१ प्रति वर्ग कि.मि. रहेको थियो भने २०७६ सालको घरधुरी सर्वेक्षण अनुसार ६५६.२० प्रति वर्ग कि. मि. रहेको छ । यस गाउँपालिकाको जनसंख्याको विवरण तालिका नं.- २ मा राखिएको छ ।

**तालिका नं. – २**

**जनसंख्या को आवधिक तुलना सम्बन्धी विवरण**

| वडा नं | राष्ट्रिय जनगणना २०६८ | | | | घर धुरी सर्वेक्षण २०७६ | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जनघनत्व | जम्मा | पुरुष | महिला | जनघनत्व |
| १ | ३७४१ | १७६८ | १९७३ | ५२५.५ | ४१३७ | २१६३ | १९७४ | ५७८.९ |
| २ | ४८५२ | २३६७ | २४८५ | ६०१.७ | ५७५१ | २९२७ | २८२४ | ७१३.२ |
| ३ | ५१२४ | २५४६ | २५७८ | ६२७.६ | ५७६१ | ३००३ | २७५८ | ७०५.६ |
| ४ | ४८१३ | २५०० | २३१३ | ५९० | ६३१७ | २३८८ | १९२८ | ५२९.२ |
| ५ | ६००४ | ३०७७ | २९२७ | ७२२.४ | ४९४४ | २५४० | २४०४ | ५९४.८ |
| ६ | ४६२५ | २३७८ | २२४७ | ६५८.९ | ५५९७ | २८६६ | २७६१ | ७९७.३ |
| ७ | ५४७३ | २७९६ | २६७७ | ४६१.१ | ५४७७ | २८८८ | २५८९ | ४६१.५ |
| ८ | ४८१४ | २४५२ | २३६२ | २३३७ | ५३३७ | २७६१ | २५७६ | २५९१ |
| ९ | ५७९५ | २९०३ | २८९२ | ५६१ | ५२४९ | २८०१ | २५४८ | ५१७.८ |
| जम्मा | ४५२४१ | २२७८६ | २२४५४ | ६३६.१ | ४६६७० | २४३३७ | २२३३२ | ६५६.२ |

(श्रोतः राष्ट्रिय जनगणना २०६८ र घरधुरी सर्वेक्षण २०७६)

## १.३ गाउँपालिका समृद्धिको आधार

प्रतापपुर गाउँपालिकाले दीर्घकालीन लक्ष्यहरु हासिल गर्दै समृद्ध स्थानीय तह निर्माण गर्न आफ्नो भौगोलिक, सामाजिक तथा आर्थिक क्षेत्रका देहायका आधारहरु निर्धारण गरेको छ।

### १.३.१ भौगोलिक बनावट र अवस्थिति

तराईको समतल भूभागमा अवस्थित यो गाउँपालिकाको दक्षिण तर्फका ४, ५ र ६ नं. भारतसँगको अन्तर्राष्ट्रिय सिमासँग जोडिएका छन् । भारतसँगको अन्तर्राष्ट्रिय सिमासँग जोडिएको हुँदा दक्षिण क्षेत्रमा रहेका स्थानीय बासिन्दाले व्यापारिक लाभ लिन सक्दछन् । अर्कोतर्फ यहाँको हावापानी धान, गहुँ तथा अन्य नगदेबालीको लागि एकदम उपयुक्त रहेको छ। यस्तो हावापानीलाई कृषि उत्पादनको लागि प्रयोग गर्न सकेमा यस ठाउँका मानिसहरुको जीवनस्तर निकै माथि पुग्ने अपेक्षा गर्न सकिन्छ। लुम्बिनी प्रदेशका नजिकका प्रमुख शहरहरु बुटवल र भैरहवा नजिकै रहेको हुँदा यस क्षेत्रमा उत्पादन हुने बस्तुहरुले सजिलै बजार प्राप्त गर्न सक्नेछन्।

### १.३.२ प्राकृतिक श्रोतको उपलब्धता

यस गाउँपालिकामा उपलब्ध मुख्य प्राकृतिक श्रोतहरू, कृषि भूमि र जलश्रोत रहेका छन् ।

<u>**कृषि भूमि**</u>

यस पालिका क्षेत्रको भू-वनावट समतल रहेको र ९६.१५ प्रतिशत भू—भाग खेतीयोग्य रहेको हुँदा धान, मकै, गहुँ, केरा, तोरी, उखु, आलु जस्ता बालीहरुबाट धेरै लाभ लिन सकिने सम्भावना रहेको छ । साथै मौसमी तरकारी तथा फलफुलहरु पनि उत्पादन गर्न सकिन्छ।कृषिभूमिको बाहुल्य रहेको हुँदा यस पालिकाका प्रमुख श्रोतको रुपमा कृषि र कृषिजन्य उत्पादन तथा उद्यमहरु विकास गर्न सकिने उच्च सम्भावना छ ।त्यसैगरी केरा तथा उखुको व्यावसायिक खेती र व्यावसायिकरुपमा माछापालन भइरहेको हुँदा यसको बिस्तारबाट थप फाइदा लिन सकिन्छ।

<u>**जलश्रोत**</u>

यस गाउँपालिका जलश्रोतमा धनी रहेको छ, यहाँ रहेका खोला, नहर, ताल तलैया र पोखरीले यस क्षेत्रको विकासमा योगदान पु-याउन सक्छन्।यस गाउँपालिका भएर जाने गण्डक नहर देशकै एउटा नमुना नहरको रुपमा चिनिन्छ।यस नहरको पानीबाट गण्डक हाइड्रोपावर सञ्चालनमा रहेको छ जसको क्षमता १५ मेगावाट रहेको छ । यहाँ रहेका खोला, नाला तथा पोखरीहरुलाई सिँचाइ, उर्जा, पर्यटन तथा माछापालन विकासको लागि प्रयोग गर्न सकिन्छ ।

### १.३.३ पूर्वाधारहरुको उपलब्धता

यस गाउँपालिकाको सबै वडा सडक सञ्जालले जोडिएको छ।समतल भू-भाग रहेको हुँदा यातायातको विकास र मर्मत गर्न खर्चिलो हुँदैन। यस गाउँपालिकामा गण्डक नहर, पर्सौनी माइनर सिँचाइ योजना र सूर्यपुरा माइनर गरी तीन वटा ठुला सिँचाइ आयोजनाहरू रहेका छन् ।यी आयोजनाहरुबाट एक तिहाई भन्दा बढी भू-भागमा वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध हुन्छ भने बाँकी एक तिहाई भन्दा बढी क्षेत्रमा मौसमी सिँचाइको सुविधा उपलब्ध छ।यस क्षेत्रमा सञ्चारको पहुँच पनि द्रुत गतिमा बढ्दै गएको देखिन्छ।यहाँको भू-बनोट सौर्य उर्जाको लागि पनि उपयुक्त देखिन्छ ।

### १.३.४ सामाजिक बनोट तथा युवा जनशक्ति

गाउँपालिकामा भोजपुरीभाषीको बाहुल्यता छ।आदिवासी जनजातिमा थारु समुदायको बाहुल्य रहेको छ ।धार्मिक दृष्टिकोणले हिन्दु धर्म मान्ने जनसंख्या ९३ प्रतिशत, मुसलमान ६.४६ प्रतिशत, क्रिस्चियन ०.४५, अन्य ०.०५ प्रतिशत र बौद्ध धर्म मान्ने नगन्य छन। अर्कोतर्फ यहाँको युवाको जनसंख्या (१५-५९ वर्ष) ६२.४८% रहेको हुँदा जनसांख्यिक लाभ लिन सकिन्छ ।

### १.३.५ पुरातात्विक, धार्मिक तथा ऐतिहासिक स्थल

धार्मिक दृष्टिकोणले महत्वपूर्ण रहेको बाउन्न देवी मन्दिर वडा नं. १ र वडा नं. ३ को सिमानामा अवस्थित छ।धार्मिक किम्बदन्ती अनुसार धेरै वर्ष अगाडि यस ठाउँमा देवी स्वयम् आएर बास गरेको हुनाले कलियुगमा यसको नाम बाउन्ने देवी हुन गएको हो। यस मन्दिरको दर्शनको लागि छिमेकी पालिकाहरु र भारतबाट हजारौं भक्तजनहरु आउने गर्दछन्।यस महत्वपूर्ण स्थलको प्रवर्द्धन र संरक्षणले यस ठाउँको गरिमालाई थप उच्च राख्न मद्धत पुऱ्याउँछ। चितवन राष्ट्रिय निकुञ्जको प्रभावक्षेत्रमा रहेको हुँदा पर्यटन सम्बन्धि उद्यमको बिस्तार गर्न सकिने सम्भावना रहेको छ। यहाँका आदिवासी तथा जनजाति समुदायको आफ्नो छुट्टै इतिहास र संस्कृति रहेको छ। यी संस्कृतिहरुको जगेर्ना, प्रचारप्रसार र पूवार्धारहरूको थप विकास गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकिन्छ।

## १.४ योजना तर्जुमाका मार्गदर्शक आधारहरु

यो आवधिक योजना तयार गर्दा राष्ट्रिय योजना आयोग तथा लुम्बिनी प्रदेश योजना आयोगद्वारा प्रतिपादित मूलभूत लक्ष्य तथा योजना तर्जुमाका आधारभूत मान्यताहरुको अनुसरण गरिएको छ। गाउँपालिका स्तरको स्थानीय आवश्यकता परिपूर्तिका लागि अधिकतम आर्थिक श्रोत परिचालन गर्ने नीति अनुरुप यस योजनाका मार्गदर्शक आधारहरु देहायबमोजिम रहेका छन्।

- संविधानको धारा ५७ ले स्थानीय तहको अधिकार संविधानको अनुसूची ८ मा उल्लेखित विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग स्थानीय तहले बनाएको कानून बमोजिम हुने भनेको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले प्रत्येक पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउनुपर्ने भनेको छ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र १७ ले राजस्व बाँडफाँट, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालीन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।
- पन्ध्रौं योजनाले प्रदेश तथा स्थानीयतहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जाहेर गरेका दिगो विकासका लक्ष्यहरु हासिल गर्न गाउँपालिकाहरुले आ—आफ्ना तहबाट सघाउनुपर्ने हुन्छ ।

आवधिक योजना तर्जुमामा देहायका स्थानीय कानून तथा दिग्दर्शनहरु समेत आधारका रुपमा रहेका छन् ।

- प्रतापपुर गाउँपालिकाको आर्थिक र विनियोजन ऐनहरु, २०७७
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५

## १.५ योजना तर्जुमा विधि

गाउँपालिकाको विकासको लागि योजनाबद्ध रुपमा अगाडि बढ्ने उद्देश्यले तयार पारिएको यस आवधिक योजना तर्जुमा गर्दा सहभागितामुलक प्रक्रिया अवलम्बन गरिएको छ । समग्रमा योजना तय गर्ने क्रममा देहाए बमोजिमका प्रक्रियाहरुलाई अवलम्बन गरिएको छ ।

दस्तावेजहरूको अध्ययन

यसअन्तर्गत योजना शुरु गर्नुभन्दा अगाडि विभिन्न दस्तावेजहरु अध्ययन तथा विश्लेषण गरिएको थियो । योजना तर्जुमा निर्माण सम्बन्धी आवश्यक प्रमुख दस्तावेजहरु जस्तैः राष्ट्रिय पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण २०७५, विभिन्न मन्त्रालय तथा विभागहरुले प्रकाशन गरेका प्रतिवेदनहरु, राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेका प्रतिवेदनहरु, प्रदेश सम्बन्धी सूचनाहरु तथा सम्बन्धित गाउँपालिकाको बस्तुगत विवरण, स्थानीय ऐन नियम तथा अन्य विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

योजना तर्जुमा पूर्वतयारी बैठक

मिति २०७८ वैशाख ७ गते प्रतापपुर गाउँपालिकाको कार्यवाहक  अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, र अन्य शाखा प्रमुखहरुसँग छलफल गरी योजना प्रक्रिया अगाडि बढाउने बारे छलफल गरिएको थियो । साथै निर्देशक समिति र विषयगत समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी विस्तृत रूपमा छलफल गरि आवश्यक जानकारी संकलन  गरिएको थियो ।

योजना अभिमुखिकरण कार्यशाला गोष्ठी

गाउँपालिकाको आवधिक योजना तर्जुमा विधि प्रक्रिया सम्बन्धी अभिमुखीकरण कार्यशाला गोष्ठी मिति २०७८/०१/१५ गते गरिएको थियो । उक्त गोष्ठीमा आवधिक योजना निर्माणको मुख्य उद्देश्य र यसले समग्र गाउँपालिकाको विकासमा पार्ने प्रभावको बारेमा छलफल गरिएको थियो । गोष्ठीमा आवधिक योजना बनाउँदा अपनाउने प्रक्रियाहरु तथा क्रियाकलापहरूको बारेमा विस्तृत रूपमा छलफल गरिनुका साथै गाउँपालिका सम्बन्धित सूचनाहरु व्यवस्थित ढंगले संकलन गर्ने बारे छलफल गरिएको थियो ।

आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्याङ्क संकलनका लागि विभिन्न वडा समितिको पहलमा वडास्तरीय परामर्श बैठकहरुको सञ्चालन २०७८ वैशाख दोस्रो साता गरिएको थियो । जसमा स्थानीय समुदायको प्रतिनिधिमूलक सहभागिता रहेको थियो । विभिन्न क्षेत्रका प्रतिनिधिहरु तथा सरोकारवालाहरुसँग परामर्श गरी गाउँपालिकाको विविध पक्षहरु जस्तै कृषि, उद्योग, वित्तीय

संस्था, जलश्रोत आदिको बारेमा सूचना संकलन  गरिएको थियो । यसैगरी वडा क्षेत्रमा रहेका समस्या, चुनौती तथा अवसरहरु पहिचान गरि सम्भावना बोकेका आवश्यक क्षेत्रहरूको बारेमा पनि तथ्याङ्क संकलन गरिएको थियो । गाउँपालिकाका सबै वडाहरुबाट सहभागितामूलक विधिबाट तथ्याङ्क संकलन गरिएको थियो ।

वडास्तरीय वस्तुस्थिति, समस्या, चुनौती तथा अवसरको पहिचान तथा विश्लेषण

योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थितिबारेको विश्लेषणका लागि SWOT विश्लेषण गरी वडातहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो । ९ वटै वडामा लक्षित समुह छलफल सञ्चालन  गरी वडाको वस्तुस्थिति, समस्या, चुनौति, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख योजना तथा कार्यक्रमहरुका सम्बन्धमा राय तथा सुझाब संकलन गरिएको थियो ।

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

गाउँपालिकाका विभिन्न पक्षहरूको जानकारीहरु संकलन र विश्लेषण गरिसकेपछि सरोकारवालाहरूको सहभागितामा मिति २०७८ वैशाख १९ गतेदेखि २१ गतेसम्म आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशालामा गाउँपालिकाका हरेक विषयगत क्षेत्रका सरोकारवालाहरु सहभागी भएका थिए । कोभिड-१९को महामारीलाई ध्यानमा राखेर कार्यशाला स-सानो समूहमा र अनौपचारिक रुपमा पनि गरिएको थियो।कार्यशालामा गाउँपालिकाको विद्यमान समस्या, अवसर चुनौती तथा सम्भावनाहरुको वस्तुपरक विश्लेषणका आधारमा गाउँपालिकाको समग्र विकासको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषयगत तथा क्षेत्रगत उद्देश्य निर्धारण गरिएको थियो । कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौति तथा सम्भावनाहरुको वस्तुपरक विश्लेषणका आधारमा विषयगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरि ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनुपर्ने रणनीति तथा कार्यनीतिहरु, प्रमुख कार्यक्रमहरु र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो ।

मस्यौदा प्रमाणीकरण कार्यशाला

आवधिक योजनाको पहिलो मस्यौदा तयार भईसकेपछि मस्यौदा प्रमाणीकरण कार्यशाला मिति २०७८ असार १६ गते सञ्चालन गरिएको थियो । जसमा गाउँपालिकाका प्रतिनिधीहरु तथा कर्मचारीहरु, र राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत विज्ञहरु तथा सरोकारवालाहरु आमन्त्रण

गरी हरेक विषयको सूचना, सूचक, रणनीति, गतिविधि तथा प्रस्तुत गरिएका योजनाहरु विस्तृत रूपमा समीक्षा गरिएको थियो र सहभागीहरुबाट प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदालाई थप परिमार्जित गरिएको हो ।

अन्तिम प्रतिवेदन स्वीकृत

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, मस्यौदा प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाव तथा विषय विज्ञहरूसँगको परामर्श तथा छलफलका क्रममा प्राप्त सुझावको आधारमा तयार भएको प्रतापपुर गाउँपालिकाको प्रथम ५ वर्षे आवधिक आयोजना (२०७८/७९-२०८२/८३) को अन्तिम दस्तावेज  कार्यपालिका वैठकबाट मिति २०७८ साल असार २२ गते स्वीकृत गरियो ।

# परिच्छेद दुईः विगतका योजनाको क्षेत्रगत समीक्षा तथा स्थिति विश्लेषण

सङ्घीय संरचना अन्तर्गत वि. सं. २०७३ मा प्रतापपुर गाउँपालिकाको स्थापना भएको हो । २०७४ सालको स्थानीय तहको निर्वाचन पश्चात यस गाउँपालिकाले हाल सम्म ४ वटा वार्षिक नीति तथा कार्यक्रम ल्याईसकेको छ। नेपालको संविधान तथा विद्यमान प्रचलित कानूनले दिएको अधिकार प्रयोग गर्दै हरेक स्थानीय तहले वार्षिक रुपमा नीति तथा कार्यक्रम ल्याउनु पर्ने हुन्छ । आधारभूत सेवा गाउँवासीको घरआँगनमा पु-याउने अवधारणा अनुसार यस गाउँपालिकाले हरेक वडा कार्यालय मार्फत जनतालाई सेवा दिईरहेको छ। यस गाउँपालिकाको दीर्घकालीन सोच **"प्रतापपुरको चाहना, शान्त समृद्ध र समतामुलक समाजको स्थापना"** रहेको छ । विगतका नीति तथा कार्यक्रमहरुको समग्र रुपमा देहाय बमोजिम विश्लेषण गरिएको छ ।

## २.१ आर्थिक पक्ष

सङ्घीय सरकारले ल्याएको "**समृद्ध नेपाल, सुखी नेपाली**" भन्ने नारालाई स्थानीय स्तरमा समेत सार्थक बनाउन जनताले अनभुति हुने खालका कार्यक्रमलाई अगाडि बढाउनका यस गाउँपालिकाले आर्थिक क्षेत्रमा विभिन्न नीति तथा कार्यक्रमहरु बनाई लागु गरेको छ। आर्थिक क्षेत्र अन्तर्गत विगतका कार्यक्रमहरुमा कृषिलाई बिशेष महत्व दिएको छ । जस अन्तर्गत कृषि व्यावसायिकरण गर्न व्यावसायिक खेती तथा कृषकलाई प्रोत्साहन कार्यक्रम लागु भएको छ । आधुनिक कृषि पद्धतिको माध्यमबाट कृषिक्षेत्रको विकास गरिने अवधारणा अनुसार कृषि तथा पशुपालनलाई आधुनिकीकरण र व्यवसायमुखी बनाउँदै गाउँपालिकालाई खाद्यान्न, तरकारी, मासु, दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाउने कार्यको सुरुवात भएको छ। कृषकहरुको व्यावसायिक क्षमता विकासका लागि तालिम, गोष्ठीहरु आयोजना गर्दै किसानको व्यावसायिक ज्ञान, सीप र क्षमताको अभिवृद्धिका क्रियाकलापहरू सञ्चालन भइरहेका छन् । कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषि यान्त्रिकरण कार्यक्रम लागु गरिएको छ भने सामुहिक कृषि तथा खेती प्रणालीलाई प्रोत्साहन गरिएको छ । गाउँपालिकालाई केरा पकेट क्षेत्रको रुपमा विकास गरिएको छ भने कृषकहरुलाई उन्नत मल, बिउबिजन तथा प्रविधिको व्यवस्था गर्दिँदै आएको छ ।

गाउँपालिका क्षेत्र भित्रका सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै सबै सहकारीहरुको तथ्याङ्क संकलन गरी क्षेत्रगत वर्गीकरण गरिएको छ । महिला बचत समुह तथा महिला सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरिएको छ । विपन्न महिलाहरुका लागि आय-आर्जन तथा सीपमुलक कार्यक्रम मार्फत स्वरोजगारीको अवसर प्रदान गरिएको छ । कर

अन्तर्गत एकिकृत सम्पती कर र बहाल विटौरी शुल्क लागु गरिएको छ । उत्पीडित, विपन्न तथा गरिब र फरक क्षमता भएको प्रमाणित गर्न गरिने सिफारिसलाई निःशुल्क गरिएको छ। स्थानीय रोजगारी प्रवर्द्धन गर्न तालिमको व्यवस्था गरी स्थानीय तहमा इलेक्ट्रिसियन, प्लम्बर, कार्पेन्टर, मेसन जस्ता प्राविधिक जनशक्ति उत्पादन गर्ने कार्यको सुरुवात भएको छ । समग्र प्रतापपुर क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक, प्राकृतिक आकर्षणका सम्पदाहरुलाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न, पर्यटन गतिविधिको विकास र विविधीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

## २.२ सामाजिक

प्रतापपुर गाउँपालिकाले सामाजिक क्षेत्रको सन्तुलित विकासका लागि विभिन्न नीति तथा कार्यक्रम लागु गरेको छ । पालिकाका सबै बालबालिकालाई आधारभूत तहसम्म शिक्षा उपलव्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ । विद्यार्थी अनुपातमा शिक्षक नपुगेका तथा अत्यावश्यक विद्यालयहरुको लागि विद्यालय सहायता रकमको व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने पूर्वाधार विकास, सुचना प्रविधि, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला लगायत शिक्षकको दरबन्दी मिलान गरिएको छ । दलित बालबालिकाहरुलाई छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री तथा विद्यालय पोशाकको व्यवस्था गरिएको छ । त्रिभुवन माध्यामिक विद्यालयलाई नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान उपलब्ध गराइएको छ ।

स्वास्थ्य, पोषण तथा सरसफाई अन्तर्गत **हाम्रो अभियान स्वच्छ, सुन्दर र हरित प्रतापपुर गाउँपालिका अभियान** कार्यक्रम अगाडि बढाईएको छ। औषधीहरु गुणस्तरीय, सरल र सुलभ रुपमा उपलब्ध गराउन औषधी पसलहरुलाई नियमन गरिने तथा निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुलाई व्यवस्थित र नियमन गरिने नीति बनाइएको छ । जगन्नाथपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी सामुदायिक अस्पताल सञ्चालन गर्ने कामको थालनी भएको छ । महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई उत्प्रेरित गर्न प्रोत्साहनको व्यवस्था गरिएको छ । सुत्केरी महिलाका लागि रु.२००० का दरले उपचार खर्च छुट्टाइएको छ तथा बहुक्षेत्रीय पोषण कार्यक्रम बिस्तार गरिएको छ ।

अशक्त जेष्ठ नागरिक तथा अपांगता भएका नागरिकलाई सम्बन्धित वडा कार्यालयले समन्वय गरी सामाजिक सुरक्षा भत्ता घर-दैलोमा गई प्रदान गरिने कामको सुरुवात भएको छ। एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि

राज्यको तर्फबाट सामाजिक सुरक्षाको सुनिश्चितता गर्दै यातायात, स्वास्थ्य र शिक्षा सेवा निःशुल्क गर्ने कार्यको सुरुवात गरिएको छ । एकल महिला, हिंसा तथा द्वन्द्ध पीडित महिला र पछाडि पारिएका महिलाहरुको लागि सशक्तिकरण कार्यक्रम सञ्चालन गरिएको छ। लागु-औषध दुर्व्यसनी मानव बेचविखन तथा असुरक्षित बसाईसराईको विषयमा आवश्यक सचेतनामूलक तथा पूर्नस्थापनाका कार्यक्रम लागु गरिएको छ ।आदिवासी जनजाति समुदायका युवायुवतीहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको छ । दलित तथा विपन्न वर्गहरुको लागि सामाजिक विकास, सशक्तीकरण र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ।गाउँपालिकाको विकास र नागरिकहरूको सुविधाका लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाइएको छ। गाउँपालिका न्यायिक समितिको कार्यहरूको व्यवस्थापन र कार्य सञ्चालनलाई प्रभावकारी र सर्वसुलभ बनाइएको छ ।

## २.३ भौतिक पूर्वाधार

कुनै पनि देशको समृद्धिको मूल मेरुदण्ड भौतिक पूर्वाधार हो।पूर्वाधारलाई दिगो, भरपर्दो र वैज्ञानिक बनाउन सके कुनै पनि ठाउँको विकासमा महत्वपूर्ण भूमिका खेल्दछ।प्रतापपुर गाउँपालिकाले भौतिक पूर्वाधारको निम्ति विगतका वर्षहरु देखि नै विभिन्न नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दै आएको छ।सडक सञ्चालतर्फ कृषि सडकहरूको स्तरोन्नति भएको छ भने गाउँपालिका स्तरीय सडकहरुको क्षेत्राधिकार निर्धारण गरी सडक बिस्तार गर्ने कार्यको सुरुवात भएको छ ।गाउँपालिका भित्र बाहिरी चक्रपथको निर्माण गर्न विस्तृत योजना प्रतिवेदन (DPR) तयार भएको छ । सिंचाइ अन्तर्गत गाउँपालिका भित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिंचाइको व्यवस्था गरी कृषि उत्पादन बढाइने योजना अगाडि सारिएको छ । त्यसैगरी गाउँपालिकाको उपयुक्त स्थानमा प्रदेश सरकारसँगको सहयोगमा खेलकुद मैदान निर्माण गरिने योजना बनाइएको छ । खोलाहरुमा आवश्यक पुल निर्माणका लागि सङ्घ तथा प्रदेश सरकारससँग पहल भईरहेको छ।

प्रतापपुर गाउँपालिका भित्रका ग्रामीण बस्तीमा एक घर एक धाराको व्यवस्था गर्ने कार्यको सुरुवात हुनुका साथै शुद्ध पानीको व्यवस्था गर्ने कार्यक्रम अगाडि बढेको छ । सोलार ऊर्जा जडानमा अनुदान र छुटको व्यवस्थासहित गाउँपालिकाका सबै टोलका सडकहरूमा सोलार बत्ती जडान गरी उज्यालो गाउँपालिका अभियान प्रक्रिया अगाडि बढेको छ। गाउँपालिकाका सम्पूर्ण वडाहरूमा इन्टरनेट सुविधासहित टेलिफोन सेवा सुविधा उपलब्ध छ ।

## २.४ वन, वातावरण तथा विपद् व्यवस्थापन

जलवायु परिवर्तनका असरलाई न्यूनिकरण गर्न तथा वातावरण संरक्षण गर्नको निम्ति प्रतापपुर गाउँपालिकाले विभिन्न नीति तथा कार्यक्रमहरु लागु गरेको छ । जस अन्तर्गत गाउँपालिका तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी एवम् व्यवस्थित बनाइएको छ । गाउँपालिकामा भूकम्प, असिना, आगलागि, डुवान, बाढी, सर्पको टोकाई, चटयाङ्ग जस्ता प्रकोप व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोष सञ्चालन गरिएको छ ।गाउँपालिकाबाट प्रत्येक वडालाई विपद् व्यवस्थापनको लागि बजेट विनियोजन गरिएको छ । सार्वजनिक बाँझो जमिनमा वृक्षारोपण गर्ने अवधारणा अघि सारिएको छ। त्यस्तै गरी गाउँपालिकाभित्र रहेका चोरनिया माइ खोला तथा खजुरा खोलामा रहेका गिट्टी, वालुवा, बेसमाटो आदिको उत्खनन र संरक्षणका लागि नीति तथा कार्ययोजना ल्याइएको छ ।

## २.५ संस्थागत विकास र सुशासन

गाउँपालिकाले सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीतिको कार्यान्वयन गरेको छ । जसअन्तर्गत पालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक गरिएको छ । भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको सिद्धान्त लागु गरिएको छ। जनतालाई दिइने सेवालाई चुस्त र सरल बनाउनका लागि सबै वडा कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट गाउँपालिका सँग जोडिएको छ । व्यक्तिगत घटना दर्ताको कार्य सबै वडाहरुमा अनलाइनमार्फत हुनेगरी बिस्तार गरिएको छ । स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँपालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक वडापत्र, सुशासन हेल्प डेस्कको व्यवस्था गरिएको छ । पालिकाले नियमित रूपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने, अनुगमन संयन्त्रलाइ क्रियाशील बनाउने र कार्यप्रणालीलाई पारदर्शी बनाउँदै सबै सूचनाहरु गाउँपालिकाको वेवसाईटमा अध्यावधिक तथा व्यवस्थित गरिएको छ । सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गर्ने कार्यको थालनी गरिएको छ । मानव संशाधन, प्राकृतिक श्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण र अद्यावधिक गरी व्यवस्थित गरिएको छ । सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रबन्ध गरिएको छ ।

## २.६ बजेट विश्लेषण

स्थानीय तहको निर्वाचन पश्चात गाउँपालिकाले प्रारम्भका वर्षमा वार्षिक आय तथा व्ययको सही अनुमानका साथ विवरण लगायत बजेट तथा योजना तर्जुमा गर्न कठिनाइ भएको भएपनि पछिल्ला आ.व.हरुमा समयमै वार्षिक बजेट तथा कार्यक्रमहरु तर्जुमा भई सभामा प्रस्तुत गरेको देखिन्छ । प्रारम्भिक वर्षहरुमा सानो परिमाणमा रहेको आन्तरिक राजस्व आव ०७७- ०७८ सम्म आइपुग्दा रु ७० लाखको हाराहारीमा पुगेको देखिन्छ ।चालु आ.व.मा सङ्घ र प्रदेशबाट प्राप्त अनुदान र स्थानीय स्रोत समेत गरी पालिकाले सङ्घीय अन्तर्गत वार्षिक रु ५० करोड भन्दा बढीको बजेट  परिचालन गरेको छ । वार्षिक बजेट खर्चतर्फ ६० देखि ७० प्रतिशत सम्म खर्च भएको देखिन्छ । प्रारम्भका आर्थिक वर्षहरुमा खर्च नभई मौज्दातको रुपमा स्थानीय सञ्चित कोषमा रहेको रकम रु १० करोड माथी रहेको छ । कुल खर्चमा चालु खर्चको अंश ६० प्रतिशतको हाराहारीमा छ । गाउँपालिकाले तर्जुमा गरेका पछिल्ला सबै बजेटहरु नाफा बजेट रहेका छन ।वडास्तरीय सेवाहरु वडाहरुबाट प्राप्त भए पनि राजस्व र खर्च सम्बन्धी कामहरु कार्यपालिका कार्यालयबाट भई आएको छ । लेखा व्यवस्थित गर्न लेखा प्रणाली SuTRA प्रयोग गरिएको छ । सङ्घीय  तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु आर्थिक वर्षसँगै वृद्धि भएको छ तर श्रोत प्राप्तिका सम्बन्धमा अनुमान योग्य हुन सकेको छैन ।

# परिच्छेद तीनः योजना खाका

## ३.१ पृष्ठभूमि

नेपालको संविधानले तिनवटै तहका सरकारहरूको अधिकारलाई सूचीकृत गरेको छ । यस्तो अधिकारको प्रयोग गर्दा तीनवटै तहका सरकारहरू बीच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ । सङ्घ, प्रदेश र स्थानीय तह बीच कार्य जिम्मेवारीको बाँडफाँडका आधारमा नै आवश्यक श्रोतको समेत व्यवस्था गरेको छ ।योजनाबद्ध ढंगले विकासका कार्ययोजना अगाडि बढाई गाउँपालिकालाई समृद्ध बनाउने लक्ष्यहरु स्थानीय नीतिहरुमा प्राथमिकता साथ उल्लेख गरिएको छ । आर्थिक रणनीतिहरुको माध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तरस्थानीय तहस्तरको प्रतिस्पर्धामा अगाडि बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनीय बनाइ अगाडि बढ्नु पर्ने आवश्यकता गाउँपालिकाले महसुस गरेको छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले (आधारपत्र २०७६/७७-२०८०/८१) आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट निर्माण र कार्यान्वयन चरणमा एकरुपता तथा समन्वय कायम गर्ने नीति लिएको छ । त्यसै गरी पन्ध्रौं योजनाको (२०७६/७७ -२०८०/८१) राष्ट्रिय सोच र लक्ष्य हासिल हुने गरी स्थानीय तहमा समन्वयात्मक, नतिजामुखी र सबल योजना तर्जुमा पद्धतिको विकास गर्ने पृष्ठभूमिमा गाउँपालिकाले उपलब्ध साधन श्रोतको उपयोग र योजना अनुशासन कायम गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु अपरिहार्य भएको छ ।

## ३.२ अवसर र चुनौती

**<u>अवसर</u>**

स्थानीय बासिन्दाको चाहनालाई सम्बोधन गर्न आवश्यक न्यूनतम संस्थागत संरचनाहरुलाई संस्थागत गर्दै गाउँपालिकको वाञ्छित आर्थिक सामाजिक विकासको गति हासिल गर्न देहायका अवसरहरु उपलब्ध छन ।

- स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरु स्थानीय सरकारहरू सञ्चालनको प्रारम्भिक वर्षहरुको अभ्यासबाट नेतृत्व लिन सक्षम हुँदै गएका छन् ।
- प्रदेशको राजधानी, सङ्घीय राजधानी तथा भारतका विभिन्न शहरहरुमा यातायातको सहज पहुँचले गर्दा विकास निर्माणको लागत कम खर्चिलो छ भने आवागमनको सहजताले गर्दा यस क्षेत्रमा उत्पादन भएका सामग्रीहरुले सहज ढंगमा बजार पाउन सकेका छन ।
- विकास निर्माणका लागि आवश्यक जनशक्ति र श्रमशक्ति आपूर्तिका लागि सक्रिय जनसंख्याको प्रतिशत ६२.४८ रहेको छ ।

- कुल क्षेत्रफलको ९६.१५ प्रतिशत खेतीयोग्य जमिन रहेको हुँदा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र कृषिक्षेत्रको आधुनिकीकरण र व्यावसायिकरण गर्न सकिने प्रचुर सम्भावना छ ।
- भारतको विहार प्रदेशको महाराजगञ्ज जिल्लासँग सिमा जोडिएकोहुँदा भारतका व्यापारिक सहरको आर्थिक गतिविधिहरुको लाभ लिन सकिने देखिन्छ ।
- चितवन राष्ट्रिय निकुञ्ज पर्यटन प्रवर्द्धन सम्बन्धी गतिविधि र वाल्मिकी आश्रमको धार्मिक पर्यटनसँग सम्बन्धित आन्तरिक पर्यटन तथा बजार विकासको सम्भावना रहेको छ ।

<u>चुनौती</u>

गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने सिलसिलामा देहायका मूख्यमूख्य चुनौती रहेका छनः-

- युवाहरूलाई कृषि पेशा तर्फ आकर्षित गर्नु,
- उखु, केरा, बेसार जस्ता बालीको लागि दिगो बजार व्यवस्थापन गर्नु,
- सीमित श्रोत र साधनको प्रयोगबाट सबै खेतीयोग्य जमिनमा नियमित सिँचाइको व्यवस्था तथा अन्य आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नु,
- कृषिजन्य उद्योगहरु स्थापना गर्नको निमित्त आवश्यक श्रोत जुटाई यस क्षेत्रका बासिन्दालाई कृषिजन्य उद्योगहरु स्थापना गर्नको निमित्त उत्प्रेरित गर्नु,
- मानव पूँजी निर्माणका लागि शिक्षा र स्वास्थ्यको सहज पहुँच र गुणस्तर सुधार गर्नको साथै पछिल्लो चरणमा फैलिएको COVID-19 तथा अन्य सरुवा रोगको संक्रमण नियन्त्रण गर्नु र सबै स्थानीयबासीलाई खोपको व्यवस्था गर्नु,
- अन्धविश्वास, कुरीती तथा महिला हिंसाका घटनाहरुमा कमी ल्याई शान्ति सुरक्षा कायम राख्नु,
- वर्षेनी आइपर्ने विपद्हरुसँग सामना गर्दै धनजनको नोक्सानी हुनबाट बचाउनु र यी विपद्हरुसँग सामना गर्नको निमित्त उचित संयन्त्र निर्माण गर्नु,
- नगन्य मात्रामा वनजंगल रहेकोले वृक्षरोपण गरि वन क्षेत्रको बिस्तार तथा वातावरण संरक्षण गर्नु,
- गाउँपालिकाले दिने सेवा तथा अन्य कार्यहरुलाई छिटो छरितो ढंगले सम्पन्न गरी सरकारी सेवा जनमैत्री बनाउनु तथा विकासका आयोजनाहरु समयमा नै सम्पन्न नहुने प्रवृत्तिको अन्त्य गर्नु ।
- भ्रष्टाचार मुक्त गाउँपालिका बनाउनु ।

## ३.३ दिगो विकासका लक्ष्यहरुसँग आवधिक योजनाको तादात्म्यता

दिगो विकास लक्ष्य सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना हो । दिगो विकास लक्ष्यको सफल कार्यान्वयन सबै तहका सरकारको क्रियाशीलताबाट मात्रै सम्भव हुन सक्दछ । यसमा पनि सेवा प्रवाह, स्थानीय पूर्वाधार विकास लगायतका कार्य स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएको र दिगो विकास लक्ष्य हासिल गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहेको छ । तीनै तहका सरकारहरूलाई संविधान र कानूनद्वारा प्रदत्त कार्य जिम्मेवारी मध्ये सेवा प्रवाह, सुशासन र स्थानीय पूर्वाधार विकास लगायतका कार्यहरू स्थानीय तहको प्रमुख कार्यक्षेत्र हुन । दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने क्रममा लक्षित सूचकहरु हासिल हुने किसिमले योजना तर्जुमा र लगानी व्यवस्थापनको महत्वपूर्ण अभिभारा समेत स्थानीय तहमा रहन गएको छ ।

शून्य गरिबी, भोकमरीको अन्त्य, सम्मानित काम तथा आर्थिक उन्नति, असमानताको न्यूनीकरण जस्ता दिगो विकासका लक्ष्यहरुलाई प्रतापपुर गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा आन्तरिकीकरण गरी नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएका दिगो विकास लक्ष्य सम्बन्धी प्रतिबद्धता पूरा गर्न आवधिक योजनामा निम्न कुराहरु समाहित गरिएको छ :-

- नागरिकको मौलिकहकका सम्बन्धमा स्थानीय तहमा रहेको सार्वजनिक सेवाको महत्वपूर्ण जिम्मेवारी,
- स्थानीय श्रोत साधनको अधिकतम परिचालन,
- दिगो विकास लक्ष्यलाई स्थानीय परिवेश अनुसार प्राथमिकीकरण,
- जनसहभागिताको प्रवर्द्धन,
- श्रोतको दोहोरोपनको न्यूनीकरण ।

## ३.४ राष्ट्रिय पन्ध्रौं योजनाको सोच

राष्ट्रिय योजना आयोगले तयार पारेको पन्ध्रौं योजनाले लिएका सोच, उद्देश्य र रणनीतिहरु देहाय बमोजिम रहेका छन ।

**राष्ट्रिय सोच**

"**समृद्ध नेपाल, सुखी नेपाली**" - सम्मुन्नत, स्वाधीन र समाजबाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वास्थ्य, शिक्षित, सम्मानित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

**राष्ट्रिय उद्देश्य:-**

१. सर्वसुलभ, गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिवृद्धि, उच्च दिगो र समावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।
२. गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जवाफदेही सार्वजनिक सेवा कायम गरी सङ्घीय शासन व्यवस्थाको सुदृढिकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत जीवन यापनको अनुभूति गराउनु ।
३. सामाजिक-आर्थिक रुपान्तरण तथा स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्नु ।

**राष्ट्रिय रणनीति:-**

१.तीव्र, दिगो र रोजगारमुलक आर्थिक वृद्धि गर्ने ।

२.सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने ।

३.आन्तरिक तथा अन्तरदेशीय अन्तर आवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने ।

४.उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

५.पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ।

६.गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।

७.प्राकृतिक श्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने ।

८.सङ्घीय शासन प्रणालीको सुदृढीकरण र सार्वजनिक सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने ।

## ३.५ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य

लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाको दीर्घकालीन सोच

**" समृद्ध प्रदेश: खुशी जनता "**

उच्च आर्थिक वृद्धिसहित समृद्ध अर्थतन्त्र, रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता ।

**प्रादेशिक लक्ष्य**

समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित, समावेशी, सन्तुलित र दिगो विकासको माध्यमबाट आर्थिक वृद्धिदरलाई उच्च पार्दै प्रदेशबासी जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउनु ।

**प्रादेशिक योजनाको उद्देश्य**

सामाजिक न्यायमा आधारित रही अवसरको सिर्जना, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धन र गरिवी निवारण गर्नु ।

**प्रथम प्रादेशिक योजनाका रणनीतिहरु:-**

१. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर बढाउने ।
२. आवश्यक भौतिक पूर्वाधार निर्माण तथा बिस्तार गर्ने ।
३. गुणस्तरीय शिक्षा र स्वास्थ्य बिस्तार गरी मानवीय पुँजी निर्माण गर्ने ।
४. सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने ।
५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने ।
६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने ।

## ३.६ गाउँपालिकाको दीर्घकालीन सोच

**“ प्रतापपुरको चाहना, शान्त, समृद्ध र समतामूलक समाजको स्थापना ”**

सामाजिक, सांस्कृतिक रुपमा समृद्ध, भौतिक पूर्वाधारयुक्त, आर्थिक रुपले सवल र सक्षम, विकासका दृष्टिले दिगो, सफा, सुन्दर, हरित, सुरक्षित, प्रविधिमैत्री र सक्षम नमुना गाउँपालिकाको रुपमा विकास गर्ने ।

## ३.७ गाउँपालिकाको लक्ष्य

***गाउँपालिकाबाट दिइने सार्वजनिक सेवामा सेवाग्राही, लक्षित वर्ग तथा स्थानीय बासिन्दाको सरल पहुँच स्थापना भई स्थानीय समुदायको सामाजिक आर्थिकस्तरमा वाञ्छित सुधार आएको हुनेछ ।***

## ३.८ स्थानीय तहका विकासको उद्देश्यहरु

प्रतापपुर गाउँपालिकाले शान्त, समृद्ध र समतामूलक समाज स्थापनाको दीर्घकालीन सोच र सोही अनुरुप लक्ष्यहरु निर्धारण गरेको परिप्रेक्ष्यमा आवधिक योजना कार्यान्वयनबाट उपलब्धि हासिल हुने क्रममा देहायका उद्देश्यहरु पूरा हुनेछन् ।

- व्यावसायिक कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ ।
- पूर्वाधार विकासको माध्यमद्वारा आर्थिक सामाजिक विकासको आधारशीला तयार हुनेछ ।
- प्राकृतिक श्रोतको दिगो उपयोग एवम् विपद् व्यवस्थापनद्वारा जीवनयापन सुरक्षित भएको हुनेछ ।
- शासकीय सुशासनको अभिवृद्धि तथा संस्थागत क्षमता बढेको हुनेछ ।
- दक्ष मानव श्रोतको विकास र विस्तारित रोजगारीद्वारा उच्च आर्थिक वृद्धि हासिल हुनेछ ।

## ३.९ परिमाणात्मक लक्ष्य

प्रतापपुर गाउँपालिकाको दीर्घकालीन सोचलाई पहिलो आवधिक विकास योजनाका लागि तय गरिएका आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक लक्ष्यहरूहासिल गरी वातावारणमैत्री र सुशासनयुक्त विकासको सुनिश्चितता गर्दै प्रतापपुरबासीको जीवनस्तर उकास्ने दीर्घकालीन लक्ष्य सहित आगामी पाँच वर्षका लागि देहाय बमोजिम परिमाणात्मक सूचकहरु हासिल हुने अपेक्षा गरिएको छ । आवधिक योजना अवधिमा हासिल गरिने समष्टिगत परिमाणात्मक लक्ष्य तालिका नं. – ३ मा दिईएको छ ।

**तालिका नं. – ३**

**प्रतापपुर गाउँपालिकाको परिणात्मक लक्ष्य**

| क्र. सं. | सूचकांक | इकाई | आधार रेखा वर्ष (०७७/०७८) | लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|
| १ | निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | ३८ | १५ |
| २ | आर्थिक वृद्धिदर | प्रतिशत | ७ | ९ |
| ३ | प्रति व्यक्ति आय | अमेरिकी डलर | ८१० | १५०० |

| क्र. सं. | सूचकांक | इकाई | आधार रेखा वर्ष (०७७/०७८) | लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|
| ४ | मानव विकास सूचकांक | सूचकांक | ०.४९३ | ०.६ |
| ५ | आफ्नो उत्पादन र कृषिबाट वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | ६० | ९० |
| ६ | वार्षिक खाद्यान्न उत्पादन | क्विन्टल | ३२२४०९ | ६०३५१७ |
| ७ | साक्षरता | प्रतिशत | ५९ | ८८ |
| ८ | पक्की घर संख्या | प्रतिशत | ३५ | ७० |
| ९ | व्यावसायिक/प्राविधिक सीपयुक्त दक्ष जनशक्ति | प्रतिशत | १४ | ५० |
| १० | बाल कुपोषण दर | प्रतिशत | ३.५ | ० |
| ११ | बाल बिबाहको दर | प्रतिशत | २५ | १० |
| १२ | महिला हिंसाका घटना वार्षिक | संख्या | ९० | २० |
| १३ | स्वास्थ संस्थामा गइ सुत्केरी गराउने महिला | प्रतिशत | ६० | ९५ |
| १४ | गाउँपालिका भित्रको बेरोजगार | प्रतिशत | १०.६८ | ५ |
| १५ | रुख विरुवाले ढाकेको हरियाली क्षेत्र | प्रतिशत | ०.१ | १ |
| १६ | औसत आयु | वर्ष | ६६ | ७२ |
| १७ | बाह्रै महिना सवारी साधन सञ्चालन हुने सडक | किमी | २११.७१ | २७० |
| १८ | कृषि क्षेत्रमा संलग्न जनसंख्या (कृषि र पशुपन्छी पालन) | प्रतिशत | ७० | ४० |
| १९ | वर्षभरि सिँचाइ सुविधा भएको जमिन | प्रतिशत | ३१ | ६१ |

(तथ्याङ्क आधारः लुम्बिनी प्रदेश प्रथम आवधिक योजना , गाउँपालिका वस्तुस्थिति विवरण २०७६)

मानव विकास सूचकांक, आर्थिक वृद्धिदर, निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्या, औषत आयु, प्रतिव्यक्ति वार्षिक आय जस्ता स्थानीयतहले उपलब्धि योगदान गर्ने सूचकहरुको आधारवर्षको तथ्याङ्क राष्ट्रियस्तर र प्रदेशस्तरको सालाखाला अङ्कलाई आधार मानि राखिएको छ । साथै घरधुरी सर्वेक्षण, २०७६ मा प्राप्त भएका तथ्याङ्कहरु स्थानीयस्तरको उपलब्धि प्रक्षेपणका लागि आधार मानिएको छ । राष्ट्रिय तथा प्रादेशिक सालाखाला अङ्कको अधिनमा रही सोही प्रवृत्तीमा परिमाणात्मक लक्ष्यहरु अनुमान प्रक्षेपण गरिएको हो ।

## ३.१० प्रमुख रणनीति, कार्यनीति

यस उपखण्ड अन्तर्गत रहने गाउँपालिकाको आवधिक योजनाको सोच तथा लक्ष्य पुरा गर्न लिइने विषयक्षेत्रगत रणनीति तथा कार्यनीति, प्रमुख कार्यक्रमहरु र विषयगत उपक्षेत्रगतको विस्तृत विवेचना, परिमाणात्मक लक्ष्य, अपेक्षित उपलब्धि र प्रमुख योजना तथा कार्यक्रमहरु

परिच्छेद- ४, ५, ६, ७ र ८ मा राखिएको छ र विषयक्षेत्रगत तथा उपक्षेत्रगत नतिजा खाकाहरु सजिलै एकैठाउँमा हेर्न मिल्नेगरी मेट्रिक्स तालिकाहरुमा समावेश गरिएको छ । योजनाको विभिन्न अवयव र प्रमुख कार्यक्रमहरु तथा सोका लागि आवश्यक कुल बजेट अनुमान बीचको अन्तरसम्बन्धलाइ यस उपखण्ड अन्तर्गत परिच्छेद- ९ मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार : आर्थिक विकास

नेपालको संविधानमा सुनिश्चित गरिएका नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहेको छ । यी भूमिकालाई निर्वाह गर्न स्थानीय सरकारले संविधानको परिधि भित्र रहेर, सङ्घ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यलाई टेवा पुग्ने दीर्घकालीन सोच सहित योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।नेपालको संविधानको अनुसूची -८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको अधिकार र जिम्मेवारी प्रदान गरेको छ ।यी विषयहरू दिगो विकासको लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य—१० (असमानताको न्यूनीकरण)सँग जोडिएका छन्। यसलाई मध्यनजर गरी यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्रहरु; उत्पादन, रोजगारी र आयको प्रमुख सम्भाव्य श्रोतका रूपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, वित्तीय व्यवस्थापन जस्ता क्षेत्रमा विकास प्रयासलाई डोऱ्याउन यी क्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा समग्र चुनौतिको विश्लेषण गर्दै अवलम्वन गर्नु पर्ने रणनीति र प्रमुख कार्यक्रमहरू तल प्रस्तुत गरिएको छ ।

## ४.१. कृषि विकास

### ४.१.१ विद्यमान अवस्था

प्रतापपुर गाउँपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिकाको कुल क्षेत्रफल ७१.१२ वर्ग कि. मि. मध्ये ९६.१५% भूभाग (६८.३९ वर्ग कि.मि.) कृषि योग्य क्षेत्र रहेको छ भने जम्मा ०.३२९ वर्ग कि.मि. क्षेत्रफलमा मानव बस्ती बसेको पाइन्छ र बाँकी २.४०६ वर्ग कि.मि. क्षेत्रफल ताल, तलैया, नहर जस्ता पानीको भागले ओगटेको छ ।यस गाउँपालिकाका अधिकांश जनसङ्ख्या मुख्य गरी कृषिमा पेसामा आधारित छन् । घरधुरी सर्वेक्षण २०७६ अनुसार कृषिमा आश्रित जनसंख्या २१,८७५ रहेको छ । यस गाउँपालिकामा अन्नबाली अन्तर्गत सबै भन्दा धेरै धान उत्पादन हुन्छ भने त्यसपछि गहुँ र मकै उत्पादन हुन्छ । नगदे बाली अन्तर्गत उखु, केरा, आलु, बेसार, अदुवा, दलहन र तोरी उत्पादन हुन्छ । २०७५/७६ मा यस गाउँपालिकामा ४,७६,८०९ क्विन्टल अन्नबाली तथा नगदे बाली उतपादन भएको थियो ।

### ४.१.२ अवसर र चुनौती

यस गाउँपालिकाको अधिकांश भू-भाग खेतीयोग्य रहेको छ । उष्ण हावापानी पाईने हुँदा धान, मकै, गहुँ तथा तोरी प्रशस्त फल्दछ । यो गाउँपालिका केराको पकेट क्षेत्रको रुपमा चिनिन्छ, भने परम्परागत रुपमा उखु उत्पादन हुँदै आएको छ। यहाँका किसानहरु वर्षभरी नै कृषिमै आधारित कार्यहरु गरिरहेका हुन्छन् ।यस भेगमा उत्पादित केरा, फलफुल, तरकारी सुनवल, बर्दघाट, बुटवल तथा भरतपुर सम्म पुऱ्याउन सकिन्छ । प्रशस्त सम्भावना भएका कृषि क्षेत्रहरूको अध्ययन गरी पकेट क्षेत्रको रूपमा बिस्तार र प्रवर्द्धन गर्न सकेको खण्डमा खाद्य सुरक्षामा प्रत्यक्ष रुपमा योगदान गर्न सक्ने प्रचूर सम्भावना रहेको छ । परम्परागत कृषि प्रणालीमा सुधार गरी कृषि उत्पादकत्व बढाउन, खाद्यान्न बाली (धान, मकै, गहुँ, मुसुरो दाल), नगदे बाली (उखु, केरा,अदुवा, बेसार, आलु,), मौषमी तथा वेमौषमी तरकारी बाली (तरुल, पिँडालु, सखरखण्ड, गोलभेँडा), फलफूल बाली (केरा, कागती, आँप, मेवा, अम्बा, रुखकटहर, जामुन) लगायतका बालीहरूको व्यावसायिक उत्पादनबाट उल्लेख्य आर्थिक लाभ तथा रोजगारी वृद्धि गर्न सकिने देखिन्छ । कृषिमा आधारित साना तथा मझौला कृषि प्रशोधन उद्योग सञ्चालन गर्न सकिने प्रशस्त सम्भावना छ ।

यस गाउँपालिकामा कृषि क्षेत्रमा प्रशस्त सम्भावनाको वाबजुद अधिकांश कृषकहरूमा कृषि व्यावसायिकिकरण, कृषि प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र अनुभबको कमी छ । परिणामस्वरूप उत्पादित बस्तुको संरक्षण र भण्डारण, उत्पादकत्व वृद्धिका लागि मलखाद र बिउबिजन प्रयोग जस्ता कामहरु व्यवस्थित र प्रभावकारी हुन सकेको छैन । भू-उपयोग नीतिको अभावमा आवासीय भूमि र कृषि भूमिको वर्गीकरण हुन सकेको छैन जसका कारण कृषियोग्य जमिनको खण्डीकरण र कृषि भूमि संकुचन भई यान्त्रिकीकरणमा अवरोध सृजना भएको छ ।

### ४.१.३ दीर्घकालीन सोच

कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकरण गरी दिगो आर्थिक वृद्धिदर हाँसिल गर्ने ।

## ४.१.४ रणनीति तथा कार्यनीति

यस योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको श्रोत , स्थानीय सङ्घसंस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा सङ्घ सरकारसँग साझेदारी र सहकार्य गरी आवधिक योजनामा प्राथमिकताको आधारमा देहाय अनुसारको रणनीति तथा कार्यनीति अवलम्वन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| • कृषिलाई व्यावसायिकिकरण गरी खाद्यमा आत्म निर्भर बनाई गरिबी घटाउने । | • भू-उपयोग नीति बनाई खेतीयोग्य जमिनको संरक्षण तथा मल, बिउ, बिजनको उपलब्धता सुनिश्चित गरिनेछ<br>• खेतीयोग्य बाँझो जमिनलाई प्रयोगमा ल्याई सामुहिक खेती तथा करार खेतीको अवधारणा अघि बढाइनेछ<br>• कृषि उत्पादकत्व र उत्पादन वृद्धिका लागि स्थानीय हावापानी, जलवायु अनुकुलन हुने बिउ, बिजन, नर्सरी हाउसको स्थापना गरिनेछ<br>• कृषिको व्यावसायिकरण, कृषक मैत्री प्रविधि र यान्त्रिकरणलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ<br>• स्थानीय रूपमा सम्भाव्य कृषि उत्पादनहरू (केरा, वेसार, कागती, उखु) जस्ता उच्च मूल्य वस्तुको उत्पादनमा वृद्धि, उत्पादित वस्तुलाई मूल्य श्रृंखला विकास गरी आय वृद्धि गरिनेछ । |
| • गाउँपालिकालाई कृषि केन्द्रको रुपमा विकास गर्ने । | • कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि पूर्वाधार र प्राविधिक जनशक्तिको स्थापना गरिनेछ<br>• किसानलाई समयमै उन्नत बिउ बिजन, मल तथा अन्य प्रविधिको व्यवस्थापन गर्न छुट्टै बिउबिजन तथा मल केन्द्रको स्थापना गरिनेछ<br>• स्थानीय उत्पादनको व्यवस्थित भण्डारण, सञ्चय , गुणस्तर वृद्धि सहित व्यावसायिकिकरणका लागि कृषि उत्पादन संकलन केन्द्रको स्थापना एवम् चिस्यान |

| रणनीति | कार्यनीति |
|---|---|
| | केन्द्र निर्माण गरिनेछ<br>• उत्पादित वस्तुको मूल्य श्रृंखला वृद्धिको लागि प्रशोधन उद्योगको स्थापना गर्न सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार लगानी प्रवर्द्धन गरिनेछ । |
| • उत्पादनको बजारीकरण तथा व्यावसायिक सहजीकरण गर्ने । | • केरा तथा उखुको उत्पादन र बिक्री वितरणलाई सहज बनाइनेछ तथा बजारीकरण प्रवर्द्धन गरिनेछ ।<br>• सहकारी संस्थाहरूसँगको साझेदारी कार्यक्रम अन्तर्गत कृषिको व्यवसायीकरण तथा बजारीकरणमा सहकारी संस्थाहरू सँगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । |
| • युवालाई कृषिमा आकर्षित गर्न विभिन्न सेवा तथा सुविधाहरु उपलब्ध गराउने । | • युवामैत्री कृषि कार्यक्रम, कृषिमा आधारित साना तथा लघु उद्यम विकास कार्यक्रम, युवा कृषि तालिम तथा युवाहरुलाई नमुना कृषि फर्महरुको अध्ययन भ्रमण गराईनेछ । |

### ४.१.५ प्रमुख कार्यक्रम

- व्यावसायिक कृषि अनुदान र छुट,
- कृषि यान्त्रिकरण,
- नगदे बाली बजार प्रवर्द्धन,
- कृषि उपज भण्डारण,
- कृषि चिस्यान केन्द्र,
- कृषिमा आधारित घरेलु तथा साना उद्योग प्रोत्साहन कार्यक्रम।

## ४.१.६ नतिजा खाका

| क्र.सं | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था ०७७/७८ | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| १ | कृषि क्षेत्रको उत्पादन तथा व्यावसायिकतामा अभिवृद्धि भएको हुनेछ । | परम्परागत कृषि पेशामा आवद्ध जनसंख्या | प्रतिशत | ७० | ४० |
| | | खेती गरिएको जमिन | हेक्टर | ६०२४ | ६७०० |
| | | सिञ्चित क्षेत्रफल | हेक्टर | ४६१६ | ५००० |
| | | वर्ष भरी सिँचाइ हुने भूमि | हेक्टर | २०९५ | ४११६ |
| | | मौसमी सिँचाइ हुने भूमि | हेक्टर | २५२१ | ५०० |
| | | वार्षिक फलफूल उत्पादन | क्विन्टल | १०००० | १५००० |
| | | वार्षिक नगदे बाली | क्विन्टल | १३९५९९ | २००००० |
| | | वार्षिक धान उत्पादन | क्विन्टल | २४४८५० | ३००००० |
| | | वार्षिक गहुँ उत्पादन | क्विन्टल | ४४६६२ | ७०००० |
| | | वार्षिक तोरी उत्पादन | क्विन्टल | ५२४६ | ८००० |
| | | वार्षिक अदुवा उत्पादन | क्विन्टल | २१४१२ | ४०००० |
| | | वार्षिक केरा उत्पादन | क्विन्टल | ४०००० | ७०००० |
| | | वार्षिक उखु उत्पादन | क्विन्टल | १२००० | १८००० |
| | | वार्षिक दलहन उत्पादन | क्विन्टल | १५०३७ | २१००० |
| | | वार्षिक आलु उत्पादन | क्विन्टल | ९७९०४ | १५०००० |
| | | व्यावसायिक कृषि फर्म | संख्या | ३५ | ६० |
| | गाउँपालिका कृषि केन्द्रको रुपमा विकसित हुनेछ | डेरी | संख्या | ० | १ |
| | | उन्नत बिउ बिजन केन्द्र (उखु, केरा, अदूवा, प्याज) | संख्या | ० | २ |
| | | बिउबिजन (नर्सरी) | संख्या | २ | ५ |
| | | मल खाद केन्द्र | संख्या | ० | २ |
| | | शीत भण्डारण | संख्या | ० | १ |
| | | कृषि तथा पशु प्राविधिक | संख्या | १० | ५० |
| | | कृषि विशेषज्ञ | संख्या | ० | ३ |

### ४.१.७ अपेक्षित उपलब्धि

यस गाउँपालिकामा मुख्य गरी केरा, उखु, अदुवा, प्याजको उत्पादन तथा व्यावसायिकता वृद्धि भई यस गाउँपालिका कृषि केन्द्रको रुपमा विकसित हुनेछ।

## ४.२. सिँचाइ विकास

### ४.२.१ विद्यमान अवस्था

यस गाउँपालिकाको ६,७२६ हेक्टर खेतीयोग्य जमिन मध्ये ४,६१६ हेक्टर जमिनमा सिँचाइ पुगेको छ । जसमध्ये २,०९५ हेक्टर जमिनमा वर्षभरी सिँचाइ सुविधा उपलब्ध छ भने २,५२१ हेक्टर जमिनमा मौषमी सिँचाइ सुविधा उपलब्ध छ । यस गाउँपालिकामा हाल ३ वटा सिँचाइ आयोजनाहरुः पर्सौनी सिँचाइ योजना, नेपाली गण्डक नहर र सूर्यपुरा माइनर सञ्चालनमा आएका छन ।

### ४.२.२ अवसर र चुनौती

प्रशस्त कृषि भूमि भएको, समतल भूभाग रहेको तथा खोला नाला र जलाधार क्षेत्र भएकाले यस गाउँपालिकाले सिँचाइको प्रशस्त सम्भावना बोकेको छ ।हाल यस गाउँपालिकामा सिँचाइका तीन वटा ठुला योजनाहरु सञ्चालनमा रहेका छन् ।यी आयोजनाहरुले ५०% भन्दा बढी भूमिमा सिँचाइ सुविधा पु-याएका छन।यहाँको भूगोल सिँचाइको निमित्त उपयुक्त भएकाले सबै खेतीयोग्य जमिनमा सिँचाइ पु-याउन सहज हुन्छ।यद्यपि ४०% कृषियोग्य जमिन मौषमी सिँचाइको भरमा रहिरहेको छ।अर्को तर्फ सबै भन्दा ठुलो नहर गण्डकको पानी भारतले लैजाने हुँदा यस ठाउँको किसानले उक्त नहरबाट यथेष्ट लाभ लिनसकेका छैनन्। गण्डक नहरको मूल खण्ड वडा नं ५, ७ र ९ भएर गएको भएपनि स्थानीय किसानहरुले गण्डक सिंचाइको सीमित रुपमा मात्र लाभ लिन सकेका छन्।

### ४.२.३ दीर्घकालीन सोच

सबै खेतीयोग्य जमिनलाई सिँचाइको पहुँचमा पु-याई कृषि क्षेत्र चलायमान गराउने ।

## ४.२.४. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै कृषि योग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराइ कृषि उत्पादन बढाउने । | • कुलो तथा नहर नपुग्ने क्षेत्रमा विद्युतीय सहायताले जमिनमुनिको पानी निकालेर सिँचाइ गरिनेछ<br>• प्रयोग हुँदै गरेका नहर तथा कुलोहरुको नियमित मर्मत सम्भार गरिनेछ<br>• हाल प्रयोगमा आइरहेको कुलो तथा नहरहरुको स्तर उन्नति गरिनेछ<br>• पोखरी, नहर, कुलोहरु निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत सम्भार कोषको स्थापना गरिनेछ<br>• सिंचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको श्रोत सहितको सहभागितामा, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ । |

## ४.२.५ प्रमुख कार्यक्रम

- कृषि विद्युतीकरण कार्यक्रम
- पुराना सिंचाइ मर्मत सम्भार कार्यक्रम

## ४.२.७. नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (८२/८३) |
|---|---|---|---|---|---|
| १ | नियमित सञ्चालन हुने सिँचाइ प्रणाली विकास हुनेछ । | बर्षैभरी सिँचाइ हुने जमिन | हेक्टर | २०९५ | ४११६ |
| | | मौसमी सिँचाइ हुने जमिन | हेक्टर | २५२१ | ५०० |
| | | विद्युतिय सिँचाइका लागि थपिएका पोल (गाउँपालिका गठन पश्चात ) | संख्या | ८०० | ३५०० |
| | | विद्युतिय सिँचाइका लागि तार (गाउँपालिका गठन पश्चात ) | किलोमिटर | ३२ | १४० |

### ४.२.८. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा ४,११६ हेक्टर खेतीयोग्य जमिनमा बर्षैंभरि सिँचाइ सुविधा उपलब्ध भएको हुनेछ र सिँचाइको लागि ३,५०० नयाँ विद्युतिय पोल जडान भई जमिन मुनिको पानीबाट सिँचाइ भएको हुनेछ ।

## ४.३. पशुपन्छी विकास

### ४.३.१ विद्यमान अवस्था

यस गाउँपालिकामा पशुपन्छी पालन क्षेत्रमा पनि कृषि सरहकै जनसंख्या संलग्न रहेका छन् ।यस क्षेत्रमा व्यावसायिक रुपमा मुख्य गरी बाख्रा पालन, भैंसीपालन, गाइपालन, कुखुरा पालन र माछा पालन गरिएको छ । घरधुरी सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिकामा हालसम्म ३५ वटा कृषि तथा पशु फर्महरु दर्ता भई सञ्चालनमा आइरहेका छन । जस अन्तर्गत २ वटा पोल्ट्री फार्म, ३३ वटा अन्य फार्म रहेका छन् । हाल करिब ४८ बिघा जमिनमा व्यावसायिकरुपमा माछापालन भईरहेको छ ।

### ४.३.२ अवसर र चुनौती

गाई तथा भैंसी फार्महरुको संख्या बढ्दै जानु र प्रत्येक घरमा कुखुरा तथा बाख्रा पाल्ने परिपाटी रहेकाले मासु, दुध र दुधजन्य उत्पादनका लागि ठूलो सम्भावना देखिन्छ।प्रदेशकै ठुलो व्यापारिक शहर बुटवल, भैरहवा तथा अर्को शहरीकरण हुँदै गरेको बर्दघाट नजिकमा भएको र सङ्घीय राजधानीको पनि सहज पहूँच भएकाले उत्पादित वस्तुले बजार पाउन सजिलो छ। उल्लेख्य संख्यामा माछापालन भई छिमेकी पालिकाहरु सम्म भुरा तथा माछाको बिक्री हुनु एकदमै सकारात्मक पक्ष हो । पशु विकासका लागि पर्याप्त चरण क्षेत्र विकास गर्न सकिने तथा पशुजन्य उत्पादनको वजारको प्रचुर सम्भावना रहेकाले उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, किसानहरूको व्यावसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा पशुपालन कार्यलाई थप व्यावसायिक बनाउन सकिने देखिन्छ ।अर्को तर्फ युवाहरुको संख्या उल्लेख्य रहेकाले पशुपालन सम्बन्धि तालिम तथा अनुदान दिन सकेमा युवाहरु थप आकर्षित भई गाउँमा नै रोजगारीको अवसर प्राप्त हुन्छ ।

यद्यपि उत्पादकत्व वृद्धिका लागि उन्नत नश्लसुधार, व्यावसायिक र विविधीकरण सहित प्रतिस्पर्धात्मक बजारको विकास हुन नसक्नु, प्रविधि तथा आधारभूत प्राविधिक सेवाको कमी,

उत्पादनमा संलग्न किसानहरूको व्यावसायिक दक्षता अभिवृद्धि जस्ता कार्य हुन नसक्नु मुख्य चुनौति रहेको छ । यसै गरी दुग्ध संकलन र ढुवानीको समस्या, पशु वधशाला, पशु बिमा सम्बन्धी चेतनाको कमी, घाँसको कमी, प्राविधिक जनशक्तिको कमी चुनौतीको रूपमा रहेको छ । किसानहरुलाई अनुदानको बारेमा ज्ञान नहुनु तथा यसको पहुँचमा साना किसानहरु पुग्न नसक्नु अर्को समस्या रहेको छ।

### ४.३.३ दीर्घकालीन सोच

पशुपालन व्यवसायलाई विविधीकरण, व्यावसायिकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गर्ने ।

### ४.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • पशु पन्छी प्रवर्द्धन तथा विकास कार्यक्रम लागु गर्ने । | • पशु प्रविधिक सेवा, पशु बीमा, नक्ष सुधार, कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ<br>• माछा, मासु, अन्डा आदि व्यावसायिकरण गरि उत्पादनको लागत घटाइनेछ<br>• व्यावसायिक पशुपालनका लागि आवश्यक घाँस, दाना तथा पूर्वाधार निर्माणमा अनुदानको व्यवस्था गरिनेछ । |
| • पशुपालक किसानहरुको क्षमता अभिवृद्धि गर्ने । | • व्यावसायिक पशुपालक किसानहरुलाई तालिमहरु दिएर क्षमता विकास गरिनेछ साथै वार्षिक रुपमा उत्कृष्ट किसानहरूलाई पुरस्कृत गरिनेछ।<br>• पशुपालक किसानहरुलाई अध्ययन भ्रमण गराइनेछ । |
| • गाउँपालिकालाई दुध, मासु तथा माछाको प्रमुख केन्द्रको रुपमा चिनाउने । | • दुध संकलन, ढुवानी, एवम् प्रशोधनको लागि सहकारी मार्फत सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार डेरीको स्थापना गरिनेछ<br>• स्वस्थ्य मासु उत्पादन र उपभोग प्रवर्द्धनका लागि मासु जाँच प्रणाली व्यवस्थित गरी आधुनिक बधशाला मार्फत स्वच्छ र |

| रणनीति | कार्यनीति |
|---|---|
| | गुणस्तरीय मासु उपभोगमा सहजिकरण गरिनेछ<br>• माछाको व्यावसायिक वक्री वितरणको निमित्त शहरी क्षेत्रहरुमा फ्रेश हाउसको स्थापना गरिनेछ । |
| • पशु विकासको लागि सेवा उपलब्ध गराउन सहजीकरण गर्ने । | • पशु चौपायमा लाग्ने सरुवा रोग नियन्त्रणको लागि भ्याक्सिनेसन गरिनेछ ।<br>• माछा मासुलाई मूल्य श्रृंखलासँग जोड्ने तथा पशु बीमा तथा पशुपालन सम्बन्धी निःशुल्क परामर्श सेवा दिइनेछ । |

### ४.३.५ प्रमुख कार्यक्रम

- पशु प्रजनन तथा पशु आहार प्रवर्द्धन कार्यक्रम,
- पशु स्वास्थ्य तथा बीमा कार्यक्रम,
- दुग्ध व्यवसाय प्रवर्द्धन तथा प्रशोधन अनुदान कार्यक्रम,
- व्यावसायिक पन्छीपालन कार्यक्रम,
- व्यावसायिक मत्स्य विकास कार्यक्रम,
- मासु पसल सुधार तथा बधशाला स्थापना,
- कृषि सहकारी प्रवर्द्धन कार्यक्रम ।

### ४.३.६ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| १ | पशुपन्छीजन्य उत्पादनको गुणस्तर तथा परिमाणमा वृद्धि भएको हुनेछ । | आवद्ध कृषक संख्या | संख्या | १४०९ | २८०० |
| | | व्यावसायिक पशु-पन्छीपालन फर्म | संख्या | ३५ | १०० |
| | | दुग्ध उत्पादन (प्रतिदिन) | लिटर | १०००० | १५००० |
| | | माछा उत्पादन | क्विन्टल | ११५ | २०० |
| | | कुखुरा | के.जी. | १५००० | ३०००० |

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| | | मासु प्रशोधन तथा बधशाला | संख्या | ० | २ |
| | | माछा फ्रेस हाउस | संख्या | ० | ४ |
| | | पशु चिकित्सक | संख्या | ० | २ |
| | | पशु प्रजनन केन्द्र | संख्या | ० | १ |

### ४.३.७ अपेक्षित उपलब्धि

आवधिक वर्षको अन्त्यसम्म व्यावसायिक रुपमा वार्षिक माछा उत्पादन २०० क्विन्टल तथा प्रतिदिन १५००० लिटर दुध उत्पादन भएको हुनेछ ।त्यसै गरी २ वटा मासु प्रशोधन तथा बधशाला, ४ वटा माछा फ्रेश हाउस र १ पशु प्रजनन केन्द्रको निर्माण भएको हुनेछ ।

## ४.४. घरेलु तथा साना उद्योग

### ४.४.१ विद्यमान अवस्था

नेपालको सबैभन्दा लामो पूर्व पश्चिम राजमार्ग छेउमै रहेको यो गाउँपालिका भारतसँग जोडिएको र लुम्बिनी प्रदेशको मुख्य व्यापारिक केन्द्र भैरहवा र बुटवलसँग नजिकैको दुरीमा रहेकाले व्यापार, कृषि, तथा रोजगारीको लागि यस क्षेत्रका बासिन्दाहरुका लागि सहज वातावरण रहेको छ । यस पालिकामा व्यापार व्यवसाय अन्तर्गत उद्योग संख्या नगन्य रहेको छ । स्थानीय बासिन्दाहरु खाद्यान्न पसल, खुद्रा पसल, कपडा तथा हार्डवेयर पसल जस्ता साना खालका व्यापार व्यवसायमा आबद्ध भएको देखिन्छ ।कृषिमा आधारित साना उद्योगहरु छिटपुट रुपमा सञ्चालनमा रहेका छन् ।

### ४.४.२ अवसर र चुनौती

युवाहरुको संख्या उल्लेख्य भएको, युवाहरुको ठुलो हिस्सा वैदेशिक रोजगारीमा गएको, कृषिमा आधारित कच्चा पदार्थ प्रशस्त भएकोले यस गाउँपालिकाले घरेलु तथा साना उद्योगको सम्भावना बोकेको छ । खेती योग्य जमिन प्रशस्त हुनु, केरा तथा उखुको पकेट क्षेत्र हुनु, धान तथा गहुँको उत्पादन उल्लेख्य हुनु र स्थानीय जनताको आफ्नै परम्परागत ज्ञानहरु भएकाले घरेलु तथा साना उद्योगको माध्यमले यस क्षेत्रका बासिन्दाको जीवनस्तर उकासिने प्रशस्त सम्भावना

रहेको छ । स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित कृषि तथा पशुजन्य प्रशोधन उद्योगको सम्भावना देखिन्छ ।

यद्यपि विकासमा निजी क्षेत्रको न्यून सहभागिता, सामाजिक तथा आर्थिक विपन्नता, आन्तरिक श्रोतको कमी तथा दक्ष जनशक्तिको अभाव जस्ता समस्याले गर्दा घरेलु तथा साना उद्योगको अपेक्षित विकास हुन सकेको छैन । युवाहरुमा गाउँमा नै केहि गर्न सकिन्छ भन्ने भावना पैदा हुन सकेको छैन। उद्योग तथा व्यवसाय प्रवर्द्धन तर्फ स्पष्ट नीतिको अभाव, तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, दक्ष जनशक्ति तथा प्राविधिक ज्ञान तथा सीपको कमी रहेको छ । स्थानीय सीपको प्रवर्द्धन गरी उद्यममा लगानी प्रवर्द्धन गर्न नसक्नु,, निजी तथा सहकारी क्षेत्रहरुको उद्योग तथा व्यवसायमा लगानी कम हुनु, उद्योग स्थापनाका लागि आवश्यक भौतिक पूर्वाधार तथा संरचनाको कमी, उद्यमशिलता तथा व्यावसायिक ज्ञानको कमी हुनु चुनौतिको रुपमा देखिन्छ ।

### ४.४.३ दीर्घकालीन सोच

स्थानीय श्रोत, साधन र जनशक्तिलाई व्यावसायिकरण गर्दै, स्वरोजगारमुलक, रोजगारमुलक उद्योग व्यवसायहरूको विकास गरी आर्थिक समृद्धिमा टेवा पु-याउने ।

### ४.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • स्थानीय श्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योगको विकास र बिस्तार गर्ने । | • कृषि, पशुपन्छी, माछा तथा परम्परागत प्रविधिमा आधारित उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी उद्योगको स्थापना गरिनेछ<br>• युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ<br>• उद्योग स्थापना गर्न आवश्यक पर्ने लगानी अभिवृद्धिको लागि उद्यमीहरुलाई वित्तीय संस्था तथा सहकारी मार्फत सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ । |

### ४.४.५ प्रमुख कार्यक्रम

- उद्योगको सम्भाव्यता अध्ययन,
- कृषि र पशुपन्छी प्रशोधन उद्योग स्थापना र सञ्चालन,

- दक्ष जनशक्ति निर्माण कार्यक्रम,
- उद्यम व्यवसाय नीति तर्जुमा कार्यक्रम,
- केरा, उखु, बेसार, अदुवा, आलुबाट बन्ने खाद्य सामग्रीमा आधारित उद्योग,
- युवा उद्यम विकास कार्यक्रम ।

### ४.४.६ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| | घरेलु तथा साना उद्योग तथा व्यवसायीको संख्यामा वृद्धि भएको हुनेछ । | साना तथा घरेलु उद्योग संख्या | संख्या | ५ | १०० |
| | | दर्ता गरी सञ्चालन भएका साना व्यवसाय | संख्या | १५७ | ५०० |
| | | स्थानीय उद्योग तथा व्यवसायमा रोजगार व्यक्ति | जनसंख्या | ८००० | १२००० |
| | | व्यावसायिक सीपमुलक तालिम लिने व्यक्तिको संख्या | संख्या | ५०० | ३००० |

### ४.४.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा १०० वटा घरेलु तथा साना उद्योग, ५०० साना व्यवसाय र स्थानीय व्यवसायबाट रोजगारी प्राप्त जनसंख्या १२००० हुनेछ ।

## ४.५. पर्यटन विकास

### ४.५.१ विद्यमान अवस्था

यस गाउँपालिकामा जलाधार क्षेत्रहरु तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थानहरु भएकाले पर्यटनको लागि प्रशस्त सम्भावना रहेको छ। धार्मिक दृष्टिकोणले महत्वपूर्ण रहेको बाउन्नदेवी मन्दिरमा वर्षेनी उल्लेख्य संख्यामा भारत र छिमेकी पालिकाहरुबाट दर्शनार्थीहरु दर्शन गर्न आउने गर्दछन्, यसले आन्तरिक पर्यटन प्रवर्द्धनमा  टेवा पुगेको छ । यस गाउँपालिकाको वडा

नं १ मा रहेका जमुनिया, भूतहिया लगायत अन्य चार वटा ताल पोखरीका साथै वडा नं ५ मा अवस्थित बसहिया टोला र धमौली तालहरुमा घुम्न र रमाउन आउने आन्तरिक पर्यटकको संख्या पनि उल्लेख्य रहेको छ ।

### ४.५.२ अवसर र चुनौती

यस गाउँपालिकामा बेसार, केरा तथा उखु खेती प्रशस्त हुने हुँदा कृषि पर्यटकको सम्भावना रहेको छ। धार्मिक महत्व बोकेको बाउन्ने मन्दिरलाई थप प्रचारप्रसार गर्न सके धार्मिक पर्यटकको संख्या बढाउन सकिन्छ। यहाँ भएको ताल तथा पोखरीहरुको संरक्षण र प्रवर्द्धन गर्न सकेमा थप आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिन्छ। आदिवासी जनजातिको सांस्कृतिक विशेषताको संरक्षण तथा प्रचारप्रसार गर्न सकेमा थप पर्यटक भित्र्याउन सकिन्छ। पर्यटनमा अपार सम्भावना भएतापनि स्थानीय पर्यटकीय स्थलहरूका प्रवर्द्धनका लागि पर्याप्त स्रोतका कमी, प्रचार प्रसारको कमी, पर्यटकीय आकर्षण जगाउँने प्रचारात्मक क्रियाकलाप गर्न नसक्नुले पर्यटन प्रवर्द्धन गर्न सकिएको छैन। पर्यटन व्यवसायको विकास तथा बिस्तारका लागि आवश्यक रणनीति तथा कार्ययोजनाको अभाव, कमजोर पूर्वाधार तथा भौतिक संरचना, स्थानीय सरकार तथा समुदायसँग आवश्यक पर्यटक विकासको लागि यथोचित सोच र संस्कारको कमी, पर्यटकीय गन्तव्यहरूको पहिचान खोज तथा अनुसन्धान र पर्यटकीय पथहरूको पहिचान एवम् प्रवर्द्धन हुन नसक्नु, पार्क तथा संग्रहालय, पर्यटकीय गाईड, सूचना तथा सेवाको कमीका कारण पर्यटन क्षेत्रबाट गाउँपालिकाले खासै लाभ लिन सकेको अवस्था छैन ।

### ४.५.३ दीर्घकालीन सोच

धार्मिक, प्राकृतिक र कृषि पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।

### ४.५.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • पर्यटन विकासको लागि आवश्यक पूर्वाधार सहित आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने । | • गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सो अनुसारको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ<br>• पर्यटकीय स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र बिस्तार गरिनेछ<br>• निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास |

| | |
|---|---|
| | कार्यहरु सञ्चालन गरिनेछ<br>• पर्यटन विकास र बिस्तार कार्यलाई सम्पदाको संरक्षण तथा प्रवर्द्धन सँग एकीकृत गरी सञ्चालन गरिनेछ । |

### ४.५.५ प्रमुख कार्यक्रम

- बाउन्नगढी मन्दिर प्रवर्द्धन कार्यक्रम,
- चोरनिया नदी संरक्षण तथा सुन्दरीकरण,
- आदिवासी संग्राहलय स्थापना
- थारु संस्कृति झल्किने होम स्टे सञ्चालन ।

### ४.५.६ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| १ | पर्यटकीय क्षेत्रको प्रवर्द्धन र पर्यटन व्यवसायमा गुणात्मक सुधार भएको हुनेछ | पर्यटकीय क्षेत्रमा संलग्न व्यवसाय | संख्या | ६ | २५ |
| | | पर्यटकीय स्थल | संख्या | ३ | ५ |
| | | होटल | संख्या | २५ | ५० |
| | | आदिवासी संग्राहलय तथा संस्कृति घर | संख्या | ० | १ |
| | | होम स्टे सञ्चालन | संख्या | ० | २० |
| | | पर्यटक | संख्या | २००० | १०००० |

### ४.५.८. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा आन्तरिक पर्यटकको संख्या प्रति वर्ष १०,००० पुग्नेछ, आदिवासी संग्रहालय सञ्चालनमा आउनेछ, तथा २० वटा होम स्टे सञ्चालनमा आएको हुनेछ ।

## ४.६. बैंकिङ सेवा बिस्तार तथा सहकारी विकास

### ४.६.१ विद्यमान अवस्था

प्रतापपुर गाउँपालिकामा बैंकिङ तथा सहकारी अन्तर्गत बैंक, लघुवित्त, सहकारी रहेका छन् । जस अन्तर्गत ७ वटा क वर्ग का बैंकहरु, ३ वटा विकास बैंक, ११ वटा लघु बित्त तथा २६ वटा सहकारी संस्थाहरु रहेका छन् ।

### ४.६.२ अवसर र चुनौती

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाप्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।यहाँका अधिकांश मानिसहरु कृषि तथा घरेलु जन्य क्रियाकलापमा लागेका हुँदा, सहकारी सम्मको पहुँचले बचत गर्ने बानीको विकास हुनुका साथै तथा ऋण लिन पनि सजिलो हुन्छ। अर्कोतर्फ वैदेशिक रोजगारबाट आउने विप्रेषणलाई सदुपयोग गरी उत्पादकमूलक क्षेत्रमा लगानी गर्न सकेमा यस क्षेत्रको आर्थिक अवस्थामा उल्लेख्य सुधार आउनेछ । तथापी, स्थानीय बासिन्दामा बचत गर्नु पर्छ भन्ने भावनाको विकास हुन सकेको छैन ।वित्तीय साक्षरता, उद्यमशीलता र बजारीकरण जस्ता क्षेत्रमा पर्याप्त ज्ञानसीपको अभावका कारण अधिकांश सहकारी संस्था मार्फत परिचालन हुने पुँजी उत्पादन वा उद्यम विकासमा भन्दा सामाजिक व्यवहार र उपभोग्य क्षेत्रमा नै बढी लगानी भईरहेको अवस्था छ । गरीब तथा लक्षित वर्ग वाणिज्य बैंकको पहुँच सम्म पुग्न सकिरहेको छैन । स्थानीय सहकारी संस्था र सदस्यहरुमा पनि उद्यमशिलताको ज्ञान, सीप र अनुभवको कमीको कारण यसको विकास र बिस्तार गति न्यून रहेको छ ।

### ४.६.३ दीर्घकालीन सोच

सबै गाउँपालिकावासीलाई बैंक तथा वित्तीय सेवामा सहज पहुँच गराउने ।

### ४.६.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • वित्तीय सेवा सबै जनताको पहुँचमा पुऱ्याई | • हरेक परिवारलाई बचत गर्न अभिप्रेरित गर्न वित्तीय साक्षेरता कार्यक्रम सञ्चालन गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| बचत गर्ने बानीको विकास गर्दै उत्पादक क्षेत्रमा लगानी बढाउन प्रोत्साहन गरिने । | • सरकारी अनुदान लक्षित वर्ग तथा समुदायसम्म पु-याउन सहकारी मार्फत वितरण गर्ने नीति निर्माण गरि कार्यान्वयन गरिनेछ<br>• महिला सहकारी र टोल विकास संस्था मार्फत सीपमुलक, स्वरोजगारमुलक तालिम सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरिक तयार गरिनेछ । |

### ४.६.५ प्रमुख कार्यक्रम

- वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम,
- महिला वचत तथा सहकारी प्रवर्द्धन कार्यक्रम,
- सहकारी क्षमता विकास, प्रोत्साहन तथा सचेतना कार्यक्रम,
- निःशुल्क बैंक खाता कार्यक्रम ।

### ४.६.६ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७७-७८) | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| १ | वित्तीय सेवामा सबैको सहज पहूँच स्थापित भएको हुनेछ । | सहकारी संस्था | संख्या | २६ | ४० |
| | | बैंक तथा वित्तीय संस्थामा खाता हुने घरधुरी | प्रतिशत | ८० | ९५ |
| | | औपचारिक क्षेत्रबाट ऋण लिने घरधुरी | प्रतिशत | ६० | ८० |

### ४.६.८. अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्म ९५ प्रतिशत घरधुरीको वित्तीय संस्थामा पहुँच भएको हुनेछ ।

## ४.७ उद्यमशिलता र रोजगारी प्रवर्द्धन

### ४.७.१ विद्यमान अवस्था

यस गाउँपालिकामा रोजगारीको खोजीमा खासगरी भारत तथा अन्य खाडी मुलुकमा युवाहरु गएको देखिन्छ । घरधुरी सर्वेक्षण २०७६ अनुसार, वैदेशिक रोजगारीमा गएका युवाहरुको संख्या १६५३, विभिन्न पेशामा आबद्ध युवा संख्या ११७२ र व्यापार व्यवसायमा सामेल संख्या १०७५ रहेको छ । बेरोजगार युवाको संख्या ३११४ छ भने २३५० जनाको पेशा खुलेको देखिंदैन ।

### ४.७.२ अवसर र चुनौती

यस गाउँपालिकामा युवा जनशक्तीको बाहुल्यता हुनु, कृषिमा आधारित साना, मझौला तथा ठुला उद्योगहरुको लागि चाहिने कच्चा पदार्थहरु प्रशस्त हुनुले कृषिजन्य उद्योग स्थापना गर्न सकिने सम्भावना रहेको छ । विभिन्न सीप विकास तालिमहरु सञ्चालन गर्दै, युवा तथा महिलाहरुलाई साना उद्योग स्थापना गर्नको निमित्त पुँजी उपलब्ध गराउन सकेको खण्डमा रोजगारका प्रशस्त अवसरहरु हुन सक्छ । यद्यपि युवा तथा महिलाहरुलाई आवश्यक सीपमुलक तालिमको कमी, उद्योग स्थापनाको लागि आवश्यक पुँजीको अभाव, तथा युवाहरुमा वैदेशिक रोजगारी प्रति आकर्षण बढी हुनुले औद्योगिक विकास तथा रोजगारी प्रवर्द्धनमा कठिनाइ भएको छ । गाउँपालिकाको आफ्नै औद्योगिक नीति नहुँदा औद्योगिक विकासमा थप कठिनाई रहेको छ ।

### ४.७.३. दीर्घकालीन सोच

सीप विकास तालिम र लगानीको सुनिश्चितता गर्दै रोजगारी प्रवर्द्धन गर्ने ।

### ४.७.४. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सीप विकासको सुनिश्चितता गर्दै रोजगारी प्रवर्द्धन गर्ने । | • स्थानीय उत्पादनलाई बढावा दिन कृषि तथा पशुमा आधारित उद्योगहरुको स्थापनामा निजी क्षेत्र, सहकारी क्षेत्रसँग साझेदारी गरिनेछ<br>• लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ<br>• महिला तथा पिछडिएका वर्ग, बेरोजगार युवाहरूको सीप, व्यावसायिक क्षमता र |

| रणनीति | कार्यनीति |
|---|---|
| | उद्यमशिलताको विकास गराइनेछ<br>• स्थानीय सीपलाई आधुनिकिकरण र व्यावसायिकरण गर्न स्थानीय सीपमा आधारित र श्रममूलक घरेलु तथा साना उद्योगहरूको व्यवस्थापन क्षमता विकास गर्ने कार्यहरू सञ्चालन गरिनेछ<br>• परम्परागत पेशासँग सम्बन्धित सीपको प्रवर्द्धन र विकास गरी तिनलाई व्यवसायको रूपमा विकास गरिनेछ । |

### ४.७.५ प्रमुख कार्यक्रम

- व्यावसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम,
- परम्परागत पेशा तथा सीप विकास कार्यक्रम,
- लोक सेवा तयारी कक्षा सञ्चालन कार्यक्रम ।

### ४.७.६ नतिजा खाका

| क्र सं | नतिजा | सूचक | एकाइ | आधार वर्ष को अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| १ | सीप विकासको माध्यमबाट उद्यमशिलता अभिवृद्धि हुनेछ | लघु उद्यम सुरु गरेका (वार्षिक ) | संख्या | १२० | ३०० |
| | | लघु उद्यमी ऋण पहुँच (वार्षिक ) | संख्या | २० | ८० |
| | | वार्षिक रोजगारी (नयाँ) | संख्या | ४८० | २००० |

### ४.७.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्म ३०० नयाँ लघु उद्यमको सुरुवात र वार्षिक नयाँ रोजगारी २००० सिर्जना भएको हुनेछ ।

# परिच्छेद पाँचः सामाजिक विकास

नेपालको संविधान २०७२ ले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजमा पछाडि परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानुनी तथा नीतिगत आधारहरू तयार भईसकेका छन्। नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरूलाई महत्वपूर्ण रुपमा उठान गरेको छ भने १५ औं राष्ट्रिय योजनाले समेत उपरोक्त विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न सङ्घीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले निरन्तर प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । प्रतापपुर गाउँपालिकामा स्वस्थ्य, सक्षम र सृजनशील जनशक्ति उत्पादन गर्न, आर्थिक रुपले सक्रिय नागरिकहरूलाई आर्थिक विकासका विभिन्न क्षेत्रमा सहभागी गराउन र समाजलाई लैङ्गिकमैत्री, विभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा विद्यमान सम्भावना र अवसर, समस्या तथा चुनौतिका अतिरिक्त आगामी दिनमा चाल्नु पर्ने रणनीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.१ शिक्षा

### ५.१.१ विद्यमान अवस्था

गाउँपालिका वस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिकामा आधारभूत, माध्यमिक, प्राविधिक र मदरासा गरी कुल ४६ वटा विद्यालयहरु रहेका छन । यहाँ २३ वटा सामुदायिक विद्यालय,१६ वटा निजी विद्यालय, ६ वटा मदरसा तथा १ वटा प्राविधिक शिक्षालय रहेका छन् ।पालिकामा सामुदायिक विद्यालय अन्तर्गत ८ वटा आधारभूत तथा १५ वटा माध्यमिक विद्यालय छन् भने निजी विद्यालय तर्फ ९ वटा आधारभूत तथा ७ वटा माध्यमिक विद्यालय रहेका छन् । सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये दुईवटा विद्यालयहरुमा कक्षा १२ सम्मको अध्ययन हुन्छ । त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा वडा नं. ९ मा रहेको त्रिभुवन उच्च माध्यमिक विद्यालयमा स्नातक तह सम्मको अध्ययन हुन्छ।गाउँपालिका वस्तुस्थिति विवरण २०७६ अनुसार यस क्षेत्रको सामुदायिक विद्यालयहरुमा ३,७४६छात्रा र ३,२९० छात्र गरि जम्मा ७,०३६ जना विद्यार्थीहरू अध्ययन गरिरहेका छन । यसैगरी यस क्षेत्रको निजी

विद्यालयहरुमा १,३३५ छात्रा र २,१२८ छात्र गरी जम्मा ३,४६३ विद्यार्थीहरु अध्ययन गरिरहेका छन्। घरधुरी सर्वेक्षण २०७६ का आधारमा जम्मा जनसंख्या ४६,६७० मध्ये ३६,१०९ जनाले प्राथमिक तथा सो भन्दा बढी अध्ययन गरेको देखिन्छ, जुन ७७.२% हुन आउँछ । यस गाउँपालिकामा ७३० जनाले स्नातकोतर सम्म, १,३०२ जनाले स्नातकसम्म तथा २६३२ जनाले उच्च माध्यमिक तह सम्मको अध्धयन गरेका छन् । माध्यमिक तहमा अध्ययन गरिरहेका तथा माध्यमिक तह सम्म अध्ययन गरेको संख्या १९,४७४ रहेको छ । माध्यमिक शिक्षा प्राप्त गरिसकेपछि ठुलो संख्याले पढाई छोड्ने प्रवृति रहेको पाइन्छ, खास गरी कामको खोजीमा शहर पस्ने तथा वैदेशिक रोजगारीमा जाने परिपाटी रहेको पाइन्छ ।

### ५.१.२ अवसर र चुनौती

सबै वडामा विद्यालय रहेकाले बालबालिकाहरु शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था देखिँदैन । गाउँपालिकामा नै क्याम्पस रहेको हुँदा उच्च शिक्षाको लागि समेत सहज बन्दै गएको छ । अधिकांश बालबालिका विद्यालयको पहुँचमा भएकाले उत्पादनशील मानव पुँजी निर्माण गर्न सकिने सम्भावना रहेको छ । युवाहरुको संख्या उल्लेख्य हुँदा प्राविधिक विद्यालयलाई बिस्तार गर्न सकेमा गाउँपालिका भित्र आवश्यक जनशक्ति उत्पादन हुने सम्भावना रहेको छ । विद्यालयहरूमा स्थानीय पाठ्यक्रमलाई पनि समावेश गरेर स्थानीय परिवेश बारे सुसूचित गराउन सकिन्छ ।

धेरै अवसरका वावजुद पनि शैक्षिक क्षेत्रमा विविध समस्या र चुनौतिहरू विद्यमान रहेका छन् । अधिकांश विद्यालयमा विद्यार्थीहरुले बिचमै पढाई छाड्ने परिपाटी रहेको छ र विद्यालयहरूमा तहगत र विषयगत शिक्षक, छात्रामैत्री शौचालयको व्यवस्था सहित सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पूर्वाधारको कमी छ । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर शिक्षक र सुचना प्रविधिको उपयोगका साथै अतिरिक्त क्रियाकलापको कमीले शिक्षाको गुणस्तरमा अपेक्षित सुधार हुन सकिरहेको छैन । माध्यमिक शिक्षापछि पढाई छोड्ने युवाहरुको संख्या ठुलो मात्रामा रहेको छ, खासगरी उच्च शिक्षा हासिल गरे पश्चात स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीको संख्या एकदम न्यून रहेको छ ।

### ५.१.३ दीर्घकालीन सोच

प्राविधिक तथा विश्व-विद्यालय तह सम्मको शिक्षामा सबैको पहुँच बढाउने र शिक्षाको गुणस्तर वृद्धि गर्ने ।

### ५.१.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • माध्यमिक, प्राविधिक तथा उच्च शिक्षामा सबैको सहज पहुँच बढाउने तथा शिक्षाको गुणस्तर वृद्धि गर्ने । | • विद्यालयमा मापदण्डअनुसारको पक्की भवन, पर्खाल, शौचालय, पुस्तकालय निर्माण गरिनेछ<br>• सबै विद्यालयमा इन्टरनेट, कम्प्युटर ल्याब तथा विज्ञान प्रयोगशाला उपलब्ध गराईनेछ<br>• उमेर समुहका सबै बाल बालिकालाई विद्यालयमा भर्ना हुने वातावरण तयार गरिनेछ<br>• शिक्षाको गुणस्तर कायम गर्न पर्याप्त जनशक्ति, क्षमता विकास, शिक्षण सामाग्री वितरण गरिनुका साथै नियमित अनुगमन गरिनेछ<br>• प्राविधिक शिक्षालयको बिस्तार गरी दक्ष जनशक्ति निर्माण गरिनेछ ।<br>• उच्च शिक्षाको अध्ययनमा विद्यार्थीहरूको आकर्षण बढाउन पूर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ । |

### ५.१.५ प्रमुख कार्यक्रम

- विद्यालय क्षेत्र सुधार कार्यक्रम,
- कृषि, प्राविधिक र सीपमूलक शिक्षा कार्यक्रम,
- नमूना विद्यालय निर्माण कार्यक्रम,
- विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम,
- सूचना प्रविधियुक्त कक्षा व्यवस्थापन कार्यक्रम,
- उत्कृष्ट शिक्षक विद्यार्थी सम्मान कार्यक्रम,
- विद्यालय तथा सामुदायिक पुस्तकालय कार्यक्रम,
- विज्ञान प्रयोगशाला बिस्तार कार्यक्रम,
- निःशुल्क स्यानीटरी प्याडको व्यवस्था ।

## ५.१.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षाको गुणस्तर र पहुँचमा वृद्धि भएको हुनेछ । | साक्षरता दर | प्रतिशत | ५९.२ | ९० |
| | | साक्षरता दर पुरुष | प्रतिशत | ७१.७५ | ९५ |
| | | साक्षरता दर महिला | प्रतिशत | ४७.१७ | ८५ |
| | | प्रारम्भिक बाल विकास केन्द्र | संख्या | २३ | २७ |
| | | विद्यालय भर्ना भएका मध्ये बालविकासबाट कक्षा १ भर्ना | प्रतिशत | ८४% | १०० |
| | | नयाँ विद्यार्थी भर्ना-कक्षा १ (बाल विकासको अनुभव बिना) | प्रतिशत | १६% | ० |
| | | विद्यालय वाहिर रहेका बाल वालिका | प्रतिशत | १२% | ० |
| | | कक्षा १-५ औषत  नतिजा | प्रतिशत | ५४.९४ | ७५ |
| | | कक्षा ६-८ को औषत नतिजा | प्रतिशत | ४४.६८ | ७० |
| | | कक्षा ९-१० को औषत नतिजा | प्रतिशत | ५१.२८ | ६५ |
| | | सिकाइमा विद्युतिय सूचना प्रविधिको उपयोग गर्ने विद्यालय | संख्या | ० | ६ |
| | | कक्षा दोहोर्याउने विद्यार्थी (कक्षा ६-१०) | प्रतिशत | १३.७ | ० |
| | | विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | ८ | १६ |
| | | जम्मा विद्यार्थी (कक्षा १२ सम्म) | संख्या | ११९४७ | कक्षा १० पास गरेका सबै |
| | | जम्मा एस.ई.ई. सहभागी विद्यार्थी दर | प्रतिशत | ८९.५ | १०० |
| | | प्राविधिक शिक्षालय | संख्या | १ | २ (कृषि, भेटनरी र प्राविधिक ) |
| | | विज्ञान पढाई हुने मा. बि. | संख्या | १ | स्तरीय विज्ञान प्रयोगशाला बनाउने |
| | | मानविकी तथा व्यवस्थापन क्याम्पस | संख्या | ० | १ |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | | पुस्तकालय सहितको विद्यालय तथा क्याम्पस | संख्या | ६ | २० |
| | | पक्की सामुदायिक विद्यालय भवन | संख्या | २६ | भवन तथा कक्षाकोठा मर्मत तथा सुधार गर्ने |

### ५.१.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा पुस्तकालय सहितको विद्यालय संख्या २०, विज्ञान प्रयोगशाला भएको विद्यालय १६, प्रारम्भिक बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने विद्यार्थी संख्या शत प्रतिशत र कक्षा १० पास गरेका शत प्रतिशतले कक्षा १२ अध्ययन गरेका हुनेछन् र पालिका क्षेत्रभित्रका सवै बालबालिका विद्यालयको पहुँचमा हुनेछन्।

## ५.२. स्वास्थ्य तथा पोषण

### ५.२.१ विद्यमान अवस्था

स्वास्थ्य सेवाको रुपमा यस गाउँपालिकामा ६ वटा स्वास्थ्य चौकी, १ वटा आयुर्वेदिक अस्पताल र १ वटा प्राथमिक स्वास्थ्य स्याहार केन्द्र रहेको छ । हाल ३ वटा अस्पताल बन्ने क्रममा रहेको छ। यस गाउँपालिकामा साना ठुला गरी ४१ वटा स्वास्थ्य सेवा प्रदान गर्ने क्लिनिकहरू रहेका छन भने १७ वटा फार्मेसी दर्ता भएका छन् । पालिकामा ३ वटा प्रसूति केन्द्र र ७ वटा टि. बी. उपचार केन्द्र रहेका छन्। महिला स्वास्थ्य स्वयमसेविकाको संख्या ६१ छ भने निजी तथा सामुदायिक स्वास्थ्य केन्द्रहरुमा उपलब्ध चिकित्सक संख्या जम्मा ३ रहेको छ ।

### ५.२.२ अवसर र चुनौती

नवलपरासी (पश्चिम) जिल्ला पूर्ण खोप सुनिश्चत भएको जिल्ला घोषणा भईसकेको हुनाले यहाँका बालबालिकाहरुले सबै प्रकारका खोपहरु प्राप्त गर्ने अवस्था छ । बहु-क्षेत्रीय पोषण कार्यक्रम लागु भएको हुँदा कुपोषित बालबालिकाको संख्या न्यून रहेको छ। हाल ३ वटा साना

अस्पतालहरु स्थापना हुँदै गरेको हुँदा स्थानीय बासिन्दाहरु सजिलै अस्पताल सँगको पहुँचमा पुग्न सक्ने सम्भावना रहेको छ । पालिका क्षेत्रमा एम्बुलेन्सको संख्या बढाउन सकेको खण्डमा पालिकाका सबै क्षेत्र र विपन्न समुदायलाई सहज रुपमा स्वास्थ सेवा उपलब्ध गराउन सकिन्छ ।

यद्यपि स्वास्थ्य क्षेत्रमा केही चुनौतीहरु विद्यमान रहेका छन। गाउँपालिकाको वस्तुस्थिति विवरण २०७६ अनुसार ४० प्रतिशत भन्दा बढी गर्भवती महिलाहरुले घरमा नै सुत्केरी गराउछन । ५० प्रतिशत सुत्केरी महिलाले मात्र पहिलो तथा चार पटक सम्म स्वास्थ्य संस्थामा गएर जाँच गराउने गर्दछन् ।पालिकाका जनसंख्याको अनुपातमा स्वास्थ्य संस्थाको संख्या, चिकित्सक तथा स्वास्थ्य कार्यकर्ताको कमी रहेको छ। स्वास्थ्य केन्द्रहरूमा पर्याप्त दक्ष जनशक्ति, उपकरण तथा औषधीको अपर्याप्तता, खानेपानी तथा शौचालय जस्ता आधारभूत पूर्वाधारहरूको अपर्याप्तता नै स्वास्थ्य क्षेत्रमा देखिएका मुख्य समस्याहरू हुन् ।

### ५.२.३ दीर्घकालीन सोच

आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच तथा स्वास्थ्य संस्थाको गुणस्तरीयता वृद्धि गर्ने ।

### ५.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच पु-याउने । | • सबै वडाहरुमा स्वास्थ्य घुम्तीसेवा वर्षमा १ पटक सञ्चालन गरिनेछ<br>• कुकुरको टोकाईका उपचार केन्द्र र सर्पदंश उपचार केन्द्रको स्थापना गरिनेछ<br>• गर्भवती प्रोत्साहन कार्यक्रम लागुगरि स्वास्थ्य संस्थामा गई उपचार गराउने वातावरण निर्माण गरिनेछ<br>• कोभिड-१९ लगायतका महामारी रोगहरुलाई न्यूनीकरण गर्न जनस्वास्थ्यका आधारभूत मापदण्डहरु कडाइपूर्वक लागु गरिनेछ<br>• एम्बुलेन्स सेवा बिस्तार गरिनेछ तथा गरिब तथा पिछडिएका वर्गलाई निःशुल्क उपचारको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| • आधारभूत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने । | • सबै वडाहरुमा स्वास्थचौकी भवन निर्माण, गुणस्तरीय सामग्री, उपकरण, औषधी, ईन्टरनेट सुविधाको व्यवस्था गरिनेछ<br>• स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ<br>• स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । |

### ५.२.५ प्रमुख कार्यक्रम

- सर्पदंश उपचार केन्द्र स्थापना कार्यक्रम,
- रेविज रोग उपचारको व्यवस्था
- सुरक्षित मातृत्व कार्यक्रम,
- स्वास्थ्य चौकीहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रम,
- जनचेतना मुलक कार्यक्रम,
- महामारी विरुद्ध अभियान सञ्चालन,
- प्रजनन स्वास्थ्य कार्यक्रम,
- नियमित घुम्ती स्वास्थ्य सेवा,
- प्रसुति सेवा केन्द्र बिस्तार,
- एम्बुलेन्स सेवा थप,
- बहु पोषण कार्यक्रम ।

### ५.२.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बिस्तार | स्वास्थ्य संस्थामा सुत्केरी गराउने | प्रतिशत | ६० | ९० |
| | | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | संख्या | १ | ५ |
| | | आवासीय चिकित्सक | संख्या | ३ | ६ |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | भएको हुनेछ । | चिकित्सक अनुपात | अंक | १:१६००० | १:१०००० |
| | | चिकित्सक तथा ओपीडी सहितको अस्पताल | संख्या | ० | ४ |
| | | स्वास्थ्य चौकी | संख्या | ८ | ९ |
| | | वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित बालवालिका | प्रतिशत | १० | ५ |
| | | क्षयरोगी संख्या (वार्षिक) | संख्या | ६० | आवश्यक उपचार प्रवर्द्धन (DOTS)गर्ने |
| | | प्रसूति सेवा केन्द्र | संख्या | ३ | क्षमता वृद्धि गर्ने |
| | | परिवार नियोजनको ५ विधिको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | संख्या | ७ | ९ |
| | | स्वास प्रश्वास जन्य रोगको संक्रमण दर | प्रति हजार | ३९९ | ५० |
| | | सि ई ओ सी (अपरेशन सेवा) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ० | ४ |
| | | सुत्केरी पश्चात ३ पटक जाँच गराउने आउने | प्रतिशत | १२.२ | ८५ |
| | | प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने महिला | प्रतिशत | ६० | ९५ |
| | | दोस्रो दादुरा खोप लिने बाल वालिका | प्रतिशत | ८१ | ९० |
| | | आयुर्वेद औषधालय भवन | संख्या | ० | १ |
| | | झाडा पखाला संक्रमण दर | प्रति हजार | २९२ | ५० |
| | | योग प्रशिक्षण केन्द्र | पटक | ० | २ |

### ५.२.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा स्वास्थ्य संस्थामा गई सुत्केरी गराउने गर्भवतीको संख्या ९५% हुनेछ, प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गर्ने महिलाको संख्या ९५ % हुनेछ, प्राथमिक स्वास्थ्य स्यहार केन्द्र ५ वटा, स्वास्थ्य चौकी ९ वटा र अस्पतालको संख्या ४ वटा हुनेछ ।

## ५.३. महिला तथा बालबालिका

### ५.३.१ विद्यमान अवस्था

गाउँपालिकाका वस्तुस्थिति विवरण २०७६ अनुसार यस गाउँपालिकामा महिलाहरुको संख्या २२,३३२ (४७.७५%) र १४ वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या १३,६३३ (२९.२१%) रहेको छ । पालिकामा एकल महिलाको संख्या ११२७ रहेको छ । यहाँका निजी विद्यालयमा छोराको संख्या धेरै र सामुदायिक विद्यालयमा छोरीको संख्या धेरै रहेको छ।

आर्थिक वर्ष २०७७/७८ मा ९० वटा घरेलु हिंसाका घटनाहरु प्रहरीमा दर्ता भएका देखिन्छन्। घरेलु हिंसाका घटनाहरु न्यूनीकरण गर्न तथा महिलाहरुको क्षमता अभिवृद्धि गर्न गाउँपालिकाले सबै वडामा जनचेतनामुलक कार्यक्रम तथा महिला सशक्तीकरण कार्यक्रम लागु गरेको छ ।

### ५.३.२ अवसर र चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धमा हालका दिनहरुमा कानूनी तथा नीतिगत व्यवस्था र स्थानीय स्तरमा भए गरेका अभ्यासहरुले केही सकारात्मक परिवर्तन देखा परेका छन्। यस क्षेत्रमा महिला अधिकारका सवालहरु र महिलाले प्राप्त गर्न सक्ने अवसरका सम्बन्धमा चेतनाको अभिवृद्धि हुँदै गएको छ । गाउँपालिकाबाट महिला तथा बालबालिका लक्षित कार्यक्रमहरु निरन्तर सञ्चालन भइआएको र गाउँपालिकामा महिला तथा आमा समुहहरु क्रियाशील रहेको कारण समुदाय स्तरमा थप सामाजिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्नसकिने सम्भावना रहेको छ।

प्रशस्त सम्भावना वावजुद पनि महिला तथा बालबालिकाको समग्र विकासका निम्ती यथोचित पहल र सुधार हुन सकेको देखिँदैन ।पालिकास्तरमा महिला तथा बालबालिकाको लागि आवश्यक संरचनागत पूर्वाधारको कमी रहेको छ । महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन हुन सकेको छैन र घरेलु हिंसाको घटनाहरु बढ्दै गरेको देखिन्छ ।महिलाहरुले वहुकार्य वोझ बोक्नु परेको छ जसले गर्दा महिलाहरुमा आत्मनिर्भरता र आत्मविश्वासको कमी रहेको छ । बाल विवाह, वहुविवाह, महिला हिंसा, सम्वन्ध बिच्छेद लगायतका सामाजिक विकृतिजन्य घटनाहरूमा बढोत्तरी भईरहेको छ यद्यपि उक्त घटनाहरूका विरूद्धमा उजुरी दिने परिपाटी रहेको देखिँदैन जुन महिला तथा बालबालिकाका अवस्था सुधार गर्ने सवालमा निकै ठूला चुनौतीको रुपमा रहेको छ।

### ५.३.३ दीर्घकालीन सोच

महिला तथा बालबालिकाको सर्वाङ्गिण विकास गरी समाजिक कार्यमा गतिशील बनाउने ।

### ५.३.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • बालबालिकालाई शिक्षा तथा स्वास्थ सेवामा पहुँच बढाउने । | • प्रत्येक बालबालिकालाई विद्यालयसम्म पहुँच पु-याउन गरिब तथा दलित विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ<br>• विद्यालय छाडेका किशोरीहरूको लागि जीवनउपयोगी सीप तथा व्यवसायमूलक कार्यक्रम सञ्चालन गरिनेछ<br>• बालबालिकाहरुको मनोरञ्जनको लागि बाल उद्यान बनाइनेछ । |
| • महिला अधिकारको रक्षा गर्दै हरेक क्षेत्रमा महिलाहरूलाइ सक्षम बनाउने । | • महिला स्वरोजगारी तथा आत्मनिर्भरताका लागि कृषि तथा घरेलु उद्यममा आधारित तालिमको व्यवस्था गरिनेछ<br>• महिला माथी हुने सबै किसिमका विभेद तथा उत्पीडनलाई निषेध गरि हरेक क्षेत्रमा महिलाको सहभागिता सुनिश्चित गरिनेछ<br>• एकल महिला, हिंसा पीडित, द्वन्द पीडित तथा पछाडि पारिएका सामुदायका महिलाहरुको जीवनस्तर उकास्नको लागि महिला सशक्तीकरण कार्यक्रम लागु गरिनेछ। |

### ५.३.५ प्रमुख कार्यक्रम

- बालविकास केन्द्रको स्तर उन्नति कार्यक्रम,
- बालबालिका खोप तथा कुपोषण विरूद्धको कार्यक्रम,
- बाल उद्यान कार्यक्रम,
- विद्यालय छाडेका किशोरीकोलागि सीप विकास कार्यक्रम,
- लैङ्गिक हिंसा विरूद्ध जनचेतना कार्यक्रम,

- सम्पतिमा महिलाको अधिकार प्रवर्द्धन कार्यक्रम,
- महिला रोजगार प्रवर्द्धन कार्यक्रम ।

### ५.३.६ नतिजा खाका

| क.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | महिला अधिकारको संरक्षण गर्दै सामाजिक तथा आर्थिक अवसर वृद्धि गर्ने । | बाल क्लब (वडा स्तरीय) | संख्या | ० | ९ |
| | | बाल उद्यान | संख्या | ० | २ |
| | | घरेलु हिंसाबाट पीडित महिला संख्या | संख्या | ९० | २० |
| | | रोजगारीमा लागेका महिला | प्रतिशत | १० | २० |
| | | महिला विकास तथा बचत, सहकारी आदि | संख्या | ३ | १० |
| | | श्रम शक्तिमा पुरुष महिलाको अनुपात | प्रतिशत | ६९ | ८० |
| | | घर जग्गामा महिलाको स्वामित्व भएका घरपरिवार | प्रतिशत | ११ | २५ |

### ५.३.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा प्रत्येक वडामा बाल क्लबको स्थापना तथा २ वटा बाल उद्यानको स्थापना भएको हुनेछ । रोजगारीमा लागेका महिलाको संख्या २० % हुनेछ । घरेलु हिंसाबाट पीडित महिलाको संख्यामा उल्लेख्य कमी आउनेछ ।

## ५.४. जेष्ठ नागरिक

### ५.४.१ विद्यमान अवस्था

घरधुरी सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिकामा ६० वर्ष भन्दा माथिको जनसंख्या ३८७७ (८.३१ प्रतिशत) र  ७० वर्ष भन्दा माथिको जेष्ठ नागरिकको संख्या ११८० रहेको छ।

### ५.४.२ अवसर र चुनौती

जेष्ठ नागरिकहरु एक आपसमा भेटघाट गरेर गाउँपालिकाको सामाजिक मुद्दाहरुमा छलफल गर्ने र एक अर्कालाई राय सुझाब दिने कार्य नियमित हुने हुँदा जेष्ठ नागरिकको ज्ञान र अनुभवलाई पालिकाको विकास तथा योजना तर्जुमा प्रक्रियामा  सदुपयोग गर्न सकेमा गाउँपालिकाले फाईदा उठाउन सक्दछ।यद्यपि ठुलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जाने परम्पराले गर्दा कतिपय घरमा जेष्ठ नागरिक मात्र रहेको पाइन्छ, जसले गर्दा उनीहरुलाई दैनिक जीवनयापन गर्न कठिनाइभएको देखिन्छ। गाउँपालिकामा जेष्ठ नागरिकका लागि छुट्टै आश्रयस्थल तथा मनोरञ्जन स्थल उपलब्ध नहुनु र गुनासो सुन्ने संयन्त्र नहुनु चुनौतीको रुपमा रहेको छ ।

### ५.४.३ दीर्घकालीन सोच

जेष्ठ नागरिकलाई आधारभूत सुविधा उपलब्ध गराई सम्मानपूर्वक बाँच्न पाउने वातावरण निर्माण गर्ने ।

### ५.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • जेष्ठ नागरिकलाई आधारभूत सेवा सुविधा उपलब्ध गराई सहज वातावरण सिर्जना गर्ने । | • जेष्ठ नागरिककलाई सेवा प्रदान गर्न तथा गुनासो सुन्न जेष्ठ नागरिक सेवा केन्द्र स्थापना गरिनेछ ।<br>• जेष्ठ नागरिकहरूको नियमित निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ तथा घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराइनेछ<br>• जेष्ठ नागरिकप्रति हुने दुर्व्यवहार र हिंसालाई तत्काल कारवाहीको दायरमा ल्याउन यथोचित पहल गरिनेछ<br>• जेष्ठ नागरिकको सुरक्षा र सहजताका लागि सामाजिक सुरक्षा सेवालाई सहज र |

| रणनीति | कार्यनीति |
|---|---|
| | प्रभावकारी गराइनेछ ।<br>• जेष्ठ नागरिकका लागि सार्वजनिक सेवामा प्राथमिकता दिने र सहुलियत प्रदान गरिनेछ<br>• जेष्ठ नागरिक मिलन तथा मनोरञ्जन केन्द्र स्थापना गरिनेछ । |

### ५.४.५ प्रमुख कार्यक्रम

- जेष्ठ नागरिक मिलन तथा मनोरञ्जन केन्द्र स्थापना कार्यक्रम,
- जेष्ठ नागरिकको लागि स्वास्थ्य तथा सार्वजनिक सेवामा सहज पहुँच कार्यक्रम,
- जेष्ठ नागरिक घुम्ती स्वास्थ्य सेवा ।

### ५.४.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिकको आधारभूत आवश्यकता पुरा भई सामाजिक सुरक्षा कायम भएको हुनेछ | जेष्ठ नागरिक सेवा केन्द्र (गाउँपलिका स्तरको) | संख्या | ० | २ |
| | | जेष्ठ नागरिक मनोरञ्जन तथा ज्ञान हस्तान्तरण केन्द्र | संख्या | ० | २ |
| | | जेष्ठ नागरिक स्वास्थ्य उपचार घुम्ती सेवा (वार्षिक) | संख्या | ० | २ पटक (सबै वडामा) |

#### ५.४.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा २ वटा जेष्ठ नागरिक सेवा केन्द्र, मनोरञ्जन केन्द्र तथा वर्षमा २ पटक जेष्ठ नागरिक स्वास्थ्य उपचार घुम्ती सेवा उपलब्ध हुनेछ ।

### ५.५ दलित, उत्पीडित, वर्ग उत्थान

#### ५.५.१ विद्यमान अवस्था

प्रतापपुर गाउँपालिकाको २०७६ को तथ्याङ्कअनुसार यस गाउँपालिकामा मुसहर, चमार लगायत करिब २० प्रतिशत दलितहरु बसोबास गर्दछन ।आर्थिक तथा सामाजिक दुवै रुपले पछाडि परेका यो वर्गको जीविकोपार्जनका निमित्त कुनै खास पेशा नभएकाले निरपेक्ष गरिबीको रेखामुनि रहेका छन्।

#### ५.५.२ अवसर र चुनौती

स्वास्थ्य केन्द्र तथा विद्यालयहरु उल्लेख्य रुपमा रहेकाले यस गाउँपालिकामा दलितहरुलाई शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच गराउन सकिने अवसर रहेको छ। यद्यपि दलित तथा उत्पीडित समुदायको खण्डिकृत तथ्याङ्क अद्यावधिक नहुनु, गाउँपालिका तथा वडाहरुमा भएका विभिन्न समितिहरुमा कमजोर प्रतिनिधित्व हुनु, व्यावसायिक सीप तथा तालिमको कमी हुनु, नेतृत्व क्षमता र सीपको कमी, विशेष शिक्षा प्रणालीको कमी जस्ता चुनौतीहरु विद्यमान छन् ।

#### ५.५.३ दीर्घकालीन सोच

दलित तथा उत्पीडित वर्गको सहभागितामुलक प्रतिनिधित्व सुनिश्चित गर्दै, सामाजिक समानता, आर्थिक समृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गर्ने ।

#### ५.५.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • दलित तथा उत्पीडित वर्गको आत्मसम्मान र स्वनिर्भरताका लागि अवसर सृजना गर्ने । | • दलित, उत्पीडित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तरण गरी उत्पादित वस्तुको |

| रणनीति | कार्यनीति |
|---|---|
| | बजारीकरणलाई सुनिश्चित गरि आर्थिक सबलीकरण गरिनेछ<br>• समान रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गर्न दलित तथा उत्पीडित वर्ग विकासको नीति अवलम्बन गरिनेछ<br>• दलित तथा उत्पीडित समुह निगरानी केन्द्रको स्थापना गरी सबै प्रकारको भेदभाव तथा छुवाछुत मुक्त पालिका बनाउन सहजीकरण गरिनेछ । |

### ५.५.५ प्रमुख कार्यक्रम

- दलित, उत्पीडित वर्ग समूह सहभागिता तथा नेतृत्व विकास कार्यक्रम,
- दलित, उत्पीडित क्षमता अभिवृद्धि तथा उत्थान स्वरोजगार कार्यक्रम,
- दलित भेदभाव, शोषण, दुर्व्यवहार र हिंसा विरूद्ध जनचेतना अभिवृद्धि कार्यक्रम,
- विद्यालयमा दलित विद्यार्थी टिकाउ अभियान ।

### ५.५.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | दलित. उत्पीडित तथा लक्षित वर्गको क्षमता, आत्मविश्वास तथा अवसरमा वृद्धि भएको हुनेछ । | दलित बालबालिका विद्यालय भर्नादर | प्रतिशत | ६० | ९० |
| | | आफ्नै आवास भएका दलित तथा उत्पीडित | प्रतिशत | ३० | ६० |
| | | दलित महिला साक्षरता | प्रतिशत | ४० | ६० |

### ५.५.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा आधारभूत विद्यालयमा दलित बालबालिका भर्नादर ९० प्रतिशत र दलित महिला साक्षरता ६० प्रतिशत हुनेछ ।

## ५.६ आदिवासी जनजाति विकास

### ५.६.१ विद्यमान अवस्था

प्रतापपुर गाउँपालिकाको २०७७ को तथ्याङ्कअनुसार यस गाउँपालिकामा आदिवासी जनजातिको जनसंख्या २४.१ प्रतिशत रहेको छ । गाउँपालिकामा आदिवासी जनजाति समुदाय अन्तगर्त मुख्यतया थारु र मगर जातिको बसोबास रहेको छ । यस गाउँपालिकाले आदिवासी जनजातिको उत्थानका लागि लागत संकलन गरी प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । त्यसैगरी आदिवासी जनजाति समुदायका युवायुवतीहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालन भईरहेको छ । परम्परागत ज्ञान तथा सीपको पहिचान गरी संरक्षण तथा प्रवर्द्धन का लागि कार्यक्रमहरु लागु गर्रिदै आएको छ ।

### ५.६.२ अवसर र चुनौती

आदिवासी जनजाति समुदायमा परम्परागत ज्ञान हुनु, सांस्कृतिक रुपले अब्बल हुनु तथा सामुदायिक भावना उच्च हुनुलाई अवसरको रुपमा लिन सकिन्छ। आदिवासी जनजातिको परम्परागत ज्ञानको संरक्षण तथा प्रवर्द्धन गरि सीप विकास तालिमहरु उपलब्ध गराउन सकेमा आदिवासी जनजाति समुदायको जीवनस्तरमा परिवर्तन ल्याउन सकिन्छ । तथापि आदिवासी जनजातिले आवश्यक सेवा तथा सुविधा प्राप्त गर्न सकेका छैनन् भने समाजमा जातीय विभेद अझै पनि कायम रहनु तथा सीप विकासको कमी हुनु चुनौतीको रुपमा रहेको छ।

### ५.६.३ दीर्घकालीन सोच

आदिवासी जनजातिको सीप विकास तथा संस्कृति जगेर्ना गर्ने ।

### ५.६.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • आदिवासी जनजातिको सीप विकास गर्ने। | • आदिवासी जनजातिको उत्थान र विकासको लागि प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ<br>• आदिवासी महिलाहरुको विकास तथा क्षमता अभिवृद्धि गर्न हस्तकला लगायत अन्य सीपमुलक तालिमहरु उपलब्ध गराईनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| • संस्कृति संरक्षण गर्दै क्षमता अभिवृद्धि गर्ने | • स्थानीय आदिवासी संस्कृतिको संरक्षण गर्दै आदिवासी जनजातिको संस्कृति सम्बधी पुस्तिका तयार पारिनेछ<br>• आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र प्रवर्द्धन गरिनेछ । |

### ५.६.५ प्रमुख कार्यक्रम

- आदिवासी जनजाति उत्थान कार्यक्रम
- आदिवासी संस्कृति जगेर्ना तथा प्रवर्द्धन कार्यक्रम
- आदिवासी जनजाति सीप विकास कार्यक्रम

### ५.६.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | आदिवासी जनजातिको संस्कृति संरक्षण र क्षमता अभिवृद्धि गरिनेछ | आदिवासी जनजाति संस्कृति संग्राहलय | संख्या | ० | १ |
| | | मौलिक कला तथा संस्कृति प्रदर्शनी कार्यक्रम (महोत्सव) | वार्षिक संख्या | ० | १ |
| | | आदिवासी जनजाति पुस्तिका प्रकाशन | संख्या प्रति वर्ष | ० | १ |

### ५.६.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्म १ वटा आदिवासी जनजाति संस्कृति संग्रहालय तथा वर्षमा एकपटक आदिवासी मौलिक कला तथा प्रदर्शनी कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ५.७.बाल अधिकार तथा बाल संरक्षण

### ५.७.१ विद्यमान अवस्था

यस गाउँपालिकामा विद्यालय जाने बालबालिकाको संख्या उल्लेख्य रुपमा रहेको छ । बालबालिकाको विकासको लागि बाल मैत्री स्थानीय शासनको अवधारणा अघि सारिएको छ । गरिब विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । समय समयमा खेलकुद प्रतियोगिता तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरी बालबालिकाको व्यक्तिगत विकासमा जोड दिइँदै आएको छ ।

### ५.७.२ अवसर र चुनौती

समग्र रुपमा बालबालिकाहरु विद्यालय जाने क्रम बढिरहेको छ । बालबालिकाहरुको विकासका लागि नियमित रुपमा खेलकुद तथा अन्य कार्यक्रमहरु सञ्चालनमा आएका छन् । यद्यपि बाल विवाह, बालश्रम र बालबालिका बेचबिखन जस्ता सामाजिक अपराधहरु विद्यमान रहेकाले बाल अधिकारको निमित्त चुनौती थपिएको छ । विद्यालय बिचमै छोड्ने विद्यार्थी संख्या धेरै हुँदा माध्यमिक तहमा पढ्ने विद्यार्थीहरुको कमी हुनु चुनौतीको रुपमा रहेको छ ।

### ५.७.३ दीर्घकालीन सोच

बाल अधिकार संरक्षण र प्रवर्द्धन गर्ने ।

### ५.७.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • बाल अधिकारको संरक्षण गर्दै बालबालिकाको सहभागिता बढाउने । | • बालश्रम अन्त्य, बालविवाह अन्त्य, बाल हिंसा अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ<br>• बाल अधिकार हनन हुन नदिन बालअधिकार संरक्षण र पैरवी कार्यक्रम सञ्चालन गरिनेछ<br>• बाल अधिकार हननका घटनाहरुलाई न्यनीकरण गर्न प्रत्येक वडामा बाल अधिकार निगरानी समुह गठन गरिनेछ<br>• बालबालिकाको क्षमता अभिवृद्धिको लागि |

| रणनीति | कार्यनीति |
|---|---|
| | बालबालिका ओलम्पिक कार्यक्रम लागु गरिनेछ । |

### ५.७.५ प्रमुख कार्यक्रम

- बाल अधिकार चेतना समुह गठन तथा पैरवी कार्यक्रम,
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम,
- बाल अधिकार संरक्षण कार्यक्रम,
- बालबालिका ओलम्पिक कार्यक्रम ।

### ५.७.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | बाल अधिकारको संरक्षण हुनेछ | बाल चेतना समुह | संख्या | ० | १५ |
| | | बाल उद्यान | संख्या | ० | २ |
| | | बाल बिबाह घटना | प्रतिशत | २५ | ५ |
| | | बाल मैत्री स्थानीय शासन प्रवर्द्धन भएको वडा | संख्या | ० | ९ |

### ५.७.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यमा १५ वटा बाल चेतना समुह र २ वटा बाल उद्यान स्थापना भई सञ्चालनमा आएको हुनेछ ।

## ५.८ युवा तथा खेलकुद

### ५.८.१ विद्यमान अवस्था

घरधुरी सर्वेक्षण २०७६ अनुसार गाउँपालिकामा १५-५९ वर्ष उमेर समुहको युवा जनसंख्या ६२.४८ प्रतिशत रहेको छ । यस गाउँपालिकामा हरेक वर्ष वडा स्तरीय प्रतियोगिताहरु सञ्चालन

हुने गरेका छन् भने यस गाउँपालिकाका युवाहरु अन्तरपालिका स्तरीय प्रतियोगिताहरुमा सहभागी हुने गरेका छन। यस गाउँपालिकामा छुट्टै खेलमैदान नहुँदा विद्यालयहरुका खेलमैदानलाई प्रयोगमा ल्याईएको छ ।

### ५.८.२ अवसर र चुनौती

यस गाउँपालिकाका युवाहरूलाई स्थानीय सीप तथा श्रोतमा आधारित उद्यम विकास कार्यक्रम ल्याउन सकेको खण्डमा पालिकामै रोजगारीको सम्भावनाको ढोका खुल्ने र युवाको वैदेशिक रोजगारी प्रतिको आकर्षण घट्न गई पालिकाको उत्पादन वृद्धि हुने प्रवल सम्भावना रहेको छ ।गाउँपालिकामा भएका युवा खेलाडीहरूको उचित सम्मान तथा आधारभूत खेलकुद पूर्वाधारहरू निर्माण गर्न सकेको खण्डमा खेलकुद क्षेत्रले फड्को मार्न सक्ने देखिन्छ । यद्यपि युवाहरूमा खेलकुद तथा अन्य सीपको कमी रहेको छ जसले गर्दा उत्पादन तथा उत्पादकत्वमा लागेका युवाहरुको संख्या न्यून रहेको छ। युवाहरूको लागि आवश्यक खेलमैदानको कमी, खेल प्रशिक्षकको व्यवस्था नहुनु, लगातार रुपमा खेलकुद प्रतियोगिताहरूको आयोजना हुन नसक्नु, उत्कृष्ट खेलाडीहरूको सम्मान हुन नसक्नु जस्ता कारणले खेलकुदको अपेक्षित विकास हुन सकेको देखिँदैन । स्थानीय स्तरमा रोजगारीको अवसर नहुँदा विदेश जाने तथा शहर जाने परिपाटी रहेकाले युवाहरुको संख्यामा कमी आइरहेको छ जसले गर्दा युवा तथा खेलकुद विकासमा चुनौती थपिएको छ ।

### ५.८.३ दीर्घकालीन सोच

सीपयुक्त, सवल र देशभक्त युवा जनशक्ति तयार गर्दै खेलकुदमा व्यावसायिकताको अवसर सृजना गर्ने ।

### ५.८.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • खेल मैदानको व्यवस्था तथा खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहनको व्यवस्था गर्ने । | • खेलाडी अक्षयकोषको स्थापना गरी उत्कृष्ट खेलाडीहरुको सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ<br>• वर्षमा एकपटक पालिका स्तरीय स्व.राजकुमार स्मृतिकप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ<br>• जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान तथा नगद प्रोत्साहनको व्यवस्था मिलाईनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | • विद्यालयस्तरबाट नै खेलाडी (भलिवल, फुटवल, कराँते) तयार गर्दै लगिने नीति अवलम्बन गरिनेछ<br>• समग्र गाउँपालिकाको खेल विकासको निम्ति एउटा कभर्ड हल र पालिका स्तरीय रंगशाला निर्माण गरिनेछ<br>• हरेक वडामा युवा क्लबहरु गठन गरी वडास्तरीय खेलाडी छनौट गरिनेछ<br>• गाउँपालिका भित्र नै खेल प्रशिक्षण, तालिम, तथा खेलाडी हरुलाई आवश्यक खेल सामाग्री उपलब्ध गराईनेछ । |

### ५.८.५ प्रमुख कार्यक्रम

- युवा क्लब गठन तथा सञ्चालन,
- खेल पूर्वाधार निर्माण (खेल मैदान स्तर उन्नति, रंगशाला, कभर्ड हल)
- स्व. राजकुमार स्मृति कप खेलकुद प्रतियोगिता सञ्चालन,
- खेलाडी प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम ।

### ५.८.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | खेलकुद, क्षेत्रमा युवा सहभागिता वृद्धि भएको हुनेछ । | व्यावसायिक खेलाडी (प्रादेशिक तथा राष्ट्रिय) | संख्या | १ | १० |
| | | गुणस्तरीय खेल मैदान | संख्या | ० | २ |
| | | रंगशाला | संख्या | ० | १ |
| | | कभर्ड हल | संख्या | ० | १ |
| | | स्थानीयस्तरमा प्रशिक्षण दिइने खेल | संख्या | ० | २ |
| | | युवा क्लब | संख्या | २ | ९ |
| | | वडा स्तरीय पुरुष फुटबल, भलिबल, क्रिकेट प्रतियोगीता | वार्षिक संख्या | १ | १ |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | | वडा स्तरीय महिला फुटबल, भलिबल, क्रिकेट प्रतियोगिता | वार्षिक संख्या | ० | १ |
| | | अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगिता | वार्षिक संख्या | ० | १ |

### ५.८.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्म २ वटा स्तरीय खेल मैदान, १ वटा रंगशाला, १ वटा कभर्ड हल स्थापना भई वार्षिक रुपमा वडास्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन भएको हुनेछ ।

## ५.९ अपांगता भएका व्यक्ति विकास कार्यक्रम

### ५.९.१ विद्यमान अवस्था

घरधुरी सर्वेक्षण २०७६ अनुसार, यस गाउँपालिकामा पूर्ण अपांगता भएको जनसंख्या महिला १४ तथा पुरुष १० गरी २४ जना छन् । त्यसै गरी क, ख, ग तथा घ वर्ग गरी अपांगता संख्या ५५ रहेको छ । अपांगता भएकाहरुले नियमित रुपमा गाउँपालिकाबाट अपांगता भत्ता प्राप्त गरिरहेका छन् । हाल अपांगताहरुको सेवा सुविधाको निम्ति गाउँपालिकाले स्वास्थ्य घुम्ती सेवा, सीप विकास तालिम जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

### ५.९.२ अवसर र चुनौती

यस गाउँपालिकामा अपांगता भएकाहरुको जनसंख्या न्यून रहेको हुँदा आवश्यक पर्ने सेवा सुविधा जस्तै सीप विकास तालिम, स्वास्थ्य, शिक्षा आदि पु-याउन गाउँपालिकालाई सहज हुन्छ । यद्यपि अपांगतालाई समाज तथा घर परिवारले हेर्ने दृष्टिकोणमा परिबर्तन भएको देखिँदैन । अझै पनि अपांगता भएकाहरुलाई बोझको रुपमा हेर्ने परिपाटी रहेको छ । एकातर्फ सीप विकासको अवसरहरु नहुँदा आर्थिक कठिनाई भोग्नु परिरहेको छ भने अर्कोतर्फ आवश्यक स्वास्थ्य तथा अन्य सेवा सुविधा उपलब्ध नहुँदा आधारभूत सेवाको पहुँचबाट वञ्चित हुन परिरहेको छ ।

### ५.९.३ दीर्घकालीन सोच

अपांगता भएकालाई सामाजिक तथा आर्थिक रुपले सबल बनाउने ।

### ५.९.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • अपांगता अधिकार संरक्षण गर्दै व्यक्ति विकासका योजना लागु गर्ने । | • अपांगता मैत्री पूर्वाधार निर्माण, परिचय—पत्र वितरण, सीप विकास तालिम तथा आवश्यक सामग्रीहरू वितरण गरिनेछ<br>• अपांगहरुको प्रकृति तथा क्षमता अनुसार सीप विकास तालिमहरु उपलब्ध गराइ आर्थिक उपार्जनका कार्यमा लाग्न प्रोत्साहन गरिनेछ । |

### ५.९.५ प्रमुख कार्यक्रम

- अपांगमैत्री वातावरण निर्माण कार्यक्रम
- अपांगता सीप विकास तथा आर्थिक उत्थान कार्यक्रम

### ५.९.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | अपांगता अधिकार रक्षा गर्दै आत्मनिर्भर बनाइनेछ | घुम्ती स्वास्थ्य सेवा | वार्षिक संख्या | ० | २ |
| | | अपांगमैत्री गाउँ पालिका तथा वडा कार्यालय | संख्या | ० | ९ |
| | | उद्यमशिल अपांगता | प्रतिशत | ० | ४० |

### ५.९.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा वर्षमा २ पटक अपांगता स्वास्थ्य घुम्ती सेवा, अपांगमैत्री गाउँपालिका कार्यालय तथा वडा कार्यालय सञ्चालन भएको हुनेछ ।

## ५.१० खानेपानी तथा सरसफाई

### ५.१०.१ विद्यमान अवस्था

गाउँपालिकाको २०७७ को तथ्याङ्कअनुसार यस गाउँपालिकामा हाल ४.८ प्रतिशत घरधुरीले मात्र खानेपानीको पाइपबाट प्रशोधन गरिएको आर्सेनिक मुक्त खानेपानी प्रयोग गर्दछन। ९५.२% घरधुरीले आर्सेनिक जाँच नगरी खानेपानीको प्रयोग गर्दछन। यस गाउँपालिकाका ३५.७% घरधुरीले फोहरमैलालाई संकलन र व्यवस्थापन नगरी त्यतिकै फालिदिने गरेको छन। यस गाउँपालिकाको १७.४% घरधुरीमा चर्पी छैन भने पक्की चर्पी प्रयोग गर्ने घरधुरीको संख्या केवल ११.६ % मात्र छ ।

### ५.१०.२ अवसर र चुनौती

खुला स्थानहरु प्रशस्त हुनुले गर्दा फोहरमैला व्यवस्थापन गर्न तथा ल्याण्डफिल्ड साइट स्थापना गर्न जग्गा तथा स्थानको कमी हुने देखिँदैन।गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भईसकेकोले पूर्ण सरसफाइका अभ्यासहरु हुँदै आएका छन्।खानेपानी र सरसफाइको क्षेत्रमा गैरसरकारी क्षेत्रको सहयोग उल्लेख्य देखिन्छ । जनतामा स्वच्छ खानेपानी र सरसफाइ सम्बन्धी चेतनामा क्रमशः वृद्धि हुँदै गएको देखिन्छ । यद्यपि १७.४ प्रतिशत घरधुरीमा चर्पीको व्यवस्था नहुनु, ९५ प्रतिशत घरधुरीले आर्सेनिक परीक्षण नगरी पानी प्रयोग गर्नु, खानेपानी शुद्धीकरण प्रक्रियाको ज्ञानको कमी हुनु, सरसफाईको ज्ञानको कमी हुनु, फोहर संकलन नगरी जथाभाव फाल्ने प्रवृतिहरु चुनौतीको रुपमा रहेका छन।

### ५.१०.३ दीर्घकालीन सोच

सर्वसुलभ स्वच्छ खानेपानी र वातावरणीय सरसफाई वृद्धि गर्ने ।

## ५.१०.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • गाउँपालिकाका बासिन्दालाई स्वच्छ तथा सफा खानेपानीको उपलब्धता सुनिश्चित गर्ने । | • एक घर एक धाराको अवधारणा कार्यन्वयनमा ल्याई समानुपातिक रुपले आर्सेनिक मुक्त खानेपानी वितरण गरिनेछ<br>• खानेपानीको श्रोतहरुको अभिलेख गरि श्रोतहरु संरक्षण गरिनेछ<br>• शहरी भागहरु र व्यस्त हुने अन्य ठाउँमा सार्वजनिक खानेपानीको धारा जडान गरिनेछ<br>• पानी शुद्धीकरण गर्ने विधीहरुको जानकारी गराई पानी शुद्धीकरण गर्न प्रोत्साहन गरिनेछ । |
| • गाउँ तथा बजार स्वच्छ तथा सफा राख्ने । | • पालिकाका हरेक विद्यालय तथा र समुदायिक स्तरमा सरसफाई जनचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ<br>• पालिकाका हरेक वडामा सरसफाई समिति बनाइ त्यस वडाको सरसफाईको व्यवस्थापन समिति मार्फत गरिनेछ<br>• बजार क्षेत्रका घरहरुबाट निस्कने फोहोर मैला बर्गिकरण गरि व्यवस्थापन गर्ने प्रणाली विकास गरिनेछ । |

## ५.१०.५ प्रमुख कार्यक्रम

- सरसफाई जनचेतना अभिवृद्धि कार्यक्रम,
- फोहरमैला संकलन तथा व्यवस्थापन,
- सुरक्षित चर्पी निर्माण,
- आर्सेनिक परीक्षण,
- खानेपानी योजनाहरुको निर्माण,
- पूर्ण सरसफाई कार्यक्रम ।

## ५.१०.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था ०७७-०७८ | आवधिक योजनाको अन्त्यको स्थिति ०८२/८३) |
|---|---|---|---|---|---|
| १ | नियमित तथा सुरक्षित खानेपानी प्रणालीको विकास र फोहरमैला तथा सरसफाईको उचित व्यवस्थापन गर्ने । | चर्पी नभएको घरधुरी | प्रतिशत | १७.४ | ० |
| | | दुइ खाल्डे चर्पी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३०.९ | १० |
| | | सेफ्टी ट्यांकी जोडिएको पक्की चर्पी भएको घरधुरी | प्रतिशत | ११.६ | ४० |
| | | पूर्ण सरसफाइको सूचक पुरा भएको घरधुरी | प्रतिशत | ७.१ | २५ |
| | | फोहर मैला संकलन नै नगर्ने घरधुरी | प्रतिशत | ३५.७ | १५ |
| | | कुहिने र नकुहिने फोहरहरु छुट्टा छुट्टै संकलन गर्ने घरधुरी | प्रतिशत | १५.३ | ३० |
| | | आर्सेनिक मुक्त पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ४.८ | २५ |
| | | आर्सेनिक जाँच नभएको घरधुरी | प्रतिशत | ९५.२ | ० |
| | | पानी शुद्धीकरणको कुनै पनि विधि प्रयोग नगरी पानी प्रयोग गर्ने घरसंख्या | प्रतिशत | ५८.२ | ३० |
| | | बारी, नदि वा सार्वजनिक स्थानमा फोहर फाल्ने घरधुरी | प्रतिशत | ३८.५ | २० |
| | | सबै किसिमका फोहरहरु एकै स्थानमा संकलन गर्ने घरधुरी | प्रतिशत | ४६.९ | ६५ |

## ५.१०.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा ६५% घरधुरीले फोहर संकलन गरेका हुनेछन र २५% जनसंख्याले आर्सेनिक मुक्त खानेपानी प्रयोग गर्नेछन।

## ५.११ सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन

### ५.११.१ विद्यमान अवस्था

धार्मिक तथा सांस्कृतिक विविधता र सहिष्णुता रहेको यस गाउँपालिकामा हिन्दु, इस्लाम, बौद्ध तथा ईंसाइ धर्म मान्ने मानिसहरु रहेका छन् र यी धर्म सँग सम्बन्धित विभिन्न धार्मिक सम्पदाहरु रहेका छन् । यस गाउँपालिकाको वडा नं १ र ३ को सिमानामा रहेको बाउन्नेदेवी मन्दिरले यस क्षेत्रको धार्मिक महत्व बोकेको छ जहाँ बर्सेनि हजारौं दर्शनार्थीहरु आउने गर्दछन् ।

### ५.११.२ अवसर र चुनौती

भाषागत तथा जातिगत विविधता हुनु यस गाउँपालिकाको सबल पक्ष हो । यस गाउँपालिकामा आदिवासी जनजाति सँग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालन हुने गरेका छन् । पालिकामा विभिन्न विधाका साहित्यकार, कलाकारहरू छन, सांस्कृतिक विविधतायुक्त रहनसहन छ र मनोरञ्जन प्रेमी जनताहरू छन् । बाउन्ने देवीको मन्दिर तथा अन्य सांस्कृतिक ताल तलैया तथा आदिवासी जनजातिको संस्कृतिको संरक्षण गर्दै प्रचार प्रसार गर्न सकेको खण्डमा यस क्षेत्रको कला संस्कृतिको विकास गर्न सकिन्छ । आदिवासी जनजातिहरुको परम्परा संरक्षणका लागि पालिकास्तरीय संग्रहालयको सम्भावना रहेको छ । जाती विशेषको हस्तकलाका समाग्रीहरू, फोटो फ्रेम, टोपी, आदिलाई प्रोत्साहन स्वरुप विभिन्न कार्यक्रमहरूमा प्रदर्शनी गर्न सक्ने देखिन्छ । वार्षिक रुपमा हुने स्थानीय मेला पर्व, जात्रा आदिको प्रवर्द्धनबाट पालिकाको सांस्कृतिक विकासमा थप टेवा पुग्ने देखिन्छ । धेरै सम्भावना हुँदा हुँदै पनि गाउँपालिकाको सांस्कृतिक क्षेत्रगत योजनाको अभावमा यस क्षेत्रले अत्यन्त कम प्राथमिकता पाएको छ । स्थानीय कला संस्कृतिको संरक्षण नहुनु, परम्परागत प्रविधिको प्रचार प्रसारको कमी, भाषा कला संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि वाचलनालय, नाटकघर, संग्रहालय जस्ता संरचनाहरूको अभाव हुनु चुनौतीको रुपमा रहेको छ ।

### ५.११.३ दीर्घकालीन सोच

स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने ।

### ५.११.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • स्थानीय कला तथा संस्कृतिको संरक्षण गर्दै प्रचार प्रसार गर्ने । | • स्थानीय मौलिक भाषा, साहित्य कला संस्कृति र उत्पादनलाई प्रचार प्रसार गरिनेछ<br>• स्थानीय बाजा, नृत्य र गीतलाई रुपमा महोत्सव, चाडवाड तथा विविध कार्यक्रममा प्रचार प्रसार गरिनेछ<br>• स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति प्रवर्द्धन केन्द्रको स्थापना गरिनेछ<br>• विद्यालयको अतिरिक्त क्रियाकलापमा स्थानीय कला संस्कृति झल्कने कार्यक्रम राखिनेछ<br>• स्थानीय कला संस्कृतिको संरक्षण र प्रचार प्रसार गर्न वार्षिक रुपमा प्रतापपुर महोत्सव आयोजना गरिनेछ । |

### ५.११.५ प्रमुख कार्यक्रम

- स्थानीय बाजा गाजा संरक्षण तथा प्रवर्द्धन,
- स्थानीय कला, साहित्य, भाषा, संस्कृति संरक्षणका तथा प्रवर्द्धन कार्यक्रम,
- प्रतापपुर महोत्सव,
- धार्मिक मठ मन्दिरको संरक्षण,
- वार्षिक साहित्यिक प्रतियोगिता कार्यक्रम ।

### ५.११.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १. | स्थानीय कला संस्कृतिको संरक्षण तथा प्रवर्द्धन भएको हुनेछ | स्थानीय जात जातिको कला संरक्षण (भिडीयो, संग्रहालय) | संख्या | ० | ५ |
| | | प्रोत्साहित कलाकार | संख्या | ० | २० |
| | | स्थानीय कला तथा संस्कृती सम्बन्धी अध्ययन र प्रकाशन | वार्षिक संख्या | ० | १ |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | । | मौलिक कला तथा संस्कृति प्रदर्शनी | वार्षिक संख्या | ० | २ |
| | | प्राथमिक कक्षामा मातृभाषाको पाठ्यक्रम समाबेश भएको विद्यालय | संख्या | ० | २ |
| | | महोत्सव आयोजना | वार्षिक संख्या | ० | १ |

### ५.११.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा प्रत्येक वर्ष प्रतापपुर महोत्सव आयोजना भएको हुनेछ । वर्षमा २ पटक मौलिक कला तथा संस्कृति प्रदर्शनी भएको हुनेछ र आधारभूत विद्यालयहरूमा २ वटा मातृभाषामा अध्ययन सुरु भएको हुनेछ ।

# परिच्छेद छः भौतिक पूर्वाधार विकास

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । कुनै पनि स्थानको विकासको मापन भौतिक संरचनाको विकासले देखाउँछ साथै आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार विकास आवश्यकता पर्दछ। पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा बस्ती विकास र सूचना तथा सञ्चार प्रविधि जस्ता विषयहरू पर्दछन्।व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य ७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

## ६.१ सडक तथा यातायात क्षेत्र

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम तहगत सरकारको अधीनमा रहने सडक सञ्जालको विकास तथा बिस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहत रहने व्यवस्था छ । मुलुकको आर्थिक तथा सामाजिक विकासलाई गतिशील पार्न, स्थानीय जनताको सेवा सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पु-याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ ।

### ६.१.१ विद्यमान अवस्था

यस गाउँपालिकामा कुल २११.७१ किलोमिटर सडक सञ्जाल रहेको छ सबै सडक बाह्रै महिना सञ्चालनमा छन्। यी सडक मध्ये प्रतापपुरलाई बर्दघाट सँग जोड्ने बर्दघाट-प्रतापपुर मुख्य सडक खण्डको १३.८० किलोमिटर मध्ये १०.०० किलोमिटर कालो पत्रे छ। त्यस्तै प्रतापपुर-सुरजपुरा सडक (४.५८ किलोमिटर), सुरजपुरा-हरपुरा बोर्डर सडक (४.६७ किलोमिटर) पनि कालोपत्रे छ । गाउँपालिका भित्र अन्य ३०.८४ किलोमिटर पनि कालो पत्रे छ जुन प्राय गण्डक नहरको दुवै किनारमा अवस्थित छ। यस गाउँपालिकामा २०१६ कि.मि. ग्रावेल छ र १४१.४६ कि.मी. सडक कच्ची रहेको छ जसको स्तरोन्नति गर्नु पर्ने देखिन्छ।गाउँपालिकामा पक्की पूलहरु ६ वटा छन्। पालिकाको ४, ५ र ६नं. वडा भारतको सिमाना सँग जोडिएको छ। यी वडाहरुमा भएका सडकले भारततर्फ आवत-जावत गर्न सहज बनाएको छ । यस गाउँपालिकाबाट महेशपुर, परासी हुँदै सिधै भैरहवा पुग्न सकिन्छ ।

### ६.१.२ अवसर र चुनौती

यस गाउँपालिका सबै वडामा सडक सञ्जाल बिस्तार भएकाले अरु पूर्वाधार निर्माण, उद्योग स्थापना, स्थानीय उत्पादनको निर्यात र पर्यटन क्षेत्रको विकास गर्न सकिने अवसर छ।भारत सँग सिधै सडक सञ्जाल भएकाले यस क्षेत्रमा उत्पादित कृषि तथा औद्योगिक सामग्रीको निर्यात गरी आर्थिक लाभ लिन सकिने संभवाना रहेको छ । निर्माणाधीन लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलसँग वैकल्पिक र छोटो दुरीको सडक भएकाले पर्यटकीय तथा ब्यापारीक दृष्टिकोणले फाइदा उठाउन सकिन्छ ।यस गाउँपालिकामा वर्षेनी आउने बाढी तथा डुवानले गर्दा सडक र पुलहरुमा क्षति हुने गरेको छ।सबै खोलाहरुमा पुल निर्माण हुन नसक्नु तथा कच्ची बाटो धेरै हुनु चुनौतीको रुपमा रहेको छ।गाउँपालिकाको श्रोत सीमित भएको हुँदा ठूला सडक पूर्वाधार आयोजना निर्माण गर्न सङ्घ तथा प्रदेश सरकारको भर पर्नुपर्ने अवस्था छ ।

### ६.१.३ दीर्घकालीन सोच

गुणस्तरीय सडक निर्माण गरी आम नागरिकको जनजीवन सहज बनाउने ।

### ६.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |
| • गुणस्तरीय सडक निर्माण गरी स्थानीय जनजीवन सहज बनाउने । | • गाउँपालिकाको सबै बस्तीहरुमा सडक बिस्तार गरिनुका साथै भईरहेको सडकहरुको स्तरोन्नति गरिनेछ<br>• गाउँपालिकाको बाहिरी सीमालाई जोडिने गरी चक्रपथ निर्माण गरिनेछ<br>• सडकसँग जोडिएका खोल्सा तथा खोलाहरुमा पक्की पूलहरु तथा कल्भर्ट बनाइनेछन<br>• व्यवस्थित बसपार्क र प्रतिक्षालयहरु निर्माण गरिनेछ । |

### ६.१.५ प्रमुख कार्यक्रम

- चक्रपथ निर्माण,
- सडक कालोपत्रे, सडक स्तरोन्नति तथा नियमित सडक मर्मत सम्भार,
- पक्की पुल र कल्भर्ट निर्माण तथा मर्मत सम्भार,
- व्यवस्थित बसपार्क तथा प्रतिक्षालय निर्माण ।

### ६.१.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | गुणस्तरीय सडकको निर्माण गरी स्थानीय जनजीवन सहज बनाइनेछ । | पक्की सडक | कि.मि. | ५०.०५ | १०२.६५ |
| | | ग्रावेल सडक | कि. मि. | २०.१६ | ५६ |
| | | पक्की पुल निर्माण | संख्या | ६ | १० |
| | | दैनिक सञ्चालनमा रहेका सार्वजनिक सवारी साधन | संख्या | ० | १० |
| | | सार्वजनिक सवारी साधन सञ्चालन हुने रुट | संख्या | ० | ३ |

### ६.१.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा पक्की सडक १०२ कि.मि. हुनेछ तथा स्थानीय खोलाहरुमा १० वटा पक्की पुल निर्माण भएको हुनेछ र हरेक वडामा सहज रुपमा सवारीसाधनहरु सञ्चालन भएका हुनेछन ।

## ६.२ सञ्चार तथा सुचना प्रविधि पूर्वाधार

नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवम् सूचनाका हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ ।आर्थिक विकासको संवाहक एवम् उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सवल बनाउने दायित्व र जिम्मेवारी हरेक स्थानीय सरकारको हुन्छ। दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ ।सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्नु हरेक स्थानीय सरकारको दायित्व हो ।

### ६.२.१ विद्यमान अवस्था

यस गाउँपालिकाको सबै वडामा सञ्चार सेवा पुगेको छ।पालिकाको ६ वटा वडामा ९ वटा मोबाइल टावर रहेको छ।पालिकाको सबै जसो युवाहरुको हातमा मोबाइल फोन देख्न सकिन्छ। यहाँ विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले आफ्नो सेवा बिस्तार गरेका छन्। २०७६ को

घरधुरी सर्वेक्षण अनुसार यहाँका ८,९४४ घरधुरी मध्ये १३१ घरधुरी बाहेक सबै घरधुरी कुनै न कुनै सञ्चार माध्यम (ल्याण्ड लाईन फोन, मोबाइल, रेडियो, टेलिभिजन) को पहुँचमा भएको देखिन्छ। यहाँ कुनै रेडियो तथा एफ. एम. स्टेशन नभए पनि आसपासका पालिका तथा जिल्लाहरुबाट प्रसारण हुने रेडियो तथा एफ. एम. सहजै सुन्न पाइन्छ।

### ६.२.२ अवसर र चुनौती

यस गाउँपालिकाको अधिकांश क्षेत्रमा मोबाइल नेटवर्कको कभरेज रहेको तथा इन्टरनेटको पहुँच बढ्दै जानुलाई अवसरको रुपमा लिन सकिन्छ।अधिकांश युवाहरुले मोबाइल चलाउने र इन्टरनेटको नयाँ प्रविधि सँग घुलमिल हुँदै गएकाले इन्टरनेट प्रयोगबाट ज्ञान तथा सूचना आदान प्रदान गर्न सहज हुने देखिन्छ ।यद्यपि कमजोर आर्थिक आवस्थाको कारणले लक्षित वर्गमा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु, इन्टरनेट सेवा प्रदायक कम्पनीहरु बजार केन्द्रित हुनु, एकीकृत तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणालीको अभाव हुनु तथा गाउँपालिका भित्र एफ.एम. तथा पत्र पत्रिका प्रकाशन नहुनु जस्ता चुनौतीहरु रहेका छन ।

### ६.२.३ दीर्घकालीन सोच

स्थानीयवासीलाई सहज रुपमा सूचना तथा सञ्चारको पहुँच पु-याउने ।

### ६.२.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • स्थानीयवासीलाई सूचना तथा सञ्चार माध्यमसँग सहज पहुँच पु-याउने। | • हरेक वडा कार्यालयमा इन्टरनेटको सेवा पु-याइ निःशुल्क वाई-फाई क्षेत्र बनाइनेछ<br>• पालिका भित्र मूख्य ठाउँहरुमा सीसीटिभी क्यामेरा जडान गरि अनुगमनलाई प्रभावकारी बनाइनेछ<br>• एकीकृत सूचना प्रविधिमा आधारित तथ्याङ्क प्रणालीको विकास गरिनेछ<br>• पालिकामै स्थानीय एफ.एम. स्थापनाको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ<br>• युवा लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र दक्षता अभिवृद्धि कार्यक्रम (फोटोग्राफी, कम्प्युटर सफ्टवेयरहरुको प्रयोग, भिडियो तथा कथा बनाउने प्रशिक्षण) सञ्चालन गरि स्वरोजगारी अवसर प्रदान गरिनेछ । |

### ६.२.५ प्रमुख कार्यक्रम

- डिजिटल सेवाप्रवाह प्रणाली स्थापना,
- एकीकृत तथ्याङ्क व्यवस्थापन,
- एफ. एम. स्टेशन तथा अन्य सञ्चार उद्योग स्थापनालाई प्रोत्साहन,
- सिसिटीभी जडान,
- सूचना प्रविधि सम्बन्धी तालिम र क्षमता अभिवृद्धि कार्यक्रम ।

### ६.२.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | स्थानीयवासीको सूचना तथा सञ्चार प्रविधिमा सहज पहुँच हुनेछ । | एफ एम स्टेशन | संख्या | ० | १ |
| | | टेलिभिजन उपलब्ध घरधुरी | प्रतिशत | | ५० |
| | | इन्टरनेट सेवा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९.२२ | ८० |
| | | टेलिफोन/मोबाइल प्रयोगकर्ता घरधुरी | प्रतिशत | ७० | ९० |
| | | फ्रि वाइफाइ जोन | संख्या | ० | १५ |
| | | सी सी टि भी जडान | संख्या | ० | ५० |
| | | विद्युतीय सूचना पाटि | संख्या | ० | १० |
| | | एकीकृत डाटा बेस प्रणालीको विकास | संख्या | ० | १ |
| | | हार्डवेर तथा साफ्टवेर जडान | संख्या | | १० |
| | | सूचना प्रविधि सम्बन्धि अनुशीक्षण कर्मचारी तथा जनप्रतिनिधि | संख्या | | सबै |
| | | वार्षिक समाचार बुलेटिन | संख्या | ० | १ |

### ६.२.८ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा गाउँपालिकामा कम्तिमा एउटा एफ.एम. सञ्चालन भएको हुनेछ, भने ८० प्रतिशत घरधुरी इन्टरनेट, मोबाइल वा टेलिफोनको पहुँचमा हुनेछन ।

## ६.३ विद्युत तथा उर्जा

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण माध्यम हो । सङ्घीय सरकार र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको छ । विद्युत विकास र व्यवस्थापनमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ।

### ६.३.१ विद्यमान अवस्था

प्रतापपुर गाउँपालिकाको वडा न. ७ मा अवस्थित गण्डक हाईड्रो पावरबाट १५ मेगावाट विद्युत उत्पादन गर्ने क्षमता छ । यस हाइड्रो पावरबाट गाउँपालिकाले वार्षिक रुपमा लगभग २ करोड रुपैयाँ राजस्व संकलन हुन सक्छ । घरधुरी सर्वेक्षण २०७६ अनुसार, यस गाउँपालिकाको ८,९४४ घरधुरी मध्ये ९७.४२% घरधुरीमा विद्युत विद्युत सेवा पुगेको छ ।यहाँको २८.९६ % घरधुरीले खाना बनाउन ग्याँसको प्रयोग गर्दछन भने बाँकी घरधुरीले इन्धनका अन्य श्रोतहरु प्रयोग गर्दछन।

### ६.३.२ अवसर र चुनौती

यस गाउँपालिकाको सबै वडामा विद्युत सेवा विस्तार भएको छ ।भौगोलिक सहजताले गर्दा सबै ठाउँमा बिजुली पु-याउन सहज हुने अवस्था छ र सौर्य उर्जाको प्रयोग गर्न सहज रहेको छ।प्रशस्त अवसर हुँदा हुँदै पनि प्रसारण लाईनको उपलब्धताको अभावमा गरिब तथा पिछडिएको वर्ग सम्म विद्युत सेवा पुग्न सकेको छैन । अर्कोतर्फ दाउराको प्रयोगबाट खाना पकाउने घरधुरी ६०% भन्दा माथि हुनु चुनौतीको रुपमा रहेको छ ।

### ६.३.३ दीर्घकालीन सोच

विद्युतीय उर्जा बिस्तार गरी गाउँपालिकाको दिगो आर्थिक तथा सामाजिक विकासको आधार तय गर्ने ।

### ६.३.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सबै घरधुरीसम्म विद्युतको पहुँच बिस्तार गर्ने | • गरिब तथा उत्पीडित लक्षित वर्गलाई निःशुल्क विद्युत सुविधा उपलब्ध गराइनेछ<br>• विद्युत प्रसारणको लागि पुराना जिर्ण अवस्थामा रहेको पोलहरुलाई विस्थापन गरी नयाँ पोलहरु राखिनेछ<br>• आवश्यक स्थानहरुमा ट्रान्सफर्मर जडान गरि हरेक वडाहरुमा ३ फेज लाईनको बिस्तार गरिनेछ<br>• खाना पकाउनको लागि स्वच्छ उर्जा (विद्युत, बायो ग्याँस, सुधारिएको चुलो) को प्रयोग बढाईनेछ<br>• वैकल्पिक उर्जा जस्तै सोलार, गोबर ग्याँसको उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ । |

### ६.३.५ प्रमुख कार्यक्रम

- विद्युत क्षमता वृद्धि तथा प्रसारण लाईनको बिस्तार,
- विद्युतीय पोलहरुको मर्मत सम्भार तथा जीर्ण पोलहरुको प्रतिस्थापन,
- वैकल्पिक उर्जाको उत्पादन तथा प्रयोगको लागि जनचेतना कार्यक्रम सञ्चालन ।

### ६.३.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | विद्युतीय तथा स्वच्छ उर्जाको उपयोग सहज तथा भरपर्दो भएको हुनेछ । | सडक बत्ती जडान भएका स्थान | संख्या | ५७ | २५७ |
| | | सोलार बत्ती जडान भएका स्थान | संख्या | ० | २०० |
| | | विद्युत सेवा उपलब्ध घरधुरी | प्रतिशत | ९७.४२ | १०० |
| | | खाना पकाउन स्वच्छ ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | २८.९६ | ८० |

### ६.३.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा शत प्रतिशत घरधुरीले विद्युतीय उर्जा प्रयोग गरेका हुनेछन् भने ८० प्रतिशत घरधुरीले खाना पकाउन स्वच्छ उर्जा प्रयोग गरेका हुनेछन् ।

## ६.४ भवन तथा बस्ती विकास

### ६.४.१ विद्यमान अवस्था

नेपालको संविधानले योजनावद्ध बसोबास, पूर्वाधारको विकास, वातावरणमैत्री सुरक्षित आवासको हकको प्रत्याभूति गरेको छ । आवासको प्रकार र बस्तीको बनावट अनुसार यस गाउँपालिका घना बस्ती र मिश्रित (अर्ध पक्की र कच्ची) बनावटका घरहरू रहेका देखिन्छन् । घरधुरी सर्वेक्षण २०७६ अनुसार, यस गाउँपालिकाको ८९४४ घरधुरी मध्ये ३५ प्रतिशत घरधुरीमा पक्की ढलान छाना, ३२ प्रतिशत घरधुरीमा जस्तापाताको छाना, ९ प्रतिशत घरधुरीमा खर तथा परालको छाना रहेको छ भने बाँकी २४ प्रतिशत घरधुरीमा अन्य किसिमका छानाहरु जस्तै माटोको खपेटा, ढुंगा तथा काठको छाना रहेको छ ।

### ६.४.२ अवसर र चुनौती

आवास निर्माण तथा बस्ती विकास गर्न समथर भूभाग भएकाले भौगोलिकरुपले सहज रहेको छ। आवास निर्माणका निमित्त चाहिने कच्चा पदार्थ तथा जनशक्ति गाउँपालिकामा नै उपलब्ध हुने भएकाले निर्माण कार्य सस्तो तथा सहज हुने देखिन्छ। यद्यपि अधिकांश जनसंख्या गरिबीको रेखामुनी रहेकाले सुरक्षित आवासको निम्ति आवश्यक श्रोत जुटाउन मुस्किल हुनु चुनौतीको रुपमा रहेको छ। बढ्दो जनसंख्याको कारण अव्यवस्थतित रुपमा भवन निर्माण तथा बस्ती विकासका मापदण्डहरूको पालना नगरीनै घर निर्माण गर्ने परिपाटी रहेकाले खेती योग्य जमिनमा ह्रास आइरहेको छ ।

### ६.४.३ दीर्घकालीन सोच

सबै जनतामा सुरक्षित आवासको पहुँच पु-याउने ।

### ६.४.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आवास क्षेत्र निर्धारण गरि एकीकृत बस्ती विकास गर्ने | • सीमान्तकृत, लोपोन्मुख, दलित र अति विपन्नका लागिलागि एकीकृत बस्तीको अवधारणा अघि बढाइनेछ<br>• व्यवस्थित बजार विकासका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ |

### ६.४.५ प्रमुख कार्यक्रम

- आवास नीति निर्माण
- कार्यालय/ सार्वजनिक भवन निर्माण
- जनता आवास कार्यक्रम

### ६.४.६ नतिजा खाका

| क.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| २ | आवास तथा सार्वजनिक निर्माण व्यवस्थित भएको हुनेछ । | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | संख्या | ० | ९ |
| | | पक्की घर भएको घरधुरी | संख्या | ३१३७ | ६००० |
| | | सार्वजनिक भवन | संख्या | ९ | १८ |
| | | सार्वजनिक शौचालय | संख्या | ० | ९ |
| | | एकीकृत आवास निर्माण | संख्या | ० | ४३५ |

### ६.४.७ अपेक्षित उपलब्धि

आवधिक वर्षको अन्त्य सम्ममा सार्वजनिक शौचालयको संख्या ९, सार्वजनिक भवनको संख्या १८ र जनता आवास कार्यक्रम अन्तर्गत ४३५ नयाँ घरहरु बनेको हुनेछ।

# परिच्छेद सातः वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन

नेपालको संविधानको भाग ३ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हकको व्यवस्था गरेको छ । प्राकृतिक श्रोतको संरक्षण, प्रवर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत् विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय राखी विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । स्थानीय सरकारको कार्यक्षेत्र भित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै प्रकोप व्यवस्थापन पर्दछन्। यस विषयहरूको प्रभावकारी व्यवस्थापनकालागि स्थानीय सरकारले सरकारका अन्य संयन्त्रहरूसँग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य १२ (उपभोग र उत्पादनमा जिम्मेवारीपना), लक्ष्य १३ (जलवायु सम्वन्धी) यस क्षेत्रसँग जोडिएका छन् । दिगो विकासको लक्ष्य सहित दीर्घकालीन सोच कायम गरेर अगाडि बढ्न तथा संविधान तथा प्रचलित ऐन कानूनले लिएका लक्ष्यहरू समेत हासिल गर्न स्थानीय स्तरमा गाउँपालिकाको भूमिका अत्यन्त महत्वपूर्ण छ ।

## ७.१ वन विकास तथा वातावरण संरक्षण

### ७.१.१ विद्यमान अवस्था

प्रतापपुर गाउँपालिकामा जम्मा ०.१ प्रतिशत वन रहेको छ।यस गाउँपालिकामा वन पैदावार एकदमै नगन्य रहेकोले खोलाको किनार, सार्वजनिक जग्गा तथा अन्य जग्गाहरुमा वोट विरुवा रोपी हरियाली बनाउन सकिन्छ। गाउँपालिका क्षेत्रको अधिकांश क्षेत्र खुला क्षेत्रको रूपमा रहेको, ग्रामीण बजार केन्द्र रहेको र अन्य साना साना बस्तीहरूमात्र रहेको कारण ध्वनी, वायु तथा जल प्रदुषण नगन्य रहनु वातावरणीय हिसावले राम्रो मानिन्छ। खुला दिसामुक्त गाउँपालिका घोषणा भई सकेको हुँदा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त पालिका घोषणा गर्ने सम्भावना देखिन्छ ।

### ७.१.२ अवसर र चुनौती

यस गाउँपालिकाको खाली जमिन तथा खोलाकिनार र तालपोखरी वरिपरी वृक्षारोपण गरी हरियाली कायम राख्न सकिन्छ। सडक किनारा वरिपरी रुख बिरुवा रोप्न सकेको खण्डमा वातावरण स्वच्छ तथा सफा राख्न सकिन्छ। यद्यपि वन तथा वातावरण सम्बन्धी स्थानीय नागरिकमा जिम्मेवारीबोध तथा जवाफदेहिताको वृद्धि गर्नुपर्ने खाँचो रहेको छ। अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार, वन क्षेत्र अत्यन्त न्यून हुनु तथा वातावरणसम्बन्धी एकीकृत योजना तर्जुमा, कार्यान्वयन र सोको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु लगायतका कारणले वातावरण क्षेत्रमाथि चाप बढ्न गएको छ । कृषियोग्य उर्वर जमिन अतिक्रमण गरी संरचना निर्माण हुनु तथा विकास कार्यहरू वातावरणमैत्री नहुनुलगायतका चुनौतीहरु रहेका छन् ।गाउँपालिकाको बजार क्षेत्रमा फोहोरको विसर्जनका लागि ल्याण्डफिल्ड साइटको व्यवस्था छैन । दैनिक उत्सर्जन हुने प्लाष्टिकजन्य पदार्थ तथा बोतलहरु जथाभावी फाल्ने प्रचलन रहनुले फोहरमैला व्यवस्थापनमा चुनौती रहेको छ ।

### ७.१.३ दीर्घकालीन सोच

हरियाली प्रवर्द्धन गर्दै पर्यावरणीय स्वच्छता, सुन्दरता र स्वच्छ व्यवहार अभिवृद्धि गर्ने ।

### ७.१.४ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • वन, वातावरण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | • सार्वजनिक खाली जग्गा, सडक तथा खोला किनार, विद्यालयलगायत सार्वजनिक कार्यालय क्षेत्रमा वृक्षारोपण गरिनेछ<br>• निजी वन निर्माणलाई प्रोत्साहन गरिनेछ तथा बोट बिरुवाहरु अनुदानमा उपलब्ध गराइनेछ<br>• वार्षिक रुपमा वृक्षारोपण अभियान सञ्चालन गरिनेछ |
| • वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यमा समुदायलाई अभ्यस्त गराउने । | • जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>• गाउँपालिकाभित्र प्लाष्टिक जन्य बस्तुहरुको प्रयोग निरुत्साहित गर्दै दुना टपरीजस्ता स्थानीय वस्तुहरूको प्रयोगमा जोड दिइनेछ<br>• नियमित रुपमा वडा, टोल स्तरीय सरसफाइ अभियान सञ्चालन गरिनेछ । |

### ७.१.५ प्रमुख कार्यक्रम

- वृक्षारोपण बिस्तार तथा हरियाली प्रवर्द्धन कार्यक्रम,
- स्वच्छ वातावरण तथा हरियाली समाज निर्माण सचेतनामुलक कार्यक्रम,
- समुदायमा आधारित वडा तथा टोल सरसफाई कार्यक्रम,
- फोहोर वर्गीकरण तथा व्यवस्थापन कार्यक्रम,
- फोहोर व्यवस्थापन ल्याण्डफिल्ड साइट निर्माण,
- वातावरणमैत्री स्थानीय शासन कार्यक्रम ।

### ७.१.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (०७७/७८ ) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | वन तथा जैविक विविधता संरक्षण तथा दिगो उपयोग भएको हुनेछ । | वन जङ्गलले ओगटेको क्षेत्र | प्रतिशत | ०.१ | १ |
| | | वन उपभोक्ता समिति | संख्या | ० | १ |
| २ | स्वच्छ, सफा तथा हरियालीयुक्त वातावरणको अभिवृद्धि भएको हुनेछ । | सडक किनारामा विरुवा रोपिएको सडक | किलोमिटर | ० | ५ |
| | | दैनिक सरसफाइ हुने बजार क्षेत्र | संख्या | ० | ३ |
| | | फोहोर व्यवस्थापनमा स्थानीय संयन्त्र | संख्या | ० | ९ |
| | | फोहर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइट | संख्या | ० | १ |

### ७.१.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा २ वटा मनोरञ्जन पार्क तथा सडक किनार वरिपरी ५ किलो मिटर क्षेत्रमा रुख बिरुवा रोपिएको हुनेछ । त्यसै गरी फोहर मैला व्यवस्थापनको निम्ति एउटा ल्याण्डफिल्ड साइटको स्थापना भएको हुनेछ ।

## ७.२ विपद् व्यवस्थापन

### ७.२.१ विद्यमान अवस्था

यस गाउँपालिकामा पालिका स्तरीय विपद् व्यवस्थापन समिति क्रियाशील रहेको छ, भने आपतकालीन कोषको स्थापना गरिएको छ । विपद् जोखिमको पूर्व तयारी र राहत उद्धारका लागि विपद् व्यवस्थापन समिति तयारी अवस्थामा रहेको छ। विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय स्तरमा विभिन्न सङ्घ संस्थाले समुदायको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन।

### ७.२.२ अवसर र चुनौती

गाउँपालिकामा आपतकालीन स्वास्थ्य सेवा उपलब्ध गर्ने १ वटा एम्बुलेन्स रहेको छ। यस पालिकाको सबै वडाहरुमा सामुदायिक (धर्मशाला) भवन रहेको छ। यी सामुदायिक भवनहरुलाई विपद्को बेलामा आश्रयस्थलको रुपमा प्रयोग गर्न सकिन्छ। गाउँपालिकाले विपद् व्यवस्थापनका लागि कानून समेत तर्जुमा गरी विपद् पछिको नगद तथा वस्तुगत राहतको व्यवस्था समेत उपलब्ध गराउनुलाई सवल पक्ष मान्न सकिन्छ।यद्यपि विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु प्रमुख चुनौतिका रुपमा रहेको छ । हरेक वर्ष हुने बाढी तथा डुवानको पूर्वतयारी नहुनु, आपतकालीन सेवाका दमकल तथा रक्त सञ्चार सेवाको व्यवस्था नहुनु, विपद् आइपर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था सहज नहुनु, पालिकामा शववाहन सेवा नहुनु, बिपद् पूर्व सूचना प्रणालीको अभाव, सडक सुरक्षा सचेतना केन्द्र नहुनु जस्ता समस्या तथा चुनौतिहरू रहेका छन् ।

### ७.२.३ दीर्घकालीन सोच

विपद् जोखिम तथा क्षति न्यूनीकरण गरी सुरक्षित पालिकाको निर्माण गर्ने ।

### ७.२.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • भू तथा जलाधार क्षेत्रको संरक्षण तथा दिगो उपयोग गर्ने । | • सिँचाई तथा खानेपानीका लागि पानीको उपयोग गर्दा जलीय पर्यावरणमा प्रतिकुल प्रभाव हुन दिईनेछैन ।<br>• नदी कटान तथा पहिरो प्रभावित क्षेत्रमा |

| रणनीति | कार्यनीति |
|---|---|
| | रोकथामका लागि पूर्वाधार निर्माण गरिनेछ । |
| • जलवायु परिवर्तन अनुकुलन तथा विपद् उत्थानशील शिल क्षमता अभिवृद्धि गर्ने । | • जलवायु परिवर्तन अनुकुलनका लागि रिचार्ज पोखरी तथा उपयुक्त बीऊ विजनको व्यवस्था गरिनेछ ।<br>• हरेक वडामा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ<br>• कोभिड १९ लगायतका अन्य प्रकोपबाट क्षति न्यूनीकरणको लागि जनचेतना वृद्धि तथा आवश्यक पूर्व तयारी गरिनेछ ।<br>• विपद् व्यवस्थापन कोष तथा विपद् व्यवस्थापन समितिलाई सशक्त गराइनेछ<br>• गाउँपालिका विपद् प्रतिकार्य समुह गठन गरी आवश्यक सीप तथा सामग्री व्यवस्थापन गरिनेछ । |

### ७.२.५ प्रमुख कार्यक्रम

- आपतकालीन आश्रय स्थल निर्माण,
- विपद् पूर्व तयारी कार्यक्रम,
- वडामा विपद् व्यवस्थापन समिति गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम,
- दमकल व्यवस्थापन कार्यक्रम,
- सडक सुरक्षा सचेतना कार्यक्रम,
- आपतकालीन उद्धार सामग्रीहरु व्यवस्थापन तथा पुनर्भरण कार्यक्रम,
- विद्यालयमा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन कार्यक्रम,
- आपतकालीन आकस्मिक कोष,
- प्राथमिक उपचार प्रशिक्षण कार्यक्रम ।

### ७.२.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापनमा संस्थागत तथा सामुदायिक क्षमता सुदृढ भएको हुनेछ । | विपद्कालिन आश्रयस्थल | संख्या | १ | ३ |
| | | खोज तथा उद्धार कार्य गर्ने दक्ष जनशक्ति | जना | ० | २० |
| | | विपद् व्यवस्थापनमा संलग्न स्थानीय संस्था तथा संयन्त्र | संख्या | १ | ३ |
| | | विपद् व्यवस्थापनमा क्रियाशील समुदायस्तरमा गठित संस्था | संख्या | ० | ९ |
| | | दमकल | संख्या | ० | १ |
| | | विद्यालयमा विपद् जोखिम न्यूनीकरण शिक्षा सम्बन्धी क्लब तथा समिती | संख्या | ० | ६ |

### ७.२.७ अपेक्षित उपलब्धि

आवधिक वर्षको अन्त्य सम्ममा ३ वटा विपद्कालिन आश्रय स्थलहरु सञ्चालनमा आएका हुनेछन् । हरेक वडामा विपद् व्यवस्थापन संयन्त्र निर्माण भई कार्य गरेका हुनेछन् साथै गाउँपालिकाले २ वटा एम्बुलेन्स सञ्चालन र १ वटा दमकल व्यवस्थापन गरेको हुनेछ ।

# परिच्छेद आठः संस्थागत विकास तथा सुशासन

जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन ऐन, २०७४ अनुसार सेवा प्रवाह गरी स्थानीय तहको समग्र विकास गर्ने दायित्व स्थानीय सरकार समक्ष रहेको छ । मुलुकको सङ्घीय शासन प्रणाली बमोजिम शासकीय संरचनामा भएको परिवर्तन अनुसार स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, साधन श्रोतमा बढोत्तरी भएसँगै जनआकांक्षा पनि चुलिएको छ ।यसको सम्बोधन गर्न बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत विकासका लागि अभिन्न अंगको रूपमा महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य–१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य–१७ (लक्ष्यहरूका निम्ति साझेदारी) सुशासन र संस्थागत विकाससँग जोडिएका लक्ष्यहरू हुन् । यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, सँगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत व्यवस्थापन गर्नुपर्दछ । सङ्घीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको घरदैलोको सरकारको रुपमा स्थापित भएको छ । स्थानीय सरकारलाइ "स्थानीय सरकार गाउँ-घरमा सिंहदरबार" भन्ने अवधारणा अनुसार स्थानीय जनताले आफ्नो सरकार तथा स्थानीय तहमै अधिकार प्रत्याभूति भएको महसुस गरेका छन् र स्थानीय सरकारबाट विकास, सेवा र परिवर्तनको ठूलो अपेक्षा राखेका छन् । तथापी सीमित अधिकार, श्रोत तथा साधन तथा नीति योजनामा कमी भएकाले जनताले चाहे जस्तो काम गर्न स्थानीय सरकारलाई सजिलो देखिँदैन ।

## ८.१ संस्थागत सुशासन तथा क्षमता विकास

### ८.१.१ विद्यमान अवस्था

गाउँपालिकाको सुशासन तथा आर्थिक पारदर्शिता भन्ने नीति अनुसार प्रत्येक गाउँपालिकाका सदस्यहरुले आफ्नो सम्पत्ति सार्वजनिक गरेका छन ।पालिकामा हाल सम्म २१ वटा स्थानीय कानून निर्माण भएर कार्यान्वयनमा आएका छन् ।पालिकाले अनलाइन सेवा समेत शुरू गरेको छ ।जसअनुसार अनलाईनबाट व्यक्तिगत फारम भर्ने व्यवस्था सबै वडामा बिस्तार हुदैछ।स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँपालिका र प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र, सुशासन हेल्प डेस्क लगायतका कार्यहरुको सुरुवात भएको छ। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना

तर्जुमाको अभ्यास गरी गाउँसभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी, नागरिक वडा पत्र मार्फत सार्वजनिक गर्ने गरिएको छ।

### ८.१.२ अवसर र चुनौती

स्थानीय सरकार गठन भईसकेपछि जनप्रतिनिधिहरुसँग जनताको सहज पहुँच भएको र प्रतिनिधि मार्फत जनताका गुनासाहरु सुनुवाई हुने अवस्था छ। जनतालाई परेका पीर मर्का सुन्ने वातावरण हुनु, गाउँ क्षेत्रको न्याय प्रणालीमा जनताको पहुँच हुनु, आफूलाई लागेको कुरा जनप्रतिनिधिहरुसँग खुलस्त राख्न सक्नु, स्थानीय विकास र नीति निर्माणमा जनताको सहभागिता बढ्नु तथा बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया सहभागितामुलक भएको हुनाले सुशासन कायम राख्न मद्धत पुगेको छ । यद्यपि परिवर्तित सन्दर्भमा गाउँपालिकाकाको संगठन संरचना तथा आवश्यक जनशक्तिको तथा व्यवस्थापन, आन्तरिक श्रोतको यथेष्ट पहिचान तथा परिचालन जस्ता समस्याहरू अझै रहेका छन् । सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना र जनशक्तिको व्यवस्था र प्रविधि परम्परागत हुँदा सुशासनमा चुनौती रहेको छ ।

### ८.१.३ दीर्घकालीन सोच

स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने ।

### ८.१.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने । | • पेपरलेस सरकारको अवधारणा क्रमशः सबै वडा कार्यालयहरुमा लागू गरिनेछ ।<br>• गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।<br>• सुशासन, ऐन, नियम तर्जुमा तथा जवाफदेहिता प्रवर्द्धन क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>• विषयगत समिति तथा अन्य समितिहरूलाई प्रचलित कानून बमोजिमको कार्यक्षेत्र स्पष्ट गरी कार्य सम्पादनको स्तर सुधारको लागि क्षमता अभिवृद्धि गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | • समाजमा व्याप्त लैङ्गिक विभेद, हिंसा जस्ता कुरितीहरूलाई न्यूनीकरण गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तयार गरी लागु गरिनेछ । |

### ८.१.५ प्रमुख कार्यक्रम

- पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास,
- सामाजिक जवाफदेही र समावेशीकरण प्रवर्द्धन,
- सूचना तथा सहायता कक्ष सञ्चालन,
- संस्थागत संरचना तथा मानव संसाधन स्थानीय नीति, योजना, तथा कार्यक्रम कार्यान्वयन, अनुगमन तथा नियमन,
- वडा कार्यालयहरूको स्तरोन्नती गरी सेवा प्रवाहलाई सहज र सुलभ,
- विषयगत समिति क्षमता विकास तथा कार्य सम्पादन अभिवृद्धि,
- गुनासो सुनुवाई प्रणाली विकास ।

### ८.१.६ नतिजा खाका

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | सेवा प्रवाह तथा जवाफदेहिताको अवस्थामा सुधार भएको हुनेछ । | सेवाग्राही सन्तुष्टी दर | प्रतिशत | ६० | ९० |
| | | गुनासो सुनुवाइ | प्रतिशत | ७० | ९५ |
| | | अभ्यासमा रहेका सामाजिक जवाफदेहिताका मापन आधारहरु (क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, समुदाय स्कोरकार्ड आदि) | प्रकार | ५ | ७ |
| | | सूचनाको माध्यम (डिजिटल सूचना पार्टी, | प्रकार | ६ | ८ |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | | लिखित सूचना, सामाजिक सञ्जाल, रेडियो तथा टेलिभिजन, वेभसाइट, मोवाइल म्यासेज) | | | |
| | | विद्युतीय हाजिरी रहेका सेवा प्रवाह गर्ने कार्यालय (गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालय विषयगत शाखा) | संख्या | ० | ९ |
| २ | कार्य सम्पादन क्षमता सुदृढ भएको हुनेछ । | वार्षिक जनशक्ति क्षमता विकास तालिम | पटक | १ | ३ |
| | | सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने औसत समय | मिनेट | - | १५ |
| | | कार्य सम्पादन समीक्षा | पटक | ० | १ |
| | | विभिन्न विधामा उत्कृष्ट कार्य सम्पादन पुरस्कार पाउने कर्मचारी (वार्षिक ) | जना | ० | ३ |
| | | पुंजीगत खर्च गर्ने क्षमता (वार्षिक ) | प्रतिशत | ७० | ९५ |
| ३. | वित्तीय श्रोतको बिस्तार तथा परिचालन प्रभावकारी भएको हुनेछ । | वार्षिक आन्तरिक आय (आ. व ७६/७७) | रु हजारमा | १३३२१९ | २२५०० |
| | | कूल वार्षिक बजेट | रु हजारमा | ७८२१८९ | १३७८४८५ |
| | | आयोजनामा समुदायको योगदान | रु हजारमा | - | १०००० |
| | | विनियोजन शिर्षकअनुसार वार्षिक खर्च | प्रतिशत | ८० | ९५ |
| ४. | योजना तर्जुमा तथा कार्यान्वयन प्रकृया व्यवस्थित | समयमै सम्पन्न हुने स्थानीय आयोजना | प्रतिशत | ७० | ९० |
| | | वस्तुस्थिति विवरण अद्यावधिक | पटक | ० | २ |
| | | तर्जुमा भएका विषयगत रणनीतिक योजना (विषय) | संख्या | ० | २ |

| क्र.सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | भएको हुनेछ । | नतिजामूलक अनुगमन खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | पटक | ० | ५ |
| | | बस्तीस्तरबाट योजना तर्जुमा प्रक्रियामा सहभागिता | जना | ० | १००० |

### ८.१.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्य सम्ममा समयमा नै सम्पन्न हुने स्थानीय आयोजना ९० प्रतिशत, गुनासो सुनुवाई ९५ प्रतिशत, सेवाबाट सन्तुष्ट हुने जनता ९० प्रतिशत तथा गाउँपालिकाको पुँजीगत खर्च गर्न सक्ने क्षमता ९५ प्रतिशत भएको हुनेछ ।

## ८.२ सामुदायिक साझेदारी तथा गैरसरकारी संस्थाहरु

### ८.२.१ विद्यमान अवस्था

यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई क्षेत्रमा कार्य गर्ने विभिन्न गैर सरकारी संस्थाहरु रहेका छन् । आफ्नो टोलको विकासको निम्ति केहि टोलहरुमा टोल विकास समिति गठन भई स्थानीय स्तरमा, टोल विकासको कामहरु सञ्चालन भईरहेका छन् । स्थानीय युवा क्लबले समय समयमा सरसफाई, मनोरञ्जन तथा खेलकुदका कार्यक्रमहरु गर्ने गर्दछन् ।

### ८.२.२ अवसर र चुनौती

यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरु हुनुलाई अवसरको रुपमा लिन सकिन्छ। विकासको दृष्टिकोणले पछाडि परेको र सामाजिक पक्षहरुहरु कमजोर भएको समुदाय भएको हुनाले पालिकाको समग्र विकासमा सामुदायिक सङ्घ-संस्था तथा गैरसरकारी सङ्घ-संस्थाको भूमिका महत्वपूर्ण हुन्छ। यद्यपि सामाजिक सेवाका नाममा कतिपय संस्थाहरूले पालिकासँगको समन्वय विना कार्यक्रम सञ्चालन गर्ने र त्यस्ता कार्यक्रमले समाजमा पार्ने प्रभावहरुको समीक्षा हुने गरेको  पाइँदैन । नियमित रुपमा गैरसरकारी संस्थाहरुको

कार्यहरु अनुगमन नहुनु तथा पालिकासँग समन्वय नभइ कार्यक्रम सञ्चालन गर्ने कार्यलाई नियन्त्रण गर्न नसक्नु चुनौतीको रुपमा रहेको छ।

### ८.२.३ दीर्घकालीन सोच

सामजिक सङ्घ संस्थालाई उत्तरदायी र पारदर्शी बनाइ स्थानीय विकासमा परिचालन गर्ने ।

### ८.२.४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| • सामाजिक सङ्घ संस्थाहरुलाई सुदृढ बनाई स्थानीय विकासमा परिचालन गर्ने । | • गैर-सरकारी संस्थाहरुको कार्यक्रमहरुलाई नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ ।<br>• टोल विकास समितिको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• युवा क्लब, तथा गाउँपालिकामा भएका अन्य संगठन, आमा समुह, उपभोक्ता समितिहरुको क्षमता प्रवर्द्धनको लागि निश्चित कोषको व्यवस्था गरिनेछ । |

### ८.२.५ प्रमुख कार्यक्रम

- नियमित अनुगमन तथा मुल्यांकन
- टोल विकास संस्था गठन तथा परिचालन,
- सामुदायिक संगठन सुदृढीकरण कार्यक्रम,
- स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम ।

### ८.२.६ नतिजा खाका

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| १ | स्थानीय विकासमा सामाजिक सङ्घ संस्थाको | स्वास्थ्य, शिक्षा तथा सरसफाइ क्षेत्रमा काम | संख्या | ४ | ८ |

| क्र. सं. | नतिजा | सूचक | एकाई | आधार वर्षको अवस्था (७७/७८) | आवधिक योजनाको अन्त्यको स्थिति (०८२/८३) |
|---|---|---|---|---|---|
| | भूमिका वृद्धि हुनेछ । | गर्ने सामाजिक सङ्घ संस्था | | | |
| | | विषयगत क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरु | संख्या | २ | ५ |
| | | गाउँपालिकाबाट सामाजिक सङ्घ संस्थाको वार्षिक अनुगमन तथा समन्वय (वार्षिक) | संख्या | ० | २ |

### ८.२.७ अपेक्षित उपलब्धि

आवधिक योजनाको अन्त्यसम्ममा पाँच वटा विषयगत क्षेत्रसँग सम्बन्धित सामाजिक संस्थाले काम गरेका हुनेछन् र गाउँपालिकाले गैरसरकारी संस्थाहरुको कार्यक्रमलाई वर्षमा २ पटक नियमित अनुगमन गरेको हुनेछ ।

# परिच्छेद नौः वित्तीय विश्लेषण

## ९.१ वजेट विश्लेषण र आवधिक योजना अवधिको लागि प्रक्षेपण

### ९.१.१ आय अनुमान

यस परिच्छेदमा आवधिक योजनाको दीर्घकालीन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू प्राप्तिका लागि पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकिकरण गरी सोको लागि आवश्यक श्रोतहरूको व्यवस्थापन सम्बन्धी विवरणहरु राखिएका छन ।

स्थानीय तहको आर्थिक कार्य प्रणाली सम्बन्धी संवैधानिक प्रावधान, राष्ट्रिय आर्थिक नीति र सङ्घ तथा प्रदेशसँगको आर्थिक अन्तरसम्बन्धलाई मुख्य आधारका रुपमा लिइ वित्तीय व्यवस्थापन सम्बन्धी विश्लेषण र प्रक्षेपण गरिएको छ । गाउँपालिकाले पाँच वर्षको अवधिमा प्रतिव्यक्ति वार्षिक आय झण्डै दोब्बर पु-याउन, कृषि क्षेत्रको वृद्धि दर ७ % बाट बढाइ लुम्बिनी प्रदेशको कृषि क्षेत्रको सरह वृद्धिदर ९% हासिल गर्ने, र बेरोजगारी १०.६८% बाट ५% भन्दा तल झार्ने महत्वाकांक्षी लक्ष्य पूरा गर्नेतर्फ लक्षित गरिएको छ । गाउँपालिकाले उल्लेखित आकारको आर्थिक समृद्धि हासिल गर्न आवश्यक श्रोतका लागि सहकारी, निजी र गैरसरकारी क्षेत्रको एकिकृत र समन्वयात्मक भूमिकालाई समेत आधार मानेको छ ।

आवधिक योजनाको पछिल्ला आ.व.हरुको वित्तीय प्रक्षेपण गर्दा आ.व २०७६/७७ र २०७७/७८ को स्वीकृत कार्यक्रम तथा बजेट र आन्तरिक राजस्वको रकम र यथार्थ खर्चको अनुपातका आधारमा गरिएको छ । आय प्रक्षेपण गर्दा स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्थित स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरुलाई समेत प्रक्षेपणको आधार मानिएको छ। आर्थिक प्रक्षेपण गर्दा औसत आर्थिक वृद्धि र राजस्व वृद्धिको सम्भावना तथा गाउँपालिकाले गर्नसक्ने थप प्रयासका आधारमा हरेक आ.व. मा अनुमानित १२ % वृद्धिदरले गरिएको छ।

राष्ट्रिय  पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको राजश्व सुधारको लक्ष्य तथा सबै तहका सरकारहरुको वार्षिक बजेटको वृद्धि दरका आधारमा योजना अवधिमा कूल रु ५ अर्व ७० करोड ६९ लाख लगानीयोग्य आय हुने प्रक्षेपण गरिएको छ। सो मध्ये गाउँपालिकाको आन्तरिक श्रोत को हिस्सा रु. ८ करोड ७० लाख (५% भन्दा तल) छ। सार्वजनिक खर्चका लागि गाउँपालिकाको सञ्चित कोषवाट कूल रु. ५ अर्व  ५६ करोड र गाउँपालिकाको बजेट संरचना बाहिर प्रत्यायोजित कार्यक्रम अन्तर्गत रु. ७१ करोड  १५ लाख परिचालन हुने अनुमान छ। विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

| बजेटका श्रोतहरु | वार्षिक प्रक्षेपण (रु. हजारमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ को यथार्थ | ०७७/७८ चालु वर्ष | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा |
| **आन्तरिक आय रकम (स्थानीय तहको कर तथा गैर कर रकमहरु)** | **१३३२१९** | **१००००** | **११५००** | **१५०००** | **१७५००** | **२००००** | **२३०००** | **८७०००** |
| **सङ्घीय सरकार** | **४२०५७२** | **५८६६७१** | **६५७०७२** | **७३५९२०** | **८२४२३२** | **९२३१३८** | **१०३३९१५** | **४७३२१७५** |
| राजस्व बाँडफाँट | ७७७६० | ९२७२४ | १०३८५१ | ११६३१३ | १३०२७१ | १४५९०३ | १६३४११ | ६५९७४९ |
| वित्तीय समानीकरण | १३७६०० | १३६९०० | १५३३२८ | १७१७२७ | १९२३३५ | २१५४१५ | २४१२६५ | ९७४०७० |
| सशर्त सशर्तअनुदान | २०४८५१ | ३५३०४७ | ३९५४१३ | ४४२८६२ | ४९६००६ | ५५५५२६ | ६२२१८९ | ३०६९८९४ |
| विशेष अनुदान | ३६१ | | ० | ० | ० | ० | | ० |
| समपुरक अनुदान | | ४००० | ४४८० | ५०१८ | ५६२० | ६२९४ | ७०४९ | २८४६१ |
| **प्रदेश सरकार** | **११६४६१** | **१८५५१८** | **२०७७८०** | **२३२७१४** | **२६०६४०** | **२९१९१६** | **३२६९४६** | **१३१९९९६** |
| वित्तीय समानीकरण | ४७६७ | ५६६८ | ६३४८ | ७११० | ७९६३ | ८९१९ | ९९८९ | ४०३२९ |
| सशर्त अनुदान | ९००० | १९८५० | २२२३२ | २४९०० | २७८८८ | ३१२३४ | ३४९८२ | १४१२३६ |
| विशेष अनुदान | १२६९४ | ६०००० | ६७२०० | ७५२६४ | ८४२९६ | ९४४११ | १०५७४० | ४२६९११ |
| समपुरक अनुदान | ० | | ० | ० | ० | ० | | ० |
| सङ्घीय / प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अन्तर्गत प्राप्त हुने कार्यक्रम बजेट | ९०००० | १००००० | ११२००० | १२५४४० | १४०४९३ | १५७३५२ | १७६२३४ | ७११५१९ |
| **सरकारी क्षेत्र जम्मा** | **६७०२५२** | **७८२१८९** | **८७६०५२** | **९८११७८** | **१०९८९१९** | **१२३०७९०** | **१३७८४८५** | **५५६५४२४** |
| गैससबाट सञ्चालित कार्यक्रमबाट लगानी रकम | | ३००० | ३००० | ४००० | ५००० | १०००० | १५००० | ३७००० |
| सहकारी, निजी क्षेत्रको लगानी | | | १०००० | १२००० | २०००० | २५००० | ३७५०० | १०४५०० |
| **गैर-सरकारी क्षेत्र जम्मा** | | ३००० | १३००० | १६००० | २५००० | ३५००० | ५२५०० | १४१५०० |
| **लगानी योग्य कुल अनुमानित रकम** | **६७०२५२** | **७८५१८९** | **८८९०५२** | **९९७१७८** | **११२३९१९** | **१२६५७९०** | **१४३०९८५** | **५७०६९२४** |

### ९.१.२ खर्चको क्षेत्रगत बाँडफाँट

खर्चको क्षेत्रगत बाँडफाँटका लागि विगतका आर्थिक वर्षको विषयगत क्षेत्रमा भएको व्ययको प्रवृत्ति र चालु आव ०७७।७८ को विषयगतक्षेत्र विनियोजनलाई आधार मानिएको छ । आवधिक योजनाले प्राथमिकतामा राखेका क्षेत्रलाई लगानी प्राथमिकतामा राखी लगानीको विषयक्षेत्रगत सीमा प्रतिशत निर्धारण गरिएको छ ।

गाउँपालिकाको प्राथमिक क्षेत्रमा लगानी गरिनुपर्ने नीति अनुरुप आर्थिक वर्ष २०७८/ ७९ देखि आ. व. २०८२/ ८३ सम्म विषयक्षेत्रगत बजेट बाँडफाँटको अनुपात आर्थिक विकास क्षेत्रमा ४० %, सामाजिक विकास क्षेत्रमा २५ %, पूर्वाधार विकास क्षेत्रमा २० %, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा १० %, र संस्थागत विकास तथा सुशासन क्षेत्रमा ५ % हुने गरी गरिएको छ ।

### ९.१.३ चालु र पूँजीगत खर्च सीमा

कुल खर्चमा चालु खर्चको वर्तमान अनुपात ६० प्रतिशत र पूँजीगत खर्च ४० प्रतिशतको हाराहारीमा छ । चालुखर्चलाई क्रमशः कमगर्दै लैजाने नीति अनुरुप आवधिक योजना अवधिका लागि यो सीमा ५०।५० को प्रतिशतमा राखिने गरी निर्धारण गरिएको छ । आवधिक योजना अवधिमा हुने कूल लगानी रु. ५ अर्व ७० करोड ६९ लाख मध्ये सरकारी क्षेत्रको कुल लगानीयोग्य आय ५ अर्व ५६ करोडमा चालु पूँजी प्रक्षेपण रु २ अर्व ७८ करोड र पूँजीगत खर्च प्रक्षेपण २ अर्व ७८ करोडको रहेको छ । चालुखर्चमा शिक्षक तथा कर्मचारीको तलबको हिस्सा उच्च रहेको छ । जसका कारण पूँजीगत खर्चको अनुपात कम हुन गएको छ ।

## ९.२ आवधिक योजनाको वार्षिक लक्ष्य र बजेट अनुमान

विभिन्न परिच्छेदमा गरिएको विश्लेषणका आधारमा आवधिक योजनाको वार्षिक बजेट अनुमान र आवधिक योजना अवधिभरका लागि प्रस्तावित विषयक्षेत्रगत योजना तथा वार्षिक पूँजीगत खर्च उपपरिच्छेद ९.२.१ देखि ९.२.५ सम्म (मेट्रिक्स तालिकामा) राखिएको छ ।

**संक्षिप्त बजेट अनुमान (रू हजारमा)**

| क्षेत्र/आयोजना | कूल | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|
| कूल अनुमानित रकम | २९५७५०० | ५४५४२० | ५८५५९५ | ५६४४९५ | ६०७९९५ | ६५३९९५ |
| **आर्थिक विकास** | **११४४५००** | **२३७४००** | **२१५९००** | **२४३४००** | **२१५९००** | **२३१९००** |
| कृषि विकास | ५४५५०० | १२०५०० | ९०००० | १२०००० | १००००० | ११५००० |
| सिँचाइ विकास | ११०००० | २२००० | २२००० | २२००० | २२००० | २२००० |
| पशुपन्छी विकास | २८७५०० | ५६५०० | ६१५०० | ५६५०० | ५६००० | ५७००० |
| घरेलु तथा साना उद्योग | १२५५०० | २५५०० | २५००० | २५००० | २५००० | २५००० |

| क्षेत्र/आयोजना | कूल | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|
| पर्यटन विकास | ३९००० | ५५०० | १०००० | १२५०० | ५५०० | ५५०० |
| बैंकिङ सेवा बिस्तार तथा सहकारी विकास | १४००० | २८०० | २८०० | २८०० | २८०० | २८०० |
| उद्यमशिलता र रोजगारी प्रवर्द्धन | २३००० | ४६०० | ४६०० | ४६०० | ४६०० | ४६०० |
| **सामाजिक विकास** | **९५३७००** | **१६८९००** | **२१९७००** | **१८०७००** | **२०१७००** | **१८२७००** |
| शिक्षा | ३०२००० | ५८४०० | ६८४०० | ६८४०० | ५८४०० | ४८४०० |
| स्वास्थ्य तथा पोषण | १७४००० | ३०६०० | ४३६०० | ३६६०० | ३१६०० | ३१६०० |
| महिला तथा बालबालिका | ५०००० | ८००० | १३००० | ८००० | १३००० | ८००० |
| जेष्ठ नागरिक | १०००० | १२०० | ३२०० | १२०० | ३२०० | १२०० |
| दलित, उत्पीडित, वर्ग उत्थान | १८२०० | ३८०० | ३६०० | ३६०० | ३६०० | ३६०० |
| आदिवासी जनजाति विकास | २१००० | ३२०० | ३२०० | ६२०० | ५२०० | ३२०० |
| बाल अधिकार तथा बाल संरक्षण | १३५०० | २७०० | २७०० | २७०० | २७०० | २७०० |
| युवा तथा खेलकुद | २१९५०० | ३३९०० | ५३९०० | २३९०० | ५३९०० | ५३९०० |
| अपांगता भएका व्यक्ति विकास कार्यक्रम | १२००० | २४०० | २४०० | २४०० | २४०० | २४०० |
| खानेपानी तथा सरसफाई | १२२५०० | २२५०० | २३५०० | २५५०० | २५५०० | २५५०० |
| सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन | ११००० | २२०० | २२०० | २२०० | २२०० | २२०० |
| **भौतिक पूर्वाधार विकास** | **५७४३००** | **७२०००** | **८२१५०** | **९०५५०** | **१३६५५०** | **१९३०५०** |
| सडक तथा यातायात क्षेत्र | ४८६६०० | ५०००० | ६१३५० | ७४२५० | १२०२५० | १८०७५० |
| सञ्चार तथा सुचना प्रविधि पुर्वाधार | १४७०० | १४०० | १२०० | ७०० | ५७०० | ५७०० |
| विद्युत तथा उर्जा | ५००० | १६०० | १६०० | ६०० | ६०० | ६०० |
| भवन तथा बस्ती विकास | ६८००० | १९००० | १८००० | १५००० | १०००० | ६००० |
| **वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन** | **२०२०००** | **४९६००** | **५३६००** | **३३६००** | **३७६००** | **२७६००** |
| वन विकास तथा वातावरण संरक्षण | ५४००० | २९८०० | ६०५० | ६०५० | ६०५० | ६०५० |
| विपद् व्यवस्थापन | १४८००० | १९८०० | ४७५५० | २७५५० | ३१५५० | २१५५० |
| **संस्थागत विकास तथा सुशासन** | **८३०००** | **१७५२०** | **१४२४५** | **१६२४५** | **१६२४५** | **१८७४५** |
| संस्थागत सुशासन तथा क्षमता विकास | ८१५०० | १६९०० | १४०२५ | १६०२५ | १६०२५ | १८५२५ |
| सामुदायिक साझेदारी तथा गैरसरकारी संस्थाहरु | १५०० | ६२० | २२० | २२० | २२० | २२० |

## ९.२.१ आर्थिक विकास क्षेत्र (रू हजारमा)

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कुल जम्मा | ११४४५०० | २३७४०० | २१५९०० | २४३४०० | २१५९०० | २३१९०० |
| | | | | | | कृषि विकास | ५४५५०० | १२०५०० | ९०००० | १२०००० | १००००० | ११५००० |
| आन्तरिक आय रकम | कृषि क्षेत्रको उत्पादन तथा व्यावसायिकतामा वृद्धिअभिवृद्धि भएको हुनेछ । | भू उपयोग नीति तथा योजना तर्जुमा | नयाँ | संख्या | १ | पालिका | ५०० | ५०० | ० | ० | ० | ० |
| सङ्घीय सरकार | | कृषि बजार पहुँच कार्यक्रम | नयाँ | - | - | सबै वडा | ७०००० | १०००० | १०००० | १०००० | २०००० | २०००० |
| सङ्घीय सरकार | | ब्यावसायिक कृषिको लागि अनुदान तथा छुट (सहुलियत पूर्ण ऋण,कृषि औजार खरिदमा, मल, खाद) | नयाँ | - | - | सबै वडा | २२५००० | ४५००० | ४५००० | ४५००० | ४५००० | ४५००० |
| सङ्घीय सरकार | | विशेष कृषि यान्त्रिकरण कार्यक्रम | नयाँ | - | - | सबै वडा | १५०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० |
| सङ्घीय सरकार | | कृषि उपज भण्डारण/चिस्यान केन्द्र | नयाँ | संख्या | ५ | पालिका | ७५००० | ३०००० | ० | ३०००० | ० | १५००० |
| सङ्घीय सरकार | | कृषिमा आधारित घरेलु तथा साना उद्योग प्रोत्साहन | नयाँ | संख्या | १२५ | सबै वडा | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| | | | | | | सिँचाइ विकास | ११०००० | २२००० | २२००० | २२००० | २२००० | २२००० |
| सङ्घीय सरकार | नियमित सञ्चालन हुने सिँचाइ प्रणालीको विकास हुनेछ । | कृषि विद्युतीकरण कार्यक्रम | क्रमागत | संख्या | १०० | सबै वडा | ९०००० | १८००० | १८००० | १८००० | १८००० | १८००० |
| प्रदेश सरकार | | पुराना सिँचाइ मर्मत सम्भार कार्यक्रम | क्रमागत | - | - | सबै वडा | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| | | | | | | पशुपन्छी विकास | २८७५०० | ५६५०० | ६१५०० | ५६५०० | ५६००० | ५७००० |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | पशुपन्छीजन्य उत्पादनको गुणस्तर तथा परिमाणमा वृद्धि भएको हुनेछ । | पशु प्रजनन तथा पशु आहार प्रवर्द्धन कार्यक्रम | नयाँ | संख्या | - | सबै वडा | २५००० | ५००० | १०००० | ५००० | २५०० | २५०० |
| प्रदेश सरकार | | पशुपन्छी स्वास्थ्य तथा बीमा कार्यक्रम | नयाँ | संख्या | - | सबै वडा | १७५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० |
| प्रदेश सरकार | | दुध व्यवसाय प्रवर्द्धन तथा प्रसोधन अनुदान कार्यक्रम | नयाँ | संख्या | - | सबै वडा | ७५००० | १५००० | १५००० | १५००० | १५००० | १५००० |
| सङ्घीय सरकार | | ब्यवसायिक पशुपन्छीपालन कार्यक्रम | नयाँ | संख्या | - | सबै वडा | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| सङ्घीय सरकार | | व्यावसायिक मत्स्य विकास कार्यक्रम | नयाँ | संख्या | - | सबै वडा | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| सङ्घीय सरकार | | मासु पसल सुधार तथा बधशाला स्थापना | नयाँ | संख्या | - | सबै वडा | २५००० | ४००० | ४००० | ४००० | ६००० | ७००० |
| सङ्घीय सरकार | | कृषि सहकारी प्रवर्द्धन कार्यक्रम | नयाँ | संख्या | - | सबै वडा | ४५००० | ९००० | ९००० | ९००० | ९००० | ९००० |
| **घरेलु तथा साना उद्योग** | | | | | | | **१२५५००** | **२५५००** | **२५०००** | **२५०००** | **२५०००** | **२५०००** |
| आन्तरिक आय रकम | उद्योग तथा व्यवसायको अभिवृद्धि भएको हुनेछ । | उद्योगको सम्भाव्यता अध्ययन | नयाँ | संख्या | १ | पालिका | ५०० | ५०० | ० | ० | ० | ० |
| सङ्घीय सरकार | | कृषि र पशुपंक्षी प्रशोधन उद्योग स्थापना र सञ्चालन (केरा, उखु, बेसार, अदुवा, आलु तथा अन्य) | नयाँ | संख्या | ६ | सबै वडा | १००००० | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| सङ्घीय सरकार | | उद्यमशीलता विकास कार्यक्रम | नयाँ | संख्या | १५०० | सबै वडा | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| **पर्यटन विकास** | | | | | | | **३९०००** | **५५००** | **१००००** | **१२५००** | **५५००** | **५५००** |
| आन्तरिक आय रकम | पर्यटकीय क्षेत्रको प्रवर्द्धन | बाहुनगढी मन्दिर प्रवर्द्धन कार्यक्रम | नयाँ | संख्या | १ | वडा नं. १ | ४५०० | ० | ४५०० | ० | ० | ० |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक आय रकम | र पर्यटन व्यवसायमा गुणात्मक सुधार भएको हुनेछ । | प्रतापपुर महोत्सव, मेला | नयाँ | संख्या | ५ | वडा नं. ९ | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| प्रदेश सरकार | | चोरनिया नदी संरक्षण तथा सुन्दरीकरण | नयाँ | संख्या | १ | वडा नं. ८ | ७००० | ० | ० | ७००० | ० | ० |
| सङ्घीय सरकार | | थारु संस्कृति झल्किने होम स्टे सञ्चालन | नयाँ | संख्या | ५० | सबै वडा | २५००० | ५००० | ५००० | ५००० | ५००० | ५००० |
| **बैंकिक सेवा बिस्तार तथा सहकारी विकास** | | | | | | | **१४०००** | **२८००** | **२८००** | **२८००** | **२८००** | **२८००** |
| आन्तरिक आय रकम | वित्तीय सेवामा सबैको सहज पहूँच स्थापित भएको हुनेछ । | वित्तीय सेवा प्रवर्द्धन कार्यक्रम | नयाँ | संख्या | ४० | सबै वडा | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| आन्तरिक आय रकम | | महिला बचत तथा सहकारी प्रवर्द्धन कार्यक्रम | नयाँ | संख्या | ३ | सबै वडा | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| प्रदेश सरकार | | सहकारी क्षमता विकास कार्यक्रम | नयाँ | संख्या | २६ | सबै वडा | ६५०० | १३०० | १३०० | १३०० | १३०० | १३०० |
| प्रदेश सरकार | | बैंकिङ साक्षरता कार्यक्रम | नयाँ | संख्या | ५००० | सबै वडा | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| **उद्यमशिलाता र रोजगारी प्रवर्द्धन** | | | | | | | **२३०००** | **४६००** | **४६००** | **४६००** | **४६००** | **४६००** |
| सङ्घीय सरकार | सीप विकासको माध्यमबाट उद्यमशीलता अभिवृद्धि हुनेछ | व्यावसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम | नयाँ | संख्या | ५०० | सबै वडा | ७५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| सङ्घीय सरकार | | SYIB कार्यक्रम | नयाँ | संख्या | १००० | सबै वडा | ८००० | १६०० | १६०० | १६०० | १६०० | १६०० |
| सङ्घीय सरकार | | परम्परागत पेशा तथा सिप विकास कार्यक्रम | नयाँ | संख्या | २०० | सबै वडा | ६००० | १२०० | १२०० | १२०० | १२०० | १२०० |
| आन्तरिक आय रकम | | लोक सेवा तयारी कक्षा सञ्चालन कार्यक्रम | नयाँ | संख्या | ३०० | सबै वडा | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० |

## ९.२.२ सामाजिक विकास क्षेत्र (रू हजारमा)

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कुल जम्मा | ९५३७०० | १६८९०० | २१९७०० | १८०७०० | २०१७०० | १८२७०० |
| | | | | | | शिक्षा | ३०२००० | ५८४०० | ६८४०० | ६८४०० | ५८४०० | ४८४०० |
| सङ्घीय सरकार | विद्यालय शिक्षाको गुणस्तर र पहुँचमा वृद्धि भएको हुनेछ । | विद्यालय क्षेत्र सुधार कार्यक्रम | क्रमागत | संख्या | २६ | सबै विद्यालय | ७०००० | १४००० | १४००० | १४००० | १४००० | १४००० |
| सङ्घीय सरकार | | प्राविधिक शिक्षालय (कृषि, भेटेनेरी र कम्प्युटर ) | क्रमागत | संख्या | १ | पालिका | ६०००० | १०००० | २०००० | २०००० | १०००० | ० |
| सङ्घीय सरकार | | नमूना विद्यालय निर्माण कार्यक्रम | नयाँ | संख्या | ५ | पालिका | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० |
| सङ्घीय सरकार | | विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम | क्रमागत | संख्या | २६ | सबै विद्यालय | ५०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| सङ्घीय सरकार | | सूचना प्रविधियुक्त कक्षा व्यवस्थापन कार्यक्रम /कम्प्युटर ल्याब | नयाँ | संख्या | २६ | सबै विद्यालय | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| आन्तरिक आय रकम | | उत्कृष्ट शिक्षक विद्यार्थी सम्मान कार्यक्रम | नयाँ | संख्या | २६ | सबै विद्यालय | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| सङ्घीय सरकार | | विद्यालय तथा सामुदायिक पुस्तकालय कार्यक्रम | क्रमागत | संख्या | २६ | सबै विद्यालय | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| सङ्घीय सरकार | | विज्ञान प्रयोगशाला बिस्तार कार्यक्रम | क्रमागत | संख्या | ६ | पालिका | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| सङ्घीय | | शिक्षक प्रविधि मैत्री | क्रमागत | संख्या | २६ | सबै विद्यालय | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरकार | | तालिम / अवलोकन भ्रमण | | | | | | | | | | |
| सङ्घीय सरकार | | विद्यालय अतिरिक्त क्रियाकलाप / प्रतियोगिता | क्रमागत | संख्या | २६ | सबै विद्यालय | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| सङ्घीय सरकार | | शैक्षिक सामग्री | नयाँ | संख्या | २६ | सबै विद्यालय | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० |
| आन्तरिक आय रकम | | निःशुल्क स्यानीटरी प्याडको व्यवस्था | नयाँ | संख्या | २६ | सबै विद्यालय | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| | | | | | | **स्वास्थ्य तथा पोषण** | **१७४०००** | **३०६००** | **४३६००** | **३६६००** | **३१६००** | **३१६००** |
| सङ्घीय सरकार | गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच बिस्तार भएको हुनेछ । | सर्पदंश उपचार केन्द्र स्थापना कार्यक्रम | नयाँ | संख्या | १ | जगनाथपुर | १०००० | ० | १०००० | ० | ० | ० |
| सङ्घीय सरकार | | सुरक्षित मातृत्व कार्यक्रम | क्रमागत | - | - | सबै वडा | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| सङ्घीय सरकार | | जनचेतनामूलक कार्यक्रम | नयाँ | - | - | सबै वडा | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| सङ्घीय सरकार | | महामारी तथा सरुवा रोग विरुद्ध अभियान सञ्चालन | नयाँ | - | - | सबै वडा | ३०००० | ६००० | ६००० | ६००० | ६००० | ६००० |
| सङ्घीय सरकार | | प्रजनन स्वास्थ्य कार्यक्रम | क्रमागत | - | - | सबै वडा | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| सङ्घीय सरकार | | नियमित घुम्ती स्वास्थ्य सेवा | क्रमागत | संख्या | १० | सबै वडा | १५००० | ३००० | ३००० | ३००० | ३००० | ३००० |
| सङ्घीय सरकार | | प्रसुति सेवा बिस्तार तथा स्तरउन्नति | क्रमागत | संख्या | ६ | पालिका | ३०००० | ५००० | ५००० | ८००० | ६००० | ६००० |
| सङ्घीय सरकार | | एम्बुलेन्स सेवा थप | क्रमागत | संख्या | २ | पालिका | ६००० | ० | ३००० | ३००० | ० | ० |
| सङ्घीय | | स्वास्थ्य बीमा | क्रमागत | संख्या | ४००० | सबै वडा | ६००० | १२०० | १२०० | १२०० | १२०० | १२०० |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरकार | | कार्यक्रम | | | | | | | | | | |
| सङ्घीय सरकार | | प्राण घातक रोग उपचार मा सहियोग (क्यान्सर, दुवै मिर्गौला फेल आदि ) | क्रमागत | संख्या | २५० | सबै वडा | २०००० | ४००० | ४००० | ४००० | ४००० | ४००० |
| आन्तरिक आय रकम | | स्वास्थ्य सामग्री औजार निर्माण | नयाँ | - | - | सबै वडा | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| सङ्घीय सरकार | | बहुपोषण कार्यक्रम | क्रमागत | - | - | सबै वडा | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| | | | | | | **महिला तथा बालबालिका** | **५००००** | **८०००** | **१३०००** | **८०००** | **१३०००** | **८०००** |
| प्रदेश सरकार | महिला अधिकारको संरक्षण गर्दै सामाजिक तथा आर्थिक अवसर वृद्धि गर्ने | बालविकास केन्द्रको स्तर उन्नति कार्यक्रम | नयाँ | संख्या | ९ | सबै वडा | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| सङ्घीय सरकार | | बालबालिका खोप तथा कुपोषण विरूद्धको कार्यक्रम | क्रमागत | - | - | सबै वडा | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| सङ्घीय सरकार | | बाल उद्यान कार्यक्रम | नया | संख्या | २ | सबै वडा | १०००० | ० | ५००० | ० | ५००० | ० |
| सङ्घीय सरकार | | विद्यालय विमूख किशोरीको लागि सिप विकास कार्यक्रम | क्रमागत | संख्या | ६०० | सबै वडा | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| सङ्घीय सरकार | | लैङ्गिक हिंसा विरूद्ध जनचेतना कार्यक्रम | क्रमागत | संख्या | १० | सबै वडा | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| सङ्घीय सरकार | | सम्पतिमा महिलाको प्रवर्द्धन कार्यक्रम | क्रमागत | संख्या | ५०० | सबै वडा | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| सङ्घीय सरकार | | महिला रोजगार प्रवर्द्धन कार्यक्रम | क्रमागत | संख्या | ५५८३ | सबै वडा | १२००० | २४०० | २४०० | २४०० | २४०० | २४०० |
| | | | | | | **जेष्ठ नागरिक** | **१००००** | **१२००** | **३२००** | **१२००** | **३२००** | **१२००** |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक आय रकम | जेष्ठ नागरिकको आधारभूत आवश्यकता पुरा भइ सामाजिक सुरक्षा कायम भएको हुनेछ | जेष्ठ नागरिक मिलन तथा मनोरञ्जन केन्द्र स्थापना कार्यक्रम | नयाँ | संख्या | ४ | वडा नं. ४ | ४००० | ० | २००० | ० | २००० | ० |
| आन्तरिक आय रकम | | जेष्ठ नागरिकको लागि स्वास्थ्य तथा सार्वजनिक सेवामा सहज पहुँच कार्यक्रम | क्रमागत | - | - | सबै वडा | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| सङ्घीय सरकार | | जेष्ठ नागरिक घुम्ती स्वास्थ्य सेवा | क्रमागत | संख्या | १० | सबै वडा | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| | | | | | | **दलित, उत्पीडित, वर्ग उत्थान** | **१८२००** | **३८००** | **३६००** | **३६००** | **३६००** | **३६००** |
| सङ्घीय सरकार | दलित. उत्पीडित तथा लक्षित वर्गको क्षमता, आत्मविश्वास तथा अवसरमा वृद्धि भएको हुनेछ । | दलित, उत्पीडित वर्ग समूह सहभागिता तथा नेतृत्व विकास कार्यक्रम | क्रमागत | - | - | सबै वडा | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| सङ्घीय सरकार | | दलित, उत्पीडित क्षमता अभिवृद्धि तथा उत्थान स्वरोजगार कार्यक्रम | क्रमागत | संख्या | ५०० | सबै वडा | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| आन्तरिक आय रकम | | दलित भेदभाव, शोषण, दुर्व्यवहार र हिंसा विरूद्ध जनचेतना अभिवृद्धि कार्यक्रम | क्रमागत | - | - | सबै वडा | १००० | २०० | २०० | २०० | २०० | २०० |
| आन्तरिक आय रकम | | सामूदायलाई सामुहिक भाँडाकुडा | नयाँ | - | - | सबै वडा | २०० | २०० | ० | ० | ० | ० |
| प्रदेश सरकार | | दलित विद्यार्थी टिकाउ अभियान | क्रमागत | प्रतिशत | ९० | सबै वडा | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| | | | | | | **आदिवासी जनजाति विकास** | **२१०००** | **३२००** | **३२००** | **६२००** | **५२००** | **३२००** |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्घीय सरकार | आदिवासी जनजातिको संस्कृति संरक्षण र क्षमता अभिवृद्धि गरिनेछ | आदिवासी जनजाति उत्थान कार्यक्रम | क्रमागत | संख्या | ५ | सबै वडा | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| सङ्घीय सरकार | | आदिवासी संस्कृति जगेर्ना तथा प्रवर्द्धन कार्यक्रम | नयाँ | संख्या | ५ | सबै वडा | १०००० | १००० | १००० | ४००० | ३००० | १००० |
| सङ्घीय सरकार | | आदिवासी जनजाति सीप विकास कार्यक्रम | नयाँ | संख्या | ६०० | सबै वडा | ६००० | १२०० | १२०० | १२०० | १२०० | १२०० |
| **बाल अधिकार तथा बाल संरक्षण** | | | | | | | **१३५००** | **२७००** | **२७००** | **२७००** | **२७००** | **२७००** |
| आन्तरिक आय रकम | बाल अधिकारको संरक्षण गर्दै हरेक क्षेत्रमा बालबालिकाको सहभागिता बढ्नेछ | बाल अधिकार चेतना समुह गठन तथा वकालत कार्यक्रम | क्रमागत | संख्या | १५ | सबै वडा | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| सङ्घीय सरकार | | बाल मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | नयाँ | संख्या | ५ | सबै वडा | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| प्रदेश सरकार | | बाल श्रम तथा बाल बिबाह विरूद्धको कार्यक्रम | नयाँ | संख्या | ५ | पालिका | ५०० | १०० | १०० | १०० | १०० | १०० |
| आन्तरिक आय रकम | | बालबालिका ओलम्पिक कार्यक्रम | नयाँ | संख्या | ५ | पालिका | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| **युवा तथा खेलकुद** | | | | | | | **२१९५००** | **३३९००** | **५३९००** | **२३९००** | **५३९००** | **५३९००** |
| आन्तरिक आय रकम | खेलकुद, व्यवसाय तथा सामाजिक क्षेत्रमा युवा सहभागिता वृद्धि भएको हुनेछ । | युवा क्लब गठन तथा सञ्चालन | क्रमागत | संख्या | ९ | सबै वडा | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| सङ्घीय सरकार | | खेल पूर्वाधार निर्माण (खेल मैदान स्तर उन्नति, रंगशाला, कभर्ड हल | नयाँ | संख्या | २ | वडा नं. ८ | २००००० | ३०००० | ५०००० | २०००० | ५०००० | ५०००० |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्घीय सरकार | | स्व. राजकुमार स्मृति कप खेलकुद प्रतियोगिता सञ्चालन | नयाँ | संख्या | ५ | पालिका | ७५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| सङ्घीय सरकार | | खेलाडी प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम | नयाँ | संख्या | ५ | सबै वडा | १०००० | २००० | २००० | २००० | २००० | २००० |
| **अपांगता भएका व्यक्ति विकास कार्यक्रम** | | | | | | | **१२०००** | **२४००** | **२४००** | **२४००** | **२४००** | **२४००** |
| आन्तरिक आय रकम | अपांगता अधिकार सुनिश्चित गर्दै आत्मनिर्भर बनाइनेछ | अपांगतामैत्री वातावरण विकास कार्यक्रम | नयाँ | संख्या | ५ | सबै वडा | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| सङ्घीय सरकार | | अपांगता सीप विकास तथा आर्थिक उत्थान कार्यक्रम | नयाँ | संख्या | ५ | सबै वडा | ८००० | १६०० | १६०० | १६०० | १६०० | १६०० |
| **खानेपानी तथा सरसफाई** | | | | | | | **१२२५००** | **२२५००** | **२३५००** | **२५५००** | **२५५००** | **२५५००** |
| सङ्घीय सरकार | नियमित तथा सुरक्षित खानेपानी प्रणाली को विकास तथा फोहरमैला तथा सरसफाई को उचित व्यवस्थापन गर्ने | सरसफाई जनचेतना अभिवृद्धि कार्यक्रम | नयाँ | संख्या | ४५ | सबै वडा | १००० | २०० | २०० | २०० | २०० | २०० |
| सङ्घीय सरकार | | फोहरमैला संकलन तथा व्यवस्थापन | नयाँ | - | - | सबै वडा | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| प्रदेश सरकार | | चर्पी निर्माण | क्रमागत | संख्या | १३१७ | सबै वडा | २०००० | २००० | ३००० | ५००० | ५००० | ५००० |
| आन्तरिक आय रकम | | पूर्ण सरसफाई कार्यक्रम | नयाँ | संख्या | १० | सबै वडा | २५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| प्रदेश सरकार | | खानेपानी आयोजना | क्रमागत | संख्या | १० | सबै वडा | ९५००० | १९००० | १९००० | १९००० | १९००० | १९००० |
| **सांस्कृतिक, धार्मिक सम्पदा संरक्षण तथा प्रवर्द्धन** | | | | | | | **११०००** | **२२००** | **२२००** | **२२००** | **२२००** | **२२००** |
| सङ्घीय सरकार | स्थानीय कला संस्कृतिको संरक्षण तथा संवर्द्धन भएको हुनेछ । | स्थानीय बाजा, कला, साहित्य, भाषा, संस्कृति संरक्षण तथा प्रवर्द्धन | नयाँ | संख्या | १० | सबै वडा | ५००० | १००० | १००० | १००० | १००० | १००० |
| सङ्घीय | | धार्मिक मठ मन्दिरको | नयाँ | संख्या | १० | सबै वडा | ४००० | ८०० | ८०० | ८०० | ८०० | ८०० |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सरकार | | संरक्षण | | | | | | | | | | |
| आन्तरिक आय रकम | | वार्षिक साहित्यिक प्रतियोगिता कार्यक्रम | नयाँ | संख्या | ५ | सबै वडा | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० |

## ९.२.३ पूर्वाधार विकास (रू हजारमा)

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/ ७९ | ०७९/ ८० | ०८०/ ८१ | ०८१/ ८२ | ०८२/ ८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कुल जम्मा | ५७४३०० | ७२००० | ८२१५० | ९०५५० | १३६५५० | १९३०५० |
| | | | | | | सडक तथा यातायात क्षेत्र | ४८६६०० | ५०००० | ६१३५० | ७४२५० | १२०२५० | १८०७५० |
| सङ्घीय सरकार | गुणस्तरीय सडकको माध्यमबाट सार्वजनिक सेवामा सबैको पहूँच बिस्तार गरिनेछ। | चक्रपथ निर्माण * | नयाँ | कि.मि. | २५ | वडा न. १,२,३,४,५,६,८,९ | २५०००० | ९०००० | ९०००० | ५०००० | १०००० | १०००० |
| सङ्घीय सरकार | | चक्रपथ निर्माण | नयाँ | कि.मि. | २० | वडा न. १,२,३,४,५,६,८,९ | २००००० | ० | ० | ० | ७०००० | १३०००० |
| प्रदेश सरकार | | सडक कालोपत्रे कार्यक्रम | नयाँ | कि.मि. | ४ | वडा न. ३ (सोमनी - कुटी चोक - नन्दपुर ) | २४००० | ० | ० | २४००० | ० | ० |
| आन्तरिक आय रकम | | सडक कालोपत्रे कार्यक्रम | नयाँ | कि.मि. | ०.६ | वडा न. ७ (जगन्नाथपुरर — ठाकुरपुर — दर्खासी ) | ३६०० | ० | ३६०० | ० | ० | ० |

| बजेटका श्रोतहरु | नतिजा क्षेत्र | योजना प्रस्ताव | नयाँ/ क्रमागत | एकाइ | परिमाण | वडा नं. /स्थल | बजेट अनुमान | ०७८/ ७९ | ०७९/ ८० | ०८०/ ८१ | ०८१/ ८२ | ०८२/ ८३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
